ISSN 2362-1109

# अग्निचक्र

Agnichakra National Monthly

राष्ट्रिय मासिक

www.agnichakranews.com



सद्गुरु गोरखनाथ बाबा

८५ औं यात्रा

विश्वकल्याणको महान् अभियानमा समर्पित

## डा. प्रेमराज न्यौपाने र उहाँको

# अविरल प्रयास



## शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ, त्यसैले–

- न्यानो कपडाको जोहो समयमै गरौं ।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकास गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**

वर्ष ९ अङ्क ५ पूर्णाङ्क ८५

By the Grace of God
*Edited & Published by L.N. Bhattarai*

**संरक्षक** : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# जनादेशको कदर गर

*निर्वाचन सम्पन्न भइसकेपछि नयाँ जनादेश अनुसार सत्ता सुम्पनु पर्नेमा देउवा विवादै गर्नु नपर्ने विषयमा नाटक मञ्चन गरेर सत्ता लम्ब्याउन खोजिरहेका छन् । नेपाली जनताले जनादेश दिइसकेका हुँदा त्यो जनादेशलाई कार्यान्वयन गर्न ढिला नगरि द्रुत गतिमा मार्ग प्रशस्त गरिदिएर चोखो हुनु पर्नेमा देउवामा सत्तालोलुपता झनै बढेर गयो । देउवा सरकारले विगत सम्झनै चाहेन । त्यतिबेला सर्वसम्मतिमा पेश गरेको विधेयकबाट पछाडि फर्केर एमालेहरूसंग छलफल नै नगरीकन हतार हतार अध्यादेश प्रस्तुत गर्नु उचित भएन ।*

*त्यो बेला संसदमा विधेयक पेश हुँदा राष्ट्रिय सभामा सामान्य बहुमतबाट अगाडि बढ्ने भनेर पेश गरिएको कुरालाई देउवाले अहिले आएर बुझ पचाएर बसेका छन् । मन्त्रीपरिषद्ले पास गरेको र संसदमा पेश भएको त्यो विधेयक निर्वाचन आयोगमा समेत छलफल भएको थियो । निर्वाचन आयोगमा समेत राष्ट्रिय सभा बहुमतबाट गर्ने भन्ने सहमति भएको कुरा देउवाले बिर्सिएछन् । सरकार आफैले संसदमा प्रस्तुत गरेको विधेयकलाई अहिले बिर्सिएर चुनावी परिणाम आइसकेपछि विधेयक परिवर्तन गर्न खोज्ने काम कानुनसम्मत अलि मिलेन कि नेताजी !*

*जनताको जनादेश करिब दुई तिहाइ आएपछि सरकार नसुम्पनु भनेको जनादेशको कदर नगर्नु नै हो । देउवालाई विधिको शासनमा ध्यान दिन अग्निचक्रको हार्दिक अनुरोध छ । जनादेशको कार्यान्वयन होस् र हुनुपर्छ । कामचलाउ सरकारको प्रधानमन्त्री भएर बसिरहने देउवाको यो कस्तो इच्छा ! वाम गठबन्धनले ढिलोचाडो न हो सरकार त बनाइ हाल्छ, अबको ५ वर्ष केपी-प्रचण्डहरूले निम्न कुरामा ध्यान दिनु जरूरी छ । नेपाल-भारत बीचको खुल्ला सिमानालाई व्यवस्थित गर्नुपर्दछ र नाकाबाट मात्र व्यापार ओहोर-दोहोर गर्नुपर्दछ । अनागरिकहरूलाई देश भित्र नुनदेखि सुनसम्मको कुनै पनि व्यापार गर्न दिनु हुँदैन । देशका हरेक राजकीय क्षेत्रमा भ्रष्टाचार, घुसखोरी र पहुँचका कारणले उत्पन्न विकृति-विसंगतिलाई निर्मूल पारी विधिको शासन स्थापित गर्नुपर्दछ । पानी, जडिबुटी, वन-जंगल लगायत मुलुकमा विद्यमान अन्य कच्चा पदार्थमा आधारित उद्योगधन्दालाई विशिष्ट प्राथमिकताका साथ विकसित गर्नुपर्दछ ।*

*शिक्षा-स्वास्थ्य-व्यापार-निर्माण-कृषि लगायत हरेक क्षेत्रमा जरा गाडेर झाँगिएको विभेदले उत्पन्न गरेको उत्पीडनलाई समाप्त गर्न विभेद विरूद्ध न्यायको स्थापना गर्नुपर्दछ र मुलुकको भू-विशिष्टतालाई मध्यनजर गरी विकास र निर्माणका विभिन्न योजना निर्माण र कार्यान्वयन गरिनु पर्दछ साथै चुनावताका जनतासंग गरेका बाचा पूरा गरी मुलुकलाई समृद्धि तर्फ उन्मुख गराउनु पर्दछ । यी कुरामा वामगठबन्धनको ध्यान जाओस्- नेपालवासी सबैको भलो होस् ।*

*जय नेपाल । जय गोरख ॥* ◆◆




## ॐ सत्‌गुरू वन्दना

गोरक्ष् बालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालघ्र कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।

## भावार्थः



प्राण-स्वरूप,
दुःख नाशक,
सुख स्वरूप
श्रेष्ठ, तेजस्वी,
पाप नाशक,
देवस्वरूप
परमात्मालाई हामी धारण गर्न सकौं र
धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई
सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।


## बानियाँज्यूको उच्च विचार !

२०७४ मङ्सिर महिनाको 'अग्निचक्र मासिक' मा प्रकाशित समसामयिक विश्लेषण 'नेपाल सम्वत् कि विक्रम सम्वत् ?' शिर्षकको माधव बानियाँज्यूले लेख्नु भएको आर्टिकल यथार्थपरक लाग्यो । नेपालकै जनताले प्रतिपादित यो नेपाल सम्वत् आज विक्रम सम्वत्ले स्थान ओगटेको स्थानमा रहनु पर्दथ्यो भनेर उहाँले उच्च विचार व्यक्त गर्नु भएको खुबै चित्त बुझ्यो । नेपाल सम्वत् नेवार सम्वत् मात्र होइन, यो कुनै एक जात विशेष र भाषा विशेषको मात्र होइन, नेपालको आफ्नो मौलिक सम्वत् हो । आहा ! कति राम्रो विचार ! नेपाल र नेपालीको सम्वत्का रूपमा नेपाल सम्वत्लाई नै पूर्ण मान्यता दिन राज्यले तुरून्तै उचित निर्णय लेओस्, ताकि नेपालीको आफ्नै सम्वत् नेपाल सम्वत् नै अब देखि पूर्णरूपमा कार्यान्वयनमा आओस्, यही हो आम नेपालीको चाहना पनि ।

**– विमलमान सिंह,** शंखमूल, काठमाडौं

## पागल र सम्पादक उस्तै

वर्ष ९, अङ्क ४, पूर्णाङ्क ८४, मङ्सिर २०७४ को अग्निचक्र राष्ट्रिय मासिकको पेज नं. १५, १६, १७, १८ र १९ मा प्रकाशित साहित्यकार उपेन्द्र पागलको अन्तर्वार्ता सरसर्ती सबै पढें । पागल ज्यूको जीवनीका सबै व्यक्तिगत विवरणहरूलाई एकमुष्ठ ढंगले प्रस्तुत गरिएको अन्तर्वार्ता आफैमा उत्कृष्ठ छ । अग्निचक्रले साहित्यकारहरूको जीवनीलाई यसरी नै प्रस्तुती दिइरहदा स्रष्टा पनि दंग पर्ने र सोधकर्ताहरूलाई पनि सम्बन्धित स्रष्टाको बारेमा केही खोजबीन गर्नुपर्दा यथार्थ विवरण प्राप्त हुने भएकाले यस्ता अन्तर्वार्ता नियमित प्रकाशित भइरहोस् भन्ने अनुरोध गर्दछु । तर यस अन्तर्वार्तामा राखिएको शिर्षक "दार्शनिक दृष्टिकोणले चाहिँ अत्यन्त उत्कृष्ठ छ जियालो महाकाव्य" देख्दा कति तारिफ गरेको होला भन्ने लागेर पढ्दै गएँ, तर अन्तिममा सोधिएको प्रश्नको जवाफ दिने क्रममा तितो जवाफ दिएर




पागलज्यूले एक हरफमा चाहिँ जियालोको तारिफ गर्नु भएको रहेछ नत्र पुरै कमेन्ट, यस हिसाबले भन्दा सम्पादकको खुबी चाहिँ मान्नै पर्दछ । जियालोको विरूद्ध अन्तर्वार्तामा बोलेको छ तर एक वाक्यमा चाहि राम्रो – उत्कृष्ठ छ भनेका कुरालाई नै शिर्षक बनाएको देख्दा स्रष्टा उपेन्द्र पागल र सम्पादक भट्टराई उस्तै उस्तै हुन् कि ! भन्ने लाग्यो, जे होस्– अग्निचक्रको आफ्नै स्टाइल देख्दा हाँस उठेर आयो ।

**– रामहरि काफ्ले,** नुवाकोट,
हाल : बालाजु

## जयन्तीको संवाद चाहियो !

मूलतः सत्ता राजनीतिमाथि केन्द्रित जङ्गबहादुर उपन्यासको विश्लेषण गर्नु हुने जयन्ती ओझाको विश्लेषण पढ्दा अग्निचक्र मासिकको मंसिर अंक एकदमै मन पर्‍यो । यी लेखक जयन्ती ओझाको समग्र अन्तर्वार्ता उपेन्द्र पागलको स्टाइलको अन्तर्वार्ताको रूपमा अग्निचक्रमा पढ्ने इच्छा भएकाले जयन्ती ओझाको अन्तर्वार्ता प्रकाशित गरिदिनु हुन सम्पादकज्यूलाई विनम्र अनुरोध गर्दछु ।

**– कमलदेव उपाध्याय,**
धादिङ, हालः डिल्लीबजार

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
**बबरमहल, काठमाडौं**
(फोन : ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**सामाजिक सुरक्षा कोष – एक जानकारी :** नेपालको संविधानले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक हुने कुराको सुनिश्चिता गरेको छ ।
"सामाजिक सुरक्षा जीवनको साहारा" भन्ने अवधारण अनुरूप लक्षित कार्यक्रम मार्फत वि.सं. २०५१ सालबाट राज्यले सामाजिक सहायताका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामाजिक सहायताका कार्यक्रमहरू विभिन्न १ दर्जन भन्दा बढी निकायबाट संचालन भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षाका लागि पनि सञ्चय कोष, कल्याणकारी कोष तथा सामाजिक सुरक्षा कोष लगायतका निकायहरू स्थापना गरिएको अवस्था छ ।
आर्थिक तथा सामाजिक रूपमा जोखिममा रहेका नागरिकहरूको मर्यादाको रक्षाको लागि सामाजिक सुरक्षाको अवधारणा विकसित भएको हो । सामाजिक सुरक्षा अर्न्तगतको सहायता कार्यक्रमले बेरोजगारी, आयआर्जनको कमि वृद्धावस्था वा द्वन्द्वका कारण जीवन निर्वाहमा कठिनाइ परेको अवस्थामा सहयोग प्रदान गर्ने कार्यलाई जनाउछ ।
हाल सरकारबाट प्रदान गरिदै आएका वृद्धा भत्ता, एकल महिला भत्ता, विधवा भत्ता वितरण जस्ता कार्य सामाजिक सहायताका कार्यक्रमहरू हुन भने सञ्चय कोष तथा कल्याणकारी कोषबाट प्रदान गरिने सेवाहरू योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम हुन् ।
सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा सम्बन्धी एकिकृत कानूनको मस्यौदा तयारी गरी श्रम तथा रोजगार मन्त्रालय मार्फत व्यवस्थापिक संसदमा पेश भएको अवस्था छ ।
उक्त कानुन पारित भएपछि सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षाका बीमा योजनाहरू क्रमशः लागू गर्ने र क्रमशः अन्य कार्यक्रमहरू एकीकृत गर्दै लगि सबै नागरिकलाई सामाजिक सुरक्षा सञ्जालमा आवद्ध गरी सर्वव्यापी सामाजिक सुरक्षा सञ्जालको स्थापना गर्ने लक्ष्यमा अगाडि बढिरहेको छ ।
यस कोष सामाजिक सुरक्षाको कार्यक्रम तयारीको चरणमा रहेको र यस कार्यमा सरकारी गैरसरकारी निकाय, निजी क्षेत्र, नागरिक समाजबाट सहयोग आशा गरिएको छ । धन्यवाद ।

## विम्ब विधाका स्रष्टा तथा महान् वैज्ञानिकको व्यक्तिगत विवरण



नाम : **डा. प्रेमराज न्यौपाने**
ठेगाना : कामनपा-१४
स्थायी : दुराडाँडा, लमजुङ
सम्पर्क : ०१-५१९५४३४, ९८४१३९८०६९

***शिक्षा***

स्नातक, स्नातकोत्तर तह व्यवस्थापन, त्रि.वि. नेपाल
स्नातक, स्नातकोत्तर तह इन्जिनियरिङ, संयुक्त अधिराज्य, बेलायत
विद्यावारिधि -"मनोवृत्ति र सिद्धि" संस्कृत विश्वविद्यालय, नेपाल

***स्थापित पुरस्कारहरू***

डिल्ली वसुन्धरा प्रज्ञा पुरस्कार - विद्यार्थीलाई दिईने
वसुन्धरा सेवा सम्मान - सेवा कार्यमा दिईने
डिल्ली प्रविधि सम्मान/पुरस्कार - प्रविधिलाई दिईने

***प्राप्त सम्मान/पुरस्कारहरू***

नेपाल विद्याभूषण 'क'
सुप्रबल गोर्खा दक्षिणबाहु तेस्रो
दीर्घ सेवा पदक
रजत पदक
वास्तुशिरोमणि अन्तर्राष्ट्रिय पुरस्कार

***कार्यअनुभव***

लामो सरकारी सेवा

***सामाजिक गतिविधि***


अध्यक्ष - डिल्ली प्रविधि विकास प्रतिष्ठान
अध्यक्ष - वसुन्धरा सेवा आश्रम
अध्यक्ष - न्यौपाने समाज, काठमाडौं
अध्यक्ष - सिद्धेश्वर महादेव मन्दिर
अध्यक्ष - पाञ्चायन मन्दिर
उपाध्यक्ष - न्यौपाने वन्धु समाज, नेपाल
सदस्य - गण्डकी सामाजिक गुठी, नेपाल इन्जिनियरिङ काउन्सिल, नेपाल इन्जिनियर्स एसोसिएसन


***प्रकाशित कृति***


मनोवृत्तिको दार्शनिक र वैज्ञानिक विश्लेषण -अनुसन्धान ग्रन्थ
'बिहानी' कविता सङ्ग्रह -फुटकर कविता
प्राकृत लीला महाकाव्य - काव्य
वास्तु विधान - अनुसन्धान ग्रन्थ
महिम्नः स्तोत्र - धार्मिक पुस्तक
गृहस्थको आदर्श जीवन - स्मृतिग्रन्थ

***अन्य***

पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित









# गर्भावस्थामा रक्तचाप

गर्भावस्थामा रक्तचाप नियन्त्रणमा राख्नु आमा तथा जन्मिने शिशु दुबैको लागि अति नै महत्वपूर्ण हुन्छ । रक्तचाप बढी भएर औषधी सेवन गरिरहेका महिलाहरूले गर्भधारण गरेपछि रक्तचाप नियमित परीक्षण गराइरहनुपर्दछ । साथै सामान्य व्यक्तिहरूले सेवन गर्न मिल्ने सबै खालका औषधीहरू सेवन गर्न हुँदैन ।

गर्भावस्थामा बढ्ने उच्च रक्तचापले आमा तथा बच्चा दुबैको स्वास्थ्यमा अत्यन्तै जोखिम पुऱ्याउन सक्छ । बढी रगत बग्ने, बच्चाको तौल कम हुने जस्ता जटिलताहरू देखिन सक्दछ । कतिपय अवस्थामा एक वा दुबैको ज्यान जान पनि सक्छ ।

अहिले करिब १० प्रतिशत गर्भवती महिलाहरूमा उच्च रक्तचापको समस्या देखिएको छ । तीमध्ये ३० प्रतिशतमा पहिल्यैदेखि उच्च रक्तचाप भइरहेको हुन्छ भने धेरैजसोमा गर्भ रहेको २० औँ हप्तापछि देखिने गरेको छ ।

गर्भावस्थाको सुरूको ३ महिनासम्म उच्च रक्तचाप औसतमा १० मिमिसम्म घट्छ । ५-६ महिनापछि क्रमशः बढ्न सक्ने हुन्छ । न्यूनतम २ पटक रक्तचाप नापेरमात्र उच्च रक्तचापको निर्क्योल गर्नुपर्दछ । कहिलेकाहीँ चिकित्सकको सल्लाहअनुसार २४ घण्टासम्म लगातार रक्तचाप नाप्ने मेसिन लगाउनुपर्ने हुन सक्छ । अन्य अवस्थामा झै १४०/९० वा त्यो भन्दा माथिको रक्तचापलाई गर्भावस्थामा पनि उच्च रक्तचाप मानिन्छ ।

**गर्भावस्थामा उच्च रक्तचापको वर्गीकरण**

१. पहिल्यैदेखि भइरहेको उच्च रक्तचाप
२. गर्भावस्थामा पछि देखिएका उच्च रक्तचाप
३. मिश्रित अवस्था
४. प्रिइक्वलम्सिया लगायतका जटिल अवस्थाहरू

पहिल्यैदेखि भएको उच्च रक्तचाप करिब ३-५ प्रतिशत गर्भवती महिलामा देखिन्छ । एवं गर्भावस्था पछि पनि रहिरहन्छ र नियमित उपचार गराइरहनुपर्दछ । तर सुरूको ३ महिना जति रक्तचाप साधारण नै रहन पनि सक्ने हुनाले यसको पहिचान ढिलो हुन पनि सक्दछ ।

गर्भावस्थामा देखिने रक्तचाप करिब २० हप्ता वा ५ महिनापछि देखिन्छ । तर डेलिभरिको ६ हप्ता देखि ३ महिनासम्म सामान्य अवस्थामा आउन सक्दछ ।

रक्तचाप बढेसँगै कहिलेकाहीँ पिसाबमा प्रोटिन खेर जाने पनि गर्दछ, जसलाई प्रोटिनयुरिया भनिन्छ । जति बढी प्रोटिन बगेर गयो उत्ति नै यो खतरनाक हुन सक्छ ।

कहिलेकाहीँ रक्तचाप अत्यधिक नै बढ्ने, खुट्टाहरू अलि बढी नै सुन्निने तथा पिसाबमा



प्रोटिन धेरै मात्रामा बगेर जाने अवस्था देखापर्दछ, त्यसलाई प्रिइक्वलम्सिया भनिन्छ । यो जटिल खालको स्वास्थ्य समस्या हो ।

यस्तो अवस्थामा कहिलेकाहीँ बेहोस हुने, कम्पन छुट्ने, रगत बढी बग्ने हुन सक्दछ ।

**निम्न अवस्थामा प्रिइक्वलम्सियाको सम्भावना बढी हुन्छ–**

- पहिल्यैदेखि बढी रक्तचाप हुनु
- मधुमेहको समस्या देखिनु
- आमाको मोटोपना
- धेरैपटक गर्भवती भइसकेको
- अघिल्लो गर्भमा यो समस्या देखिएको
- मिर्गौलासँग सम्बन्धित रोग भएको

**बच्चामा हुन सक्ने खराबी**

- जन्मिने समयमा तौल कम हुने
- समय नपुग्दै जन्मिने वा जन्माउनुपर्ने समस्या
- कम तौलको जन्मेपछि सङ्क्रमण लगायत अन्य जोखिमहरू रहन सक्ने

**आमामा हुन सक्ने खराबी**

- धेरै बढी रक्तचाप हुने
- बेहोस हुने र काम्ने
- पक्षघात हुन सक्ने
- कलेजो तथा मिर्गौला खराब हुने
- अत्यधिक रगत बग्ने

**उपचार**

औषधी बाहेकका सबै तरिकाहरू गर्भावस्थामा पनि अपनाउन सकिन्छ । सबै औषधीहरू सेवन गर्न सुरक्षित मानिँदैनन् । मुख्यतया मिथाइल डोपा, एम्लोडिपिन, निफेडिपिन, ल्यावेटेलोलजस्ता औषधीहरू गर्भावस्थामा सेवन गर्न मिल्दछ ।

तर सामान्य तरिकाले नियन्त्रण नभएका अस्पतालमै रहेर सम्बन्धित चिकित्सकको निगरानीमा अन्य थप औषधीहरूको सेवन गर्नुपर्ने हुन सक्छ ।

गर्भावस्थामा खासगरी त्यसको अन्तिम ३ महिनामा नुनको मात्रा धेरै कम गर्नु हुँदैन । त्यस्तै गर्भवती भइसकेपछि तौल घटाउने तरिकाले कम खाना खाने गर्नु हुँदैन । गर्भावस्थामा तौल घटाउन खोज्दा नयाँ जन्मिने बच्चालाई बढी जोखिम हुन सक्छ ।

गर्भावस्थामा दिइने क्याल्सियम चक्कीले प्रिइक्वलम्सिया लगायतका जटिलता घटाउन मद्दत गर्दछ । गर्भाधारण गर्नुअगाडि मधुमेह नियन्त्रणमा राख्ने, सुरक्षित औषधीहरू मात्र खाने, रक्तचाप नियन्त्रणमा राख्ने आदि तयारी गर्नुपर्दछ ।

गर्भावस्थामा रक्तचाप धेरै कम हुने गरी घटाउँदा पनि गर्भमा रहेको बच्चालाई खतरा हुन सक्छ ।

नियमित डेलिभरी गराउने वा शल्यक्रिया गरी बच्चा निकाल्ने भन्ने कुरा तत्कालीन अवस्थामा भरपर्दछ र सम्बन्धित चिकित्सकको सल्लाहअनुसार गर्नुपर्दछ ।

बच्चा जन्मिसकेपछि स्तनपान गराइरहँदा पनि औषधीहरू नियमित सेवन गरिरहनुपर्ने हुन सक्छ ।


डेलिभरीको ३ महिना पछि सम्म रक्तचाप नियन्त्रणमा नआएमा त्यो दीर्घकालीन रक्तचाप हुन सक्छ । पुनः गर्भधारण गर्नुपर्ने भएमा सुरूदेखि नै चिकित्सकको सल्लाहमा रहनुपर्दछ । ◆◆

दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**



# प्रचण्ड-केपीको योजनाबद्ध ग्राण्ड डिजायनमा भारत फस्यो : चीन उदायो

नेपाली जनताबाट चुनाव मार्फत नराम्ररी बढारिएकाले नेपाली कांग्रेस अहिले पराजयको निराशामा आक्रोशित देखिएको कुरा उसले सत्ता हस्तान्तरण गर्न आनाकानी गरी अनावश्यक बखेडा झिकेर राष्ट्रिय सभाको गठन नभईकन के को सत्ता हस्तान्तरण ? भन्दै आइरहनुले उसको सक्कल चरित्र उदांगो भइरहेको छ । भ्रष्टाचारमा डुबेको देउवा नेतृत्वको सरकारले आचार संहिता नै उल्लंघन गरेर कैयौं ठाउँमा राजनीतिक नियुक्ति समेत गर्न भ्यायो । सामाजिक सञ्जालले गर्दा नेपाली



जनता धेरै बाठा भइसकेको कुरा सत्तरी वर्षे देउवाले बुझेनन् । वि.सं. २०५२ सालदेखि सरकार र प्रधानमन्त्रीको पदमा बसेर सत्ताको रसास्वादनमा डुबेका देउवालाई सत्ताको मोह कति रहेछ त ! भन्ने कुरा छर्लङ्ग देखिदै गएको छ ।

राज्यका महत्वपूर्ण निकायमा सत्तामा बसेका बेला गर्न सकिने चलखेल, लेनदेन र स्वादले गर्दा देउवाले वरिपरिका कसैलाई देखेनन् र सत्ता मोहमा मात्तिएर अरू सात पटक प्रधानमन्त्री बन्छु भनी चुनावताका भाषण ठोकेकाले पनि उनी नराम्ररी पछारिए ।

व्यक्तिगत रूपमा उनले चुनाव जिते पनि समग्रमा चाहिँ कांग्रेसलाई पतन गराए भन्दा फरक नपर्ला ! देउवाले अहिले दोधारे भूमिका खेल्दै आएका छन् । राष्ट्रिय सभा गठन सम्बन्धि अध्यादेश तुरून्तै राष्ट्रपतिले जारी गर्नु पर्दछ, अध्यादेश जारी नभएकाले राजीनामा किन दिने ? भन्ने कुरालाई विभिन्न ढंगले आफू र अन्य कांग्रेसी नेताका मुखारविन्दबाट भन्न लगाएर देउवाले सत्ता लम्ब्याउँदै गइरहेका छन् । देउवाको कार्यशैलीले गर्दा रिसाएका नेपाली जनताले वामगठबन्धनलाई जिताएर विकास र समृद्धि चाहेका छन् ।

यो स्तम्भ लेख्दा सम्म निर्वाचन आयोगले प्रतिनिधि सभाको नतिजा सार्वजनिक गरेको छैन । राष्ट्रिय सभाको गठनका सम्बन्धमा भएको अफठ्यारो परिस्थितिका कारण नै नतिजा सार्वजनिक नगरेको बुझिन्छ ।

नेपालको वर्तमान सन्दर्भमा जारी भइसकेको संविधान अनुसार राष्ट्रपति चल्ने हो भने चाहि राष्ट्रपति पद भनेको सरकारको सिफारिसमा काम गर्ने निकाय हो, यसकारण सरकारले गरेको सिफारिसलाई राष्ट्रपतिले तत्कालै अध्यादेश जारी गर्नु पर्ने हो तर अहिलेकी राष्ट्रपति परिन् केपी ओलीकी विश्वास पात्र । त्यसैले जटिलता आएको छ ।

सरकारको सिफारिस राष्ट्रपतिले बेवास्ता गर्दै जादा हुने समस्या भनेको सरकार गठन पनि पर सर्ने निश्चित छ । प्रतिनिधि सभाको बैठक बोलाउने अवस्था नआउनु र समय घर्किँदै जाने हो भने नेपालको संविधान २०७२ को परिकल्पनाको सपना साकार हुन ढिलो हुने कुरा यथार्थमा परिणत हुन खोज्दै छ- देउवाको लाचारीपनले गर्दा ।

देउवाले जुन दिन भारतको इशारामा प्रचण्डलाई ओलीको सरकार गिराएर प्रचण्ड र आफुलाई ९-९ महिनाको प्रधानमन्त्री बन्ने अभियानमा लागे सोही समयदेखि नै नेपाली जनताले देउवालाई गद्दार भनेका रहेछन् भन्ने कुरो यो चुनावी नतिजाले प्रमाणित गरेर देखाइदियो । वामगठबन्धनको चुनावी नतिजाले ओलीलाई हिरो त बनायो नै ।

साथसाथै चीनले पनि ओली नेतृत्वको वामगठबन्धनलाई बलियो साथ दिएको देखिएबाट अब यो कुरा भन्न सकिन्छ कि, विगतकालखण्ड देखि अहिलेसम्म नेपाली राजनीतिमा भारतको जुन एकाधिकार थियो, अब त्यो भारतीय एकाधिकार ओलीको जीतसँगै तोडिएको छ अर्थात् वामगठबन्धनको जितसँगै दिल्लीको नेपालसंगको राजनीतिक एकाधिकारको अन्त्य भएको छ । दैवले पनि ओली र प्रचण्डलाई राष्ट्रहितमा मात्रै काम गर्न प्राकृतिक कदम चालेको छ, यसर्थ अब नेपालको भविष्य उज्वल छ ।

ओलीले अब प्रधानमन्त्री बन्न पाएर मुलुकको नेतृत्व लिन पाए भने चीनिया सहयोगमा नेपालमा केरूङ्ग-काठमाडौं रेलमार्ग लगायतका थुप्रै विकास निर्माणले तिव्रता पाउने देखिन्छ भने नेपालको समृद्धिका लागि चीनको भरपुर सहयोग नेपालले पाउनेवाला छ- यदि कुनै अपवाद भएन भने ।

अबको ५ वर्ष चीनले नेपालमा आफ्नो प्रभाव मज्जाले देखाउने छ र नेपाली जनताको मन पनि जित्ने छ । सदियौंदेखिको रोटीबेटीको सम्बन्ध रहेको भारतसँगको सामीप्यता अब चाहिँ भारतकै कमजोरीका कारण नेपालीहरूको भावनात्मक सम्बन्ध निकट रहने सम्भावना देखिँदैन । अर्थात् नेपालसंगको राजनीतिक नियन्त्रण भारतले गुमाएको छ । केपी ओलीलाई चिढ्याएर भारतले ठूलो गल्ती गरेको छ ।

चीनको नेपालप्रतिको माया, सद्भाव र मित्रताले यति नजिकको सम्बन्ध स्थापित भएको छ कि, जुन भारतका लागि सधैं टाउको दुखाई हुने छ । मधेसी दललाई उक्साएर नाकाबन्दीमा उच्चतम् चलाखी अपनाएको भारतले नेपाली एलिट माथिको दिल्ली नियन्त्रण गुमायो एकप्रकारले । नेपाली राजनीतिमा सधैभरि भारतले हस्तक्षेप गरिरहेको इतिहस बुझेर नै होला- केपी ओली र प्रचण्डले कुटनीतिक पाराले भारतलाई समेत झुक्याएर कांग्रेसलाई च्याँखे थापेर नै अहिले वाम गठबन्धनको पेरिफेरि बनाई भारतलाई हराउन सफल भए- यो ओली – प्रचण्डको ग्राण्ड डिजायन नै रहेछ भन्ने अड्कल सहजै गर्न सकिन्छ । ◆◆

# साहित्यमा असल उचाइ लिन कठिन भएको छ

**साहित्यमा कसरी आकर्षित हुनु भयो ? प्रेरणा को बाट पाउनु भएको थियो ?**

– थालनीका दिनमा मलाई साहित्यमा आकर्षित गराउने मेरी आमा खड्ग कुमारी (उर्फ) देवकी निरौला नै हुनुहुन्छ । उहाँ लोकसाहित्य र नेपाली भाषामा प्रकाशित भएका पुस्तकहरूमा गुणरत्न, देवीभागवत, रामायण जस्ता साहित्यको अध्ययन गर्नु हुन्थ्यो । उहाँबाट सुनेका श्लोकहरूबाट प्रेरित हुँदाहुँदै म जन्मेको गाउँ सोलुखुम्बुको सल्यान केउरेनी कै पारिपट्टिको रानीवनसंगै पहाडबाट छङ्ग-छङ्ग गरि निरन्तर झर्ने झर्ना गोपाल छाँगो संगैको घना जङ्गलमा बस्ने मयूरका क्वाहाँ क्वाहाँ गर्ने आवाजहरू नै मलाई साहित्यको फाँटमा प्रवेश गराउने स्रोत हुन् भने दोस्रा मलाई कखरा शिकाएर शिक्षाको दीप जगाउन श्री गणेश गर्ने मेरो पिता भवनाथ ज्यू र एबीसीडी सिकाउँदै आधुनिक शिक्षामा हिंडाउने त्यस स्थानका शिक्षाका लागि विद्यालय स्थापन गर्ने गराउने गुरू एवं मैले पढेको प्रथम विद्यालयका संस्थापक प्रधानाध्यापक श्री गोवर्धन निरौला ज्यू नै मलाई साहित्य तर्फ अग्रसर गराउने प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँले २०३० सालमा हाम्रो हाजिरी कापीमा लेखेको कविता नै मेरो प्रेरणाको स्रोत बन्न पुग्यो र मैले जानी नजानी भए पनि त्यसै समयदेखि कविता लेख्न थालेँ ।

**आजसम्मका स्रस्टा र कृतिहरूमा तपाईलाई मनपर्ने को-को हुनुहुन्छ र यो जीवनमा पढ्नै पर्ने कृति कुन कुन हुन् जस्तो लाग्यो ?**

– आजसम्मका नेपाली कविहरूमा भानुभक्तलाई नभुली, लक्ष्मीप्रसाद देवकोटा, कवि शिरोमणी लेखनाथ पौड्याल, बालकृष्ण सम, म.वि.वि. शाह, भूपि शेरचन, सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधव प्रसाद घिमिरे नै मलाई मन पर्ने कविहरू हुन् भने भारतेली कविमा रविन्द्रनाथ टेगोर, मैथली शरण गुप्ता, हरिवंश राय बच्चन मलाई मन पर्ने स्रस्टाहरू हुनुहुन्छ । हिन्दु धर्म भित्रको अति पौराणिक ग्रन्थ वेद, महाभारत समेतकै सार ग्रन्थ गीता नै यो जिवनमा पढ्नै पर्ने कृति हो भन्ने लाग्दछ । गीताले मानिसलाई जीवनमा मानिस बनेर हिंड्न, बाँच्न र कर्तव्यनिष्ट भएर रहन सिकाउँछ । गीता आजसम्म लेखिएका ग्रन्थहरूको पनि ग्रन्थ हो । यसको अध्ययनबाट धर्म, कर्म, ज्ञानमोक्ष, श्रवण, सेवा, मार्गयोग देखि कर्मनिष्ट भएर बाँच्ने बाटो सिकाउँछ । तसर्थ जीवनोपयोगी पुस्तकका रूपमा गीतालाई नै लिएको छु ।

**नेपाली काव्य सौन्दर्यताका बारेमा केही प्रष्ट पारिदिनु हुन्छ कि ?**

– नेपाली साहित्यको श्रीवृद्धिमा अग्रणी भूमिका खेल्ने संस्कृत काव्य साहित्य नै हो । संस्कृत काव्य साहित्य सौन्दर्यताको दाँजोमा नेपाली काव्य सौन्दर्यता खै कसरी दाँज्न सकिएला र ? त्यो दाँजोमा नेपाली काव्यले कहिले ताँदो चढाउन सक्ला ? कहिले उचालिउँला नेपाली काव्य



**खगेन्द्र खोल्साघरे**
***साहित्यकार***

साधकहरू । नेपाली काव्य साधक हामीहरू त्यो उकालोको फेदमै छौं । हिजोकै संस्कृतका धुरन्धर काव्य साधकहरूका काव्य र श्लोक मात्रले पनि अहिलेसम्म लोकलाई हल्लाई रहेका छन् । त्यो स्थान नेपाली काव्यले छुनु ओगट्नु पर्छ । त्यो दिशातर्फ नेपाली काव्य साधक लागेकै छैनौं ।

यति भनि रहँदा शुरूका दिनमा संस्कृत साहित्यबाट अभिप्रेरित भएर नेपाली भाषामा काव्य सृजना गर्न सुरु गर्ने स्रष्टाहरूका काव्यमा काव्य-सौन्दर्यताको आभास पाईन्छ । उहाँहरूले जस्तै गरी गुणात्मक किसिमले हिड्दै हामी पछाडी हिड्ने साधकहरू संख्यात्मक हिसाबका पछि न दौडिएको भए आजसम्म नेपाली काव्यले एउटा चुली उक्ली सक्ने थियो भन्ने लाग्छ मलाई । यतातर्फ नेपाली काव्य साधकहरूले पाइला चालेको पाइदैन । सस्तो लोकप्रियता, अस्वस्थ प्रतिस्पर्धा र प्रचार प्रसारमा लागेको एउटा ठूलै जमात साहित्यका विभिन्न विधामा दौडिएको छ । त्यसले काव्य सौन्दर्यतातिर ध्यान दिनै भ्याएको छैन । हिजोका ऋषिमुनि एवं काव्य साधनाका अग्रणीहरूले जति लेखे, त्यतिमात्र पनि आजका हामी साहित्यकार भनाउँदाहरूले लेख्न सकेका छैनौं । युगले लाखौं गुना फड्को मारी सक्दा पनि हामी उहीँका उहीँ नै छौं । ज्यादै लाजमर्दो स्थितिमा छौं भन्न लाज मान्नु पर्ला जस्तो मलाई लाग्दैन । तसर्थ हामीले संख्यात्मक काव्य सृजना तर्फ नलागेर गुणात्मक काव्य सृजनामा लाग्नु पर्छ, जति लेखिन्छ, यो लोक हितका लागि लोकलाई असल मार्ग अनुशासनमा अढ्याइ राख्ने दर्शनढुङ्गो जस्तो काव्य सृजना गर्नु पर्छ । यसै प्रश्नको पहिलो वाक्यांशमा दिएको उत्तरले नै यस पछिल्ला वाक्यांशलाई प्रष्ट्याई सकेजस्तो लाग्यो मलाई । सर्वप्रथम त सर्वगुण सम्पन्न कुन वस्तु हुन्छ, त्यो वस्तु नै मलाई थाहा भएन । गुण सम्पन्न काव्य सृजना गर्न नेपाली काव्य साधक लागेका छौं, छैनौं, हामी आफैंलाई थाहा छ । सर्वगुण सम्पन्न बन्नका लागि साहित्यका विधा भित्रका विधा भित्र नै बाँधिएर लेखिएका काव्य छन् जस्तो मलाई लाग्दैन, यो मेरो अध्ययनको कमी पनि हुन सक्छ । हामीले लेखिरहेका काव्य लेखिसक्दाको पूर्णतालाई नै पूर्ण मान्दै आएका छौं । यो अपूर्णतामै पूर्ण हो । तसर्थ आजसम्म कसैबाट पनि पूर्ण काव्य लेखिएको जस्तो मलाई लाग्दैन । पूर्णता छ भने पञ्चतत्वबाट सिर्जित प्रकृति भित्रकै तत्व पृथ्वी काव्यमा पूर्णता छ, तसर्थ पूर्ण काव्य पृथ्वी मात्र हो । पूर्ण पृथ्वी लेख्ने कसैको तागत छ र ?

**तपाईंको महाकाव्यले नेपाली समाजलाई दिने सन्देश के हो ?**

– मेरो महाकाव्य भन्नाले वसुन्धरा महाकाव्यलाई भनिएको हो कि ? संयुक्त रूपमा लेखिएको जियालो महाकाव्यलाई भनिएको हो ! म प्रष्ट नहुँदानहुँदै पनि मैले माथि नै उठाइ सकेको विषय पञ्चतत्व भित्रकै गुदी तत्व पृथ्वी तत्वको विषयको थालनी गरी एउटा तीलको दानो भन्दा पनि सानो अंशको ज्ञान मात्र समाजलाई पस्किने जमर्को वसुन्धरा महाकाव्यमा गरिएको छ भने, जियालो महाकाव्यमा सृष्टि वा जन्म देखि कर्तव्यपथ हुँदै मृत्यु बोध सम्मका विषयहरू समेटी आफ्नै भूमि, राष्ट्र र राष्ट्रियताका विषयहरू समाज सामु पस्किने जमर्को गरिएको छ । जियालो महाकाव्यको मुख्य उद्देश्य भनेको विषयगत उचाई भन्दा पनि सामुहिक महाकाव्यको थालनी गर्नु हो । समुहगत एकतामा समाजलाई डोऱ्याउनु सबैबाट सबैलाई, धेरैले धेरैलाई यो विधामा ल्याउनु, सामुहिक हितमा अग्रसर बन्नु बनाउनु नै जियालो महाकाव्यको मुख्य उद्देश्य हो भन्ने लाग्दछ ।

**जियालो बारेमा तपाइलाई कति सन्तुष्टी मिल्यो ? असन्तुष्टी केही छ त ?**

– सन्तुष्टीको कुनै सिमा हुदैन, सन्तुष्टी भित्रै असन्तुष्टीहरू बढी रहन्छन् । असन्तुष्टीलाई भजाउँदा फेरि त्यसैमा सन्तुष्टी मिल्दै जान्छन् । सन्तुष्टी, असन्तुष्टी यी दुईटै पाटा कुनै पनि विषयमा सफलतामा अग्रसर गराउने बाटा हुन्, हिड्न छाड्नु हुँदैन हिँडिरहनु पर्छ । जियालो महाकाव्यबाट मिलेको पहिलो सन्तुष्टी भनेको सामुहिक काव्य सृजना भएर प्रकाशित हुनु हो । अर्को सन्तुष्टी भनेको यसरी समुहगत रूपमा एकादशरूद्रसरी ११ जना भएर लेखिएको महाकाव्य सन्सारकै महाकाव्य लेखनको इतिहासमा यो पहिलो महाकाव्य हो । यदि संसारकै इतिहासमा यो पहिलो महाकाव्य होइन भने कुन र कहाँ रहेछ त पहिलो महाकाव्य ! भन्ने कुरा सुन्न, बुझ्न पाउनु अर्को सन्तुष्टी हुन सक्छ । तसर्थ महाकाव्यको इतिहास कोट्याउन निहुँ खोज्ने काव्य सृजना गर्न पाउने ११ जना स्रष्टा मध्येका प्रेरणाका स्रोत वसन्तकुमार शर्म्मा लगायत म खगेन्द्र खोल्साघरे पनि काव्य भित्र पस्न-बस्न पाएकोमा सन्तुष्टीको सिमा नाघेको महसुस गर्न भ्याएको छु । आफूलाई भाग्यमानी सम्झेको छु । प्रथम सन्तुष्टी भित्रै यस काव्य लेखनका समयमा धेरै मुर्धन्य स्रष्टाहरू जोडियौं, अलि कता कता प्लस-माइनस भएर वर पर पनि भयौं कि यसमा केही असन्तुष्टि भयो पनि, यसो नहुनु पर्थ्यो भन्ने लाग्दछ । फेरी केही हुनु नै नहुनुभन्दा केही हुनु पनि हो कि भन्दै यसैमा सन्तुष्टी खोज्ने गर्दछु । जताततैबाट सन्तुष्टी नै सन्तुष्टी हात लागेका छन् । महाकाव्यको सहलेखनमा ११ जना बाट १२ जना हुँदै सयौंजनाको सामुहिक महाकाव्य लेखनमा बाटो खोलेर फराकिलो बनाउने प्रयास जियालो महाकाव्यले गरेको छ । यसै क्रममा भोलिका दिनमा थुप्रै सामुहिक महाकाव्य नेपाली पाठकले पाउनु अर्को सन्तुष्टी हो । जियालो महाकाव्यका स्रष्टालाई सन्तुष्टीका हार लागेका लाग्यै रहने छन् भने अब असन्तुष्टी मान्नु पर्ने विषय के नै पो छ र ।

**कोशकार वसन्तकुमार शर्म्मा नेपालसंग कहिले देखि संगत गर्नु भो ?**

– मेरो साहित्य फाँटका प्रथम गुरू वसन्तकुमार शर्म्मा कोशकार मात्र नभएर विविध विषयका ज्ञाता भएको हुँदा उहाँ संग मेरो भेट ११ वर्ष अघि उहाँकै निवासमा भएको हो । त्यसै समय देखि नछोडी निरन्तर रूपमा उहाँको सामिप्यता प्राप्त गरिरहेको छु । अब दश वर्ष जति उहाँको संगतमा रमाउन पाए म मान्छे बन्थें कि भन्ने लाग्दछ । एघार जना मिलेर रचना गरिएको जियालो महाकाव्य भन्दा पहिला नै उहाँ संग मिलेर हामी विभिन्न एघार जना कविहरू संग नीतिका कुरा, नीति विचार गरि दुइवटा नीति काव्यमा म समावेश भई नै सकेको हुँदा केही रमाइला अनुभवहरू बटुली सकेको थिएँ, रमाइलो भित्रै असजिला, सजिला समय परिस्थितिहरू भएकै हुन् । फेरि जियालो महाकाव्य भित्र कै सहलेखन भित्र विभिन्न विद्यावान् गुरू साथीहरूको भित्री आत्मा चिन्न छाम्न देखि प्रत्येक व्यक्तित्व भित्र रहेका असल, कम्सल गुणहरू चिन्ने अवसर समेत मिल्न सक्छ । फेरि आजको युग भनेको एकल प्रयासमा केही कुरा सम्भव नहुने युग पनि हो । सामुहिक रचना, सामुहिक व्यवसाय, सामुहिक बुद्धि विकास आदि आजका माग र आवश्यकता पनि भएको हुँदा समूहबद्ध भई गरिने कामको उच्चाई भिन्नै हुन सक्छ । थोरै थोरै ज्ञान सीप र लगानीबाट पनि ठूला ठूला काम गर्न सकिन्छ । प्रकाशन कै कुरा गर्दा पनि एकल प्रकाशन त्यति सजिलो छैन । समुहमा थोरैले धेरै हुन्छ । समुहगत काम गर्दा ज्ञान वृद्धिका लागि एक इन्टु दश गुणाले परिचय थर्पिंदै जाँदा आफ्नो कृतित्व र व्यक्तित्वले समेत सजिलै बजार लिन सक्छ । तसर्थ समुहगत लेखाईमा ज्यादै मिठो अनुभव प्राप्त भएको छ ।

**मान्छेको बानी व्यहोरा एक खालको हुन्छ भने प्रतिभा अर्कै खालको हुन्छ, मन नपर्ने मान्छेको कृति राम्रो छ भने पनि नराम्रो भन्ने चलन नेपालमा कत्तिको देखिन्छ ?**

– यसका विषय भित्र पस्नु पर्दाको उखान "मन नपरेकी बुहारीको सासै गन्हाउँछ" भनेजस्तै छ नेपाली साहित्य फाँटको चरित्र । तर, यसो नहुनु पर्छ, मानवीय चरित्र र स्वभाव भिन्न हुन सक्छ । व्यक्तिको रंग कालो, गोरो, राम्रो-नराम्रो जस्तो सुकै भए पनि उसको साहित्यको रङ्ग ढङ्ग वा उचाइ राम्रो हुन सक्छ । व्यतिलाई हेरेर साहित्यको मापन गर्नु हुन्न । कुनै पनि विधाको समालोचना गर्ने व्यक्तिमा असल साहितियक मन हुनुपर्दछ । रचनाको स्तर र गुदीको मुल्याङ्कन गर्नु पर्दछ । आजभोलि यस्तो भएको पाइदैन, नाम चलेका साहित्यकारको रचनाको फरक समालोचना गर्ने दोषलाई लुकाएर गुण मात्रको बखान गरिन्छ भने नाम नचलेका र मन नपरेका मानिसको रचनालाई दोषमात्र खोतलेर खोइरो खन्दै उसलाई माथि उठ्न दिने काम पनि भएका छैनन् । यसको बेफाइदा असल रचनाकारले मात्र नभएर राष्ट्रले नै बेहोर्नु परेको छ । साहित्यमा असल उचाई लिन कठिन भएको छ । यस प्रवृत्तिलाई मास्नु पर्छ । असल साहित्यकार बनेर रचनाको स्तर अनुसारको मात्र असल मूल्याङ्कन गरिनु नै सबैको कल्याण हुन्छ ।

**साहित्यमा तपाई अब के लेख्दै हुनु हुन्छ त, आगामी योजना के छ ?**

– म आफैंले त्यतिका कुरा गरि रहँदा आफैंले समाजलाई गतिलो काव्य दिन नसकि रहेको कुरा मैले अरूलाई ढाँटे पनि मेरो मनलाई ढाँट्न सकिरहेको छुईनँ । त्यसैले पनि मैले असल काव्यको सृजना गर्नु पर्छ भन्ने लाग्दछ । लेख्ने क्रममा फुटकर रचनाहरू जेसुकै लेखिए पनि गुणात्मक रूपमा लेखिनु राम्रो हो ।

यसो गर्न सकिरहेको छुइनँ । अहिले कछुवा हिडाईको तालमा भवसागर महाकाव्य लेखि रहेको छु । अझै डेड वर्ष जतिमा प्रकाशन गर्न सक्छु कि, यस महाकाव्य पछि एक दुइवटा खण्डकाव्य लेखी म संग भएका रचनाहरू गीत, गजल, फुटकर रचना, कथा, स्मरण प्रकाशन गर्दै जाने योजना बनाएको छु केवल सोचमा मात्र । सोच पूरा गर्ने गराउने काम समयको पोल्टोमा सुम्पिदै छु ।

**फर्केर हेर्दा जीवन कस्तो लाग्दछ ?**

– आफूले बिताएको जीवनलाई फर्किएर हेर्दा मैले समयमा गर्नु पर्ने काममा म आफैंले ढिला गरें, यो उमेर अलिक पछाडि फर्किदिए हुन्थ्यो भन्ने समयको लोभ लाग्दछ । किनकी जीवन एक समय हो र समय जीवन हो, जीवनमा गर्नु पर्ने कामहरू अनगिन्ती हुन्छन् । समयले नेटो काट्दै गए पछि सबै पूर्ण हुन सक्दैन, अनि जीवन अपूर्ण नै रहन्छ । जीवन महको चाका हो, अमृतको भण्डार हो, जीवन भित्र जीवन उघाउँन जान्यो भने मात्र जीवन रसमय बन्दछ, आनन्द प्राप्त हुन्छ यो नै स्वर्ग हो । त्यसैले जीवनलाई फर्किएर हेर्दा ज्यादै हत्तारो लाग्छ, यो गरौं कि त्यो गरौं यो जीवनमा ।

**अध्यात्मबारे तपाईंको धारणा के छ ? र अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

– म प्रकृतिवादको विद्यार्थी भएका कारण अध्यात्मवादका विषयमा मेरो अध्ययनको कमि हुन सक्छ । यति हुँदाहुँदै पनि अध्यात्मका कुरा गर्दा विभिन्न वाद भित्र छिर्नु पर्ने हुन्छ अध्यात्मवाद, भौतिकवाद आदि आदि । अध्यात्मवादका पुरोहितहरू यसैलाई धर्म पनि भन्न बाकी राख्दैनन् तर यो एउटा दर्शनमात्र हो । यस दर्शनले ईश्वर एवं सृष्टि देखि लिएर जन्म मृत्यु सम्मका विषयमा एउटा धारणा अघि सारेको छ, सो धारणा प्रकृतिवाद भन्दा अलि भिन्नै छ । अलि काल्पनिक पक्षलाई बढवा दिएको छ । प्रकृतिवादका विषयमा दर्शन बोलीरहनु पनि आवश्यक पर्दैन, प्रकृति आफैं बोलीरहेको छ, प्रकृतिलाई हेरेर नै अध्यात्मवादले आफ्नो कल्पनालाई अघि सार्न सकेको छ भन्ने लाग्छ मलाई । अब अन्त्यमा भन्नै पर्ने कुरा त केही छैन तापनि मलाई यतिका विषयमा बोल्न दिँदै जियालो महाकाव्यका विषयमा दुईचार शब्द राख्ने मौका दिने अग्निचक्र मासिक र यसका सम्पादक लक्ष्मीनारायण भट्टराईज्यू तपाईंलाई धन्यवाद दिन चाहन्छु । ◆◆

# मैयुङ्ग-हाँसपोखरी महोत्सव-२०७४ मा दावाँली मिलन क्लबको भूमिका

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका ७७ जिल्लामध्ये पूर्वको कर्णाली भनेर संम्बोधन गरिने पूर्वी विकट पहाडी जिल्ला भोजपुरको विकास र समृद्धिका लागि विगत १३ बर्षदेखि लगातार केही न केही सामाजिक कार्यक्रमहरू निरन्तर रूपमा संचालन गर्दै आएको दावाँली मिलन क्लब, काठमाडौंसँग सम्पर्क गरी तिम्मा सरोकार समाजका अध्यक्ष रूद्र राई र सचिव श्यामसामसोङ्ग राईले संस्थागत सहयोग र सहकार्यको लागि अनुरोध गर्नु भयो । २०७४ साल वैशाख १ गतेदेखि ३ गतेसम्म भोजपुरको उच्च शिखर (३३१० मिटर) मैयुङ्ग-हाँसपोखरी महोत्सवको आयोजना गर्न लागेको विषयमा दावाँली मिलन क्लब, काठमाडौंको सक्रियता र लोकप्रियतालाई जोडेर उक्त महोत्सव कसरी सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ ? भनि उहाँहरूले गर्नु भएको अनुरोधको बारेमा हामी दुवै संस्थाका साथीहरू क्लबको कार्यालय बानेश्वरमै संयुक्त बैठक बसी छलफल गर्‍यौं ।

भोजपुरको विकास र समृद्धिका लागि निःस्वार्थ सक्रियता र सहभागिता गर्दै आएको हाम्रो क्लबको अभियानमा पनि सहयोग पुग्ने र जिल्लाको पर्यटकीय प्रवर्द्धन तथा नयाँ वर्ष २०७४ को शुभकामना आदान प्रदान तथा भित्तेपात्रो २०७४ को विमोचन कार्यक्रम पनि भोजपुरमै आयोजना गर्ने मनोकांक्षा पनि पुरा हुने भएकोले उक्त महोत्सवमा कुनै खेलकुदको कार्यक्रम संचालन गर्न सकिनेबारे हामी कार्यसमितिको बैठक बसी निर्णय गर्ने छौं भन्ने आशय व्यक्त गर्‍यौं ।

त्यसको दोश्रो हप्ता नै क्लबको कार्यसमितिको बैठक बसियो । खेलकुद क्षेत्रले भोजपुरलाई चिनाएको विषय महत्वपूर्ण कुरा भएकाले खेलकुदको माध्यमबाट पनि जिल्लाको समृद्धिलाई सहयोग पुर्‍याउन सकिन्छ भन्ने पूर्ण विश्वासका साथ मैयुङ्ग-हासँपोखरी महोत्सवमा हाम्रो पनि सहभागिता जनाउने निर्णय गरियो ।

**मिरा राई** अन्तराष्ट्रिय ख्यातिप्राप्त अल्ट्रा धाविका भोजपुरकी चेली भएकोले उहाँको लोकप्रियतालाई जिल्लाको समृद्धिमा जोड्ने उद्धेश्य राखी भोजपुर टुडिखेलदेखि मैयुङ्गसम्म ३० किलोमिटर स्काई दौड प्रतियोगिता संचालन गर्ने निधो गरियो । भावानात्मक कुराले मात्र त्यस्तो अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न सम्भव नहुने यथार्थतालाई मनन गरी भोजपुरमै स्थापित रिमाचुङ्ग एजुकेसन एण्ड स्पोर्टस् एकेडेमी (जसले हरेक शनिबार भोजपुरमा त्यस्तै किसिमका दौड कार्यक्रम संचालन गर्दै आउनु भएको छ) का अध्यक्ष पाविहाङ्ग राईसँग सम्पर्क गरी स्थानीय



**रोशन श्रेष्ठ**
**अध्यक्ष, दावाँली मिलन क्लब, काठमाडौं**

आयोजक भई सहकार्य गर्ने अनुरोध गर्‍यौं । उहाँ पनि धेरै उत्साहित हुनुभयो । स्थानीय सबै तयारीको जिम्मेवारी बहन गर्ने विश्वास दिलाउनु भयो साथै स्थानीय आयोजक हुन मञ्जुर हुनु भयो ।

अब भोजपुर टुडिखेलदेखि मैयुङ्ग पिक सम्मका बाटोहरूको सर्वेक्षण गर्ने, प्रतियोगीहरूलाई दौड गर्न ट्र्याक निर्धारण गर्ने, बाटोमा पानी तथा अत्यावश्यक औषधिहरू साथै अन्य आकस्मिक दुर्घटना हुन सक्ने जोखिमलाई कसरी समाधान गर्न सकिन्छ भनि त्यस्ता कार्यक्रम गरिरहेका विज्ञ साथीहरूको खोजी हुँदा उपेन्द्र सुनुवार(स्काई रनिङ्ग संघका अध्यक्ष)सँग सम्पर्क गरी सहयोगको अनुरोध गर्‍यौं । उहाँको नेतृत्वमा अन्य ३ जना प्रेमकुमार राई, दिपक लामा र दिवाकार कार्की लाईन्सम्यान र रेफ्री भई सहयोग गर्न स्थानीय आयोजक पावीहाङ्ग राईसँग सम्पर्क गराई यो पहिलो प्रतियोगिता सम्पन्न गर्न सकिने कुरा उहाँहरूले स्थलगत अध्ययन भ्रमण गरी उक्त क्षेत्रमा यस्तो प्रतियोगिता संचालन गर्न योग्य स्थल हुन्छ भनि हाम्रो हौसला बुलन्द गराउनु भयो ।

पहिलो पटक आँटिएको यस्तो Adventures कार्यक्रमलाई कसरी गरिमामय बनाउन सकिन्छ भनि भोजपुरलाई माया गर्ने संघ संस्था तथा व्यक्तिहरूको भेला गर्ने र सहयोगको लागि अनुरोध गर्ने निधो गरी क्लबका महासचिव सुरेन्द्र श्रेष्ठ अध्यक्ष रहनुभएको नोवेल एकेडेमी, बानेश्वर, काठमाडौंको हलमा करिव ५० जना विभिन्न क्षेत्रमा कार्यरत भोजपुरप्रेमी साथीहरूको भेला गरियो । सबैले हाम्रो कार्यक्रमलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । भोजपुरकै गौरव र सफल व्यक्तित्व, पूर्व अर्थमन्त्री शंकरप्रसाद कोइरालाज्यूले आफ्नो भौतिक उपस्थिति पनि रहने प्रतिवद्धता जनाउदै नगद रू. ५५००/- सहयोग पनि तत्कालै प्रदान गर्नु भयो । क्लबका संस्थापक उपाध्यक्ष एवं क्लबद्धारा प्रवर्द्धित जनपयोगी बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष सिलोनबाबु श्रेष्ठले नगद रू. ५०००/- सहित पूर्ण सहयोगको प्रतिबद्धता जनाउनु भयो । नेपाल मेडिकल एसोसिएसनका महासचिव तथा देवीथान कुलरत्न स्मृति प्रतिष्ठानका अध्यक्ष डा. लोचन कार्कीले प्रतिष्ठानको तर्फबाट प्रथम हुने पुरूष धावकलाई रू. २५०००/- पुरस्कार दिने घोषणा गर्नु भयो । त्यसै क्षणमा भोजपुरको हितमा विभिन्न सामाजिक गतिविधिहरू संचालन गरिरहेको लोकप्रिय संस्था कृष्णलक्ष्मी - लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठानका अध्यक्ष समेत रहेका रोशन श्रेष्ठले प्रतिष्ठानको तर्फबाट महिला तर्फको प्रथम प्रतियोगीलाई रू. २५०००/- नगदले सम्मान गर्ने घोषणा गर्दा सबै सहभागीहरूले ताली बजाएर स्वागत गरे । क्लबका कोषाध्यक्ष एवं श्रेष्ठ टेलरिङ्ग सेन्टर चावहिलका संचालक निरजबाबु श्रेष्ठले रू. ५००००/- बराबरको प्रतियोगीहरूले लगाउने टि - सर्ट तयारी गरिदिने घोषणा गर्नु भयो । नोवेल एकेडेमीका अध्यक्ष तथा क्लबका महासचिव सुरेन्द्र श्रेष्ठले एकेडेमीको तर्फबाट रू. २५०००/-, राजधानी मोडल कलेजका सल्लाहकार एवं क्लबका उपाध्यक्ष नवराज पाण्डेले संस्थाका तर्फबाट रू. २५०००/- सहयोगको घोषणा तत्कालै गर्नु भयो । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका कार्यकारी निर्देशक नरेन्द्र गुरूङ्गको व्यक्तिगत सहयोग रू. ५०००/-, रामप्रसाद राई स्मृति प्रतिष्ठानका अध्यक्ष तारादेवी राईबाट रू. ५०००/-, दिलबहादुर कार्की, कार्की ब्याक्वेट, काठमाडौंबाट रू. १०१०१/-, भोजपुरे सेवा समाजका अध्यक्ष पासाङ्ग दोर्ची शेर्पाबाट रू. ५०००/- को सहयोग प्राप्त भयो । यस कार्यक्रमको जानकारी प्राप्त भएपछि भैरहवामा बिदा मनाइरहनुभएका पूर्व सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईले फोन गरी बागधन रणदीपा राई स्मृति प्रतिष्ठानको तर्फबाट रू. २५०००/- सहयोग गर्ने प्रतिबद्धता जनाउदा हामी अत्यन्तै हर्षित भयौं । क्लबका जापान संयोजक ताराबाबु श्रेष्ठबाट रू. २५०००/- प्राप्त भयो । त्यसैगरी उपस्थित सबै महानुभावहरूले आ-आफ्नो सहयोगको घोषणा गर्नुभयो । यस कार्यमा सहयोगी सबै व्यक्ति तथा संघ संस्थाहरूबाट प्राप्त सहयोगको विवरण क्लबको लेखा परिक्षण रिपोर्टमा उल्लेख गरिएको छ ।

यसरी सबै भोजपुरेको भावनालाई एकत्रित गरी तिम्मा सरोकार समाजले अपेक्षा गरेको भन्दा

बेग्लै प्रकारको सहभागिता गरी **प्रथम भोजपुर - मैयुङ्ग स्काई दौड - २०७४** सफलतापूर्वक सम्पन्न गरी प्रथम मैयुङ्ग हाँसपोखरी महोत्सवलाई अभुतपूर्व रूपमा सफल गरियो । भोजपुर टुडिखेलदेखि दौड शुरू गरी मैयुङ्ग पिकमा समापन गरियो । प्रमुख अतिथिका रूपमा युवा तथा खेलकुद मन्त्रालयका सचिव महेशप्रसाद दाहाल उहाँकी पत्नी सहितको उपस्थितिले जिल्लाकै खेलकुद गतिविधिलाई ठूलो प्रोत्साहन मिलेको थियो । उहाँले सिठी बजाएर शुरू गरेको दौड प्रतियोगितामा सहभागी ९३ जनामध्ये Finishing Point मा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने धावकहरूलाई प्रमुख जिल्ला अधिकारी गोमा चेम्जोङ्ग, प्रहरी नायव उपरीक्षक काजीकुमार आचार्य, स्थानीय विकास अधिकारी सीता परियार, रणबम गण भोजपुरका कर्णेल प्रविण घिमिरे, भोजपुरे सेवा समाजका अध्यक्ष पासाङ्ग दोर्ची शेर्पाले संयुक्त रूपमा स्वागत तथा नगद पुरस्कार वितरण गर्नुभएको थियो ।

त्यसै सिलसिलामा सचिव दाहालले भोजपुर जिल्ला भरिकै खेलकुद स्थलहरूको स्थलगत अनुगमन गर्दै भोजपुर नगरपालिका वडा नं. ४ दावाँमा निर्माणाधिन कुष्णलक्ष्मी स्पोर्टस कम्प्लेक्सलाई जिल्लाभरीकै इन्डोर स्पोर्टस् सेन्टरको लागि तैयारी गर्ने र भोजपुरकै कोदार स्थित खेलकुद मैदानलाई भोजपुर नगरपालिकाको आउटडोर स्पोर्टस् सेन्टर को रूपमा विकास गरिने खेलकुद मन्त्रालयको निति रहेको कुरा पनि स्पष्ट पार्नुभएको थियो । भोजपुर - मैयुङ्ग स्काई दौड प्रतियोगितालाई हरेक वर्ष संचालन गरी खेल पर्यटनको माध्यमबाट पनि सघाउ पुऱ्याउन राष्ट्रिय खेलकुद परिषद् मार्फत आ. व. २०७४/०७५ मा बजेटको व्यवस्था गरिने विश्वास दिलाउनु भएको थियो । त्यसै अनुरूप हाललाई रू. ३०००००/- बजेट विनियोजन भएको कुरा जानकारीमा आएको छ ।

उक्त प्रतियोगितामा भोजपुर लगायत छिमेकी जिल्लाहरू खोटाङ्ग, संखुवासभा, धनकुटा र सोलुखुम्बु सम्मका गरी ९३ जना महिला तथा पुरूष खेलाडीहरूको सहभागिता रहेको थियो । छोटो समयमा तय गरिएको यो प्रतियोगितामा धेरै खेलाडी सहभागी गराउन सहयोग पुग्ने सूचनालाई रेडियो विज्ञापन रेकर्ड गरी गुण लगाउने प्रिय भाइ, क्लबका आजीवन सदस्य तथा लोकप्रिय सञ्चारकर्मी राज श्रेष्ठ र बुहारी सुष्मा श्रेष्ठको सहयोग अविस्मरणीय रहेको छ । उक्त विज्ञापनलाई निःशुल्क प्रसारण गरी सहयोग गर्ने रेडियो उन्नति भोजपुर, चोमोलुङ्गमा सामुदायिक रेडियो, रेडियो खाँदबारी, सोलुखुम्बु एफ. एम. र रेडियो खोटाङ्ग हाम्रो रेकर्डमा उच्चमूल्याङ्कनका साथ सधै प्रिय रहनेछन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार महिला तथा पुरूषलाई रू. २५०००/-, रू.






१५०००/-, रू. १००००/- र रू. ५०००/- नगदको व्यवस्था गरिएको थियो । साथै प्रथम हुने पुरूषतर्फ भोजपुर हेलौछाका रामबहादुर गुरूङ्ग र महिलातर्फ भोजपुर सामपाङ्की सुनिता राईलाई ११ औं काठमाडौं म्याराथोन (२१ कि. मि.) प्रतियोगितामा सहभागी बनाइएको थियो ।

भोजपुरकै गौरब र पहिचानका लागि क्लबकै खर्चमा काठमाडौं सम्म ल्याइएका उक्त प्रतियोगीहरूले पुरूष तर्फ १२ औं स्थान र महिला तर्फ ८ औं स्थान सुरक्षित गरी भोजपुरको गौरव बढाएका थिए । यस्ता खेलकुद प्रतियोगिताहरू भविष्यमा पनि आयोजना गर्ने लक्ष्य दावाँली मिलन क्लब र आबद्ध संघ संस्थाहरूले राखेका छन् ।

यसै सिलसिलामा समस्त भोजपुरे भावानालाई समेटेर देशको वर्तमान परिवर्तित अवस्थामा १ नं. प्रदेशस्तरीय नेपालको राष्ट्रिय खेल "भलिबल" मुख्यमन्त्री कप भलिबल प्रतियोगिता भोजपुरमा नै सर्वाधिक पुरस्कार राशी साथ हरेक वर्ष संचालन गरी खेल पर्यटनको माध्यमबाट भोजपुरलाई समृद्ध बनाउने अभियानलाई निरन्तरता दिने कुरा पनि दावाँली मिलन क्लबको वार्षिक कार्यक्रमभित्रै रहने छन् । तिम्मा सरोकार समाजका समस्त पदाधिकारीहरू र सहयोगी संघसंस्थाहरू जसले प्रत्यक्ष - अप्रत्यक्ष रूपमा मैयुङ्ग-हाँसपोखरी महोत्सव -२०७४ सफलतापूर्वक सम्पन्न गरी भोजपुरको विकास र गौरवमा सघाउ पुऱ्याउनु भयो । उहाँहरू सबै विशेष धन्यवादका पात्र हुनुहुन्छ । स्थानीय आयोजक रिमाचुङ्ग एजुकेसन एण्ड स्पोर्टस् एकेडेमी, भोजपुर परिवार, पूर्व मन्त्री तथा क्षेत्र नं. १ का तत्कालिन सभासद् माननीय कृपासुर शेर्पा, प्रमुख जिल्ला अधिकारी गोमा चेम्जोङ्ग, प्रहरी नायब उपरीक्षक काजीकुमार आचार्य, स्थानीय विकास अधिकारी सीता परियार, रणबम गण भोजपुरका कर्णेल प्रविण घिमिरे, भोजपुरे सेवा समाजका अध्यक्ष पासाङ्ग दोर्ची शेर्पा, शसस्त्र प्रहरी नायब उपरीक्षक उद्धव रावल, उद्योग वाणिज्य संघ भोजपुरका अध्यक्ष डम्बरकुमार श्रेष्ठ, जिल्ला खेलकुद समितिका उपाध्यक्ष सरोज बस्नेत, जिल्ला खेलकुद विकास समितिका अधिकृत ग्यालजेन शेर्पा, भोजपुर फुटबल संघका अध्यक्ष प्रविण सुवाल लगायत समस्त जिल्लाबासी सहयोगी महानुभावहरूप्रति आभारी छौं । यस्ता पुनित सामाजिक गतिविधिलाई निरन्तरता दिन दावाँली मिलन क्लब र अन्य आबद्ध संघ संस्थाहरू सधै साथ रहिरहने छन् । धन्यवाद ! जय भोजपुर !!!



दृष्टिकोण - **डा. मधुसूदन लामिछाने**

# विद्यावारिधि उपाधिप्राप्त गर्दाको शोधग्रन्थका विषयमा केही कुरा

**१. पारिवारिक संस्कार र मः** राप्ती अञ्चल, सल्यान जिल्ला, दमाचौर गाउँविकास समितिको वडा नं. ४ मा पर्ने कर्णेगाउँ म र मेरा पितापुर्खाको जन्मस्थान हो । हिमालयको अनुपम सौन्दर्य, शीतल हावा दिने कञ्चन हिमनदीहरू, स्वस्थकर वायु बहाउने घनाजङ्गल मानिसको स्वास्थ्य परीक्षण गर्ने अग्ला र ठाडा उकालाहरू गुराँस फुलाउने मनमोहक डाँडाहरू, वेदध्वनिझैँ बोल्ने चराचुरूङ्गीहरू आदिले हामीमा आध्यात्मिक भावनाको विकास गराउँदै आएका थिएँ । हाम्रो लामिछाने वंशीय परम्परामा मेरा पिता बुद्धिराज लामिछानेको पनि वि.सं. १९८८ साल जेठ महिनामा जन्म भयो । २ वर्षको कलिलो बाल्यावस्थामा आफ्ना पिताको प्रेमबाट बञ्चित भएका मेरा पिता बाल्यकालदेखि नै पौरस्त्य विद्यापरम्परामा अन्तर्निहित आध्यात्मिक विद्याको आश्रयस्थल दाङको विजौरी, स्वर्गद्वारी र विद्यानगरी भारतको काशीमा अध्ययन गरेर आफ्नो जन्मभूमि फर्किएपछि शिक्षणपेसामा समर्पित हुनुभयो । केही समयपछि भौतिक जीवनवृत्तिका निम्ति कृषि र पशुपालनलाई अवलम्बन गर्नुभयो भने पारलौकिक जीवन प्रशस्त गर्न प्रातः नित्य जप, ध्यान, पाञ्चायनपूजा पाठजस्ता आध्यात्मिक साधनाको मार्गतर्फ अग्रसर हुनुभयो । प्रातःकालमा नित्य श्रीमद्भगवत्गीता, श्रीमद्भागवत, देवीभागवत र एक अध्याय वेद पाठजस्ता आध्यात्मिक तथा धार्मिक ग्रन्थहरू अहिलेसम्म अविच्छिन्न रूपमा पाठ गरिरहनुहुन्छ । सन्ध्याकालमा स्तोत्रहरू गाउनु हुन्छ । माता सुमित्रादेवी र पिता बुद्धिराजका आध्यात्मिक क्रियाकलापको प्रत्यक्ष प्रभाव हामी चारपुत्र वासुदेव, मधुसूदन, विष्णुप्रसाद र नारायण अनि चारपुत्री कमला, धनदेवी, गीता र देवामा परेको छ । पिताको आध्यात्मिक चिन्तन र व्यवहारका कारणले मेरो मन कुकर्म, कसुंस्कार, कुप्रवृत्तितर्फ बरालिन पाएन । अनि मलाई बाल्यावस्थादेखि नै पिताजीको आध्यात्मिक अनुष्ठानको मार्ग अवलम्बन गर्ने प्रेरणा प्राप्त भयो ।

**२. अध्ययनमा प्रेरणा :** मलाई मेरा बाबाले काठको पिर्कामा रातो धुलौटे माटा फिंजारेर अक्षराम्भ गराउनुभएको थियो । 'छोराहरूलाई विद्वान् बनाउँछु' भनेर नित्य प्रातःकालमा चन्डी, रूद्री अमरकोश पढाउनु हुन्थ्यो । बिहान पढेको पाठ साँझ नहेरी खरर बुझाउनु पर्थ्यो । संस्कृत भाषामा रचिएका अनुष्टुप छन्दका पद्यहरू मलाई बाल्यकालदेखि नै रमाइलो लाग्थ्यो । पिताको आशीर्वाद र देवीको अनुकम्पाका कारण मलाई पढ्न कहिल्यै अल्छी लागेन । "नत्वाम् सरस्वतीं देवीम्" भनेर बुबाले लघुकौमुदी पढाउन सुरू गर्नुभएको बेला मेरा छिमेकी साथीहरू विद्यालयतर्फ पढ्न गएको देखेपछि मेरो रहरलाई पूरा गरिदिन मलाई मेरा पिताले भानुभक्त माध्यमिक विद्यालयमा कक्षा ४ मा भर्ना गरिदिएपछि मेरो विद्यालयीय औपचारिक शिक्षा आरम्भ भएको हो । त्यसपछि म विस्तारै विद्यालयीय शिक्षातर्फ आकर्षित भएँ । अहिले मलाई लाग्छः बाले पढेका सबै शास्त्रहरू मैले त्यो बेला नै पढेको भए म अहिले धुरन्धर विद्वान् हुने थिएँ । त्यस बेला बाल्यावस्थाको चुल्बुले बुद्धि संस्कृतका श्लोक घोकेर के काम ? भनेजस्तो लाग्यो । अहिले त्यसको महत्त्व झल्झली याद आइरहेको छ । मेरा पिता विद्या सबै धनहरूमा प्रधान धन हो, यो निरन्तर आर्जन गरिरहनुपर्छ भन्नुहुन्छ । पिताजीकै यही प्रेरणाबाट म सदैव प्रेरित छु ।

**३. मेरो शिक्षणपेसा र अध्ययन :** मैले भानुभक्त माध्यमिक विद्यालय दमाचौरबाट २०४२ सालमा एस.एल.सी. उत्तीर्णय गरें । तत्पश्चात्म रूकुम जिल्लास्थित प्राथमिक विद्यालय जाङमा नियुक्ति पाई अध्यापन कार्यमा समर्पित भएँ । अतिदुर्गम ठाउँ, त्यतिबेला जनचेतनाको कमी, शिक्षाको महत्त्व नबुझ्ने समाज भएका कारण विद्यालयमा विद्यार्थीसंख्या न्यून थियो । दिनभरि पढाइ हुँदैनथ्यो । नजिकै कञ्चन भेरी नदी बग्थ्यो । त्यही भेरीका किनारमा आएर घण्टौँ नदीका छालहरू हेर्थे । त्यहाँ कोही माछा मार्थे । कोही पौडी खेल्थे । म भने आफूसँग भएका पुस्तकहरू लिएर त्यही किनारमा बसेर पढथें । शिक्षण पेसाका कारण मेरो उच्चशिक्षा नियमित रूपमा अगाडि बढ्न सकेन । पाइभेट परीक्षार्थीका रूपमा मुसिकोट क्याम्पसबाट आइ.ए. उत्तीर्ण गरैँ । मलाई शिक्षाको भोकले बारम्बार सताइरहन्थ्यो । प्राथमिक विद्यालय पद्मी रूकुममा स्थायी नियुक्ति लिई जानु परे पनि चार महिनामै म सो जागिर छोडेर महेन्द्र बहुमुखी क्याम्पस, दाङमा पढ्न आएँ । तीन महिना नियमित रूपमा अध्ययन गरे पुनः अर्थाभावका कारण म पनि रोल्पा जिल्लास्थित जनता निम्न माध्यमिक विद्यालय, राँकमा शिक्षकका रूपमा कार्य गर्न थालें । निम्नमाध्यमिक विद्यालय, थुनी, बाग्मारा, वीरेन्द्र माध्यमिक विद्यालय, नाउली हुँदै म रत्नराज्य उच्च माध्यमिक विद्यालय बानेश्वर काठमाडौंमा आइपुगैं । दाङबाट स्नातक उत्तीर्ण गरी कीर्तिपुर, केन्द्रीय क्याम्पसबाट २०५५ सालमा नेपाली साहित्यमा स्नातकोत्तर तह उत्तीर्ण गरें ।

**४. विद्यावारिधि शोधकार्यको पूर्वप्रसङ्ग :** मेरा पिताजीले कसैलाई ज्ञानोपदेश दिँदा, दुःखमा परेकालाई सान्त्वना दिँदा, अल्छीलाई कर्मप्रति उत्प्रेरित गराउनु पर्दा र समाजमा न्याय, अन्यायका विषयमा तर्क दिई न्यायोचित निर्णय गर्नुपर्दा महाभारतका प्रसङ्ग निकाल्नु हुन्छ । त्यति मात्र होइन राजनेताहरूले मन्तव्य दिँदा, विजय र पराजयका भाव व्यक्त गर्दा, महाभारतकै विषय अगाडि आउँछ । मैले स्नातकोत्तर तहमा अध्ययन गर्दा वासुदेव त्रिपाठी, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, घनश्याम कँडेल आदि गुरूहरूले फुर्सदमा महाभारत पढ्नुहोस्, यस ग्रन्थको अध्ययनले चातुर्दिक ज्ञान प्राप्तिमा ठूलो सहयोग पुऱ्याउँछ भन्नुहुन्छ । अतः मलाई महाभारत अठारपर्व ज्ञानको महासागर रहेछ भन्ने लागिरहेको थियो । विद्यालयमा अध्यापनको समयबाहेक म फुर्सदिलो थिएँ । आजभन्दा १० वर्षअगाडि अहिलेको जस्तो जनसम्पर्क पनि थिएन । मस्तिष्कलाई उचित खुराक दिन नसकेपछि विचारमा विकृति उत्पन्न होलान् र यसबाट मेरा क्रियाकलापहरू बिग्रदै जालान् यसबाट परिणाम दुःखदायी र कष्टकर होला भन्ने डरले म केही न केही राम्रा कुरा सोचिरहन्थैं । बसाइको सामीप्यका कारण उपसचिव शम्भु दाहालका माध्यमबाट डा. भूपहरि पौडेलसँग चिनजान भएपश्चात् उहाँले ममा के गुण र सिद्धि देख्नुभयो कुन्नि 'तपाईंले विद्यावारिधि गर्नुपर्छ' भनेर मलाई हौसला दिनुभयो । विषयक्षेत्र र शीर्षक चयनका प्रसंगमा महाभारत अठारपर्वको चर्चा भयो । त्यसपछि पौडेल गुरूले मलाई बागबजारस्थित अन्नपूर्ण अस्पतालमा लिएर जानुभयो । यहाँ डा. रामरत्न उपाध्याय विरामीको सेवामा समर्पित हुनुहुँदो रहेछ । डा. रामरत्नलाई देखाएर 'उहाँ पण्डित नरेन्द्रनाथ रिमालका कनिष्ठ सुपुत्र हुनुहुन्छ' भनेर परिचय गराउनुभयो । उनै नरेन्द्रनाथ जसले वि.सं. १९८१ मा पहिलो पटक नेपाली भाषामा

महाभारत अठारपर्वको पद्यानुवाद गरेका थिए । उनैको पहिलो संस्करणको एकप्रति पुस्तक हाम्रो घरमा पनि थियो । उक्त दिनदेखि मेरा मनमा महाभारत अठारपर्व अध्ययन गर्नुपर्छ भन्ने लाग्यो । मानिसले कुनै लाभ हुने पदमा पुग्न, बढुवा हुन वा अन्य कुनै विशिष्ट उद्देश्य प्राप्त गर्न वा अर्थोपार्जन गर्नलाई मात्र अनुसन्धानकार्य गर्ने गरेको पाइन्छ । वास्तवमा मानिसले स्वान्तः सुखायका निम्ति विद्याआर्जन गर्नुपर्छ । यही उद्देश्य पूरा गर्न मैले "पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वको विश्लेषणात्मक अध्ययन" शीर्षकमा संस्कृत विश्वविद्यालयअन्तर्गत अनुसन्धान केन्द्रबाट शोधकार्य आरम्भ गरेको हुँ ।

**५. शोधसामग्रीहरूको अध्ययन, संकलन, प्रधोशन र व्यवस्थापन :** शोधप्रस्ताव स्वीकृत भएपछि संस्कृत विश्वविद्यालयसँग करार गरियो । त्यस बेला आफूले के के न पाएजस्तो अनुभूति भयो । सगरमाथा आरोहणको यात्रा धेरैले आरम्भ गर्छन् । औंलामा गन्ने व्यक्ति मात्र शिखरचुम्न सक्छन् । राजनेता हुने लक्ष्य धेरैले लिन्छन् । राजनेता भएर स्वर्णअक्षरमा नाम लेखाउने एक दुई जना मात्र हुन्छन् । मोती टिप्ने उद्देश्य लिएर महासागरको किनारमा धेरै पुग्छन् तर थोरै मात्र पौडी खेल्न तयार हुन्छन् । पौडी खेल्ने मध्य थोरैले मात्र मोती टिपेर ल्याउँछन् । मलाई लाग्योः यस विद्यावारिधीय अध्ययन कार्यमा सफल हुन सक्छु वा सक्दिन । कार्यारम्भ त गरेँ । सामग्री संकलन गर्न मात्रै दुई वर्ष लाग्यो । महाभारत अठारपर्वजस्तो विपुल ग्रन्थको अध्ययन गर्दाका अवधिमा अनेकौं समस्याहरू आइपरेका थिए । समयसमयमा कार्यसमापन गर्न सकिँदैन कि भन्ने नैराश्य भाव पनि नआएको होइन । "बरू हिमाल पर्वत आफ्ना स्थानबाट पछि हट्न सक्ला, सूर्य नष्ट हुनसक्ला, चन्द्रमाको चाँदनी र शीतलता हट्न सक्ला, म आफ्नो प्रतिज्ञाबाट विचलित हुनसक्दिन" भन्ने अर्जुनको भनाई सम्झदै मैले महाभारत अठारपर्वको अध्ययन पूरा गरेको हूँ । पुस्तकालयीय एवं क्षेत्रीय विधिबाट शोधसामग्री अध्ययन गरिएको छ । मूल तथा सहायक ग्रन्थ साधारण पत्रिकामा प्रकाशित लेख, जर्नलमा प्रकाशित लेखहरू, सन्दर्भगत स्नातकोत्तर तहका शोधपत्र तथा विद्यावारिधि स्तरका शोधप्रबन्धहरू, पुराना हस्तलिखित ग्रन्थहरूको अध्ययन गरी शोधसामग्रीहरू सङ्कलन गरिएको छ । उपर्युक्त दुई स्रोतबाट सङ्कलित सामग्रीहरू प्रशोधन गरेर निर्दुष्ट सामग्रीहरू तयार गर्दै त्यसलाई सान्दर्भिक बनाएर विभिन्न परिच्छेदमा शोधसामग्रीहरू व्यवस्थापन गरियो । यस कार्यबाट प्रस्तुत शोधग्रन्थको मसौदा तयार गर्न सजिलो हुन गयो । यस शोधप्रबन्धलाई कयौं पल्ट लेखन, परिमार्जन, शोधनिर्देशक तथा शोधविशेषज्ञको रायसल्लाहअनुसार बारम्बार परिष्कार गरी लगभग सात वर्षको निरन्तर प्रयत्न र साधनाबाट 'पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वको विश्लेष्णात्मक अध्ययन' शीर्षक शोधप्रबन्धलाई पूर्णता दिने प्रयत्न गरिएको हुनाले प्रस्तुत शोधप्रबन्ध परिष्कृत रूपमा प्रस्तुत गर्ने कोशिस गरिएको छ ।

**६. विद्यावारिधीय शोधलेखन प्रारम्भ र अन्त्य :** विद्यावारिधि कार्यारम्भ गर्न पाउँदा म आफूलाई अत्यन्तै भाग्यमानी सम्झन्थें । त्यसबेला मेरो मन कहिले आकाशमा उड्थ्यो, तारामण्डल नियाल्थ्यो, कहिले सागरभित्र डुबुल्की मार्थ्यो र मोतीका दाना टिपेर ल्याउँथ्यो । सुनसान रातमा अक्षरअक्षरमा मन रमाउँथ्यो । काठमाडौंको कलेज, क्याम्पस र विद्यालयका छात्रछात्राहरूलाई बिहान ६ बजेदेखि साँझ ८ बजेसम्म अध्यापन गराउँदा लखतरान परेको शरीरले रातभर आराम खोजे पनि मनमस्तिष्क निदाउँदैनथ्यो । मेरो अध्ययन तथा लेखन राती १० बजेदेखि १ बजेसम्म हुन्थ्यो । महाभारत अठारपर्वको अध्ययनका क्रममा महर्षि वेदव्यासद्वारा संस्कृत भाषामा रचना गरिएको महाभारत अठारपर्वका रचनाकार को को हुन् ? कहिलेकहिले रचना गरिएको हो ? यसमा के कस्ता विषयवस्तु वर्णित छन् ? संस्कृत भाषामा निबद्ध महाभारत अठारपर्व नेपाली भाषामा पद्यानुवाद परम्पराको आरम्भ, विकासमा क-कसले के-कस्तो योगदान गरेका छन् जस्ता प्रश्नहरूको उत्तर खोज्ने प्रयत्न गरिएको छ । थुप्रै अनुवादकहरूमध्येका कवि व्यक्तित्व पण्डित नरेन्द्रनाथ रिमाल महाभारत अठारपर्वका प्रथम अनुवादक हुन् । उनको जीवनीका विविध पाटाहरू केलाउनुका साथै उनको महाभारत अठारपर्वको गहन अध्ययन गरी धर्मार्थकाममोक्षार्थं अर्थात् धर्म, अर्थ, काम, मोक्षका दृष्टिले महाभारतको महत्ता प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । पूर्वीय काव्यशास्त्रीय मान्यता (विषयवस्तु, चरित्र, छन्द, रस, अलङ्कार, भाषाशैली) का आधारमा पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ । ब्रह्माजीले आरम्भ गरेको सृष्टिदेखि कौरवपाण्डवको सृष्टि, महाभारतको भीषण युद्ध र त्यसको परिणाम हुँदै परीक्षितलाई राजा बनाई द्रौपदीसहित पाँच पाण्डवहरू महायात्रामा प्रस्थान गरेर दैहिक जीवन समाप्त गरी परमगति प्राप्त गरेका विषयवस्तु प्रस्तुत गरिएको छ । पण्डित नरेन्द्रनाथ रिमाल र पण्डित गौरीशंकर वशिष्ठद्वारा रचना गरिएका दुई छुट्टाछुट्टै महाभारत अठारपर्वका बीच विविध दृष्टिकोणबाट साम्य र वैषम्यको चर्चा गरिनुका साथै व्यासप्रणीत महाभारत अठारपर्व र नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वका बीच सङ्क्षिप्त तुलना गरिएको छ । नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वका प्रतिपाद्य विषय र प्रवृत्तिहरूको सङ्क्षिप्त चर्चा गर्ने क्रममा महाभारतमा राजनीति, धर्म, संस्कृति, नीति, न्याय, योग, दर्शन, ब्रतोपासना तथा दान, मनोविज्ञान, प्रेम, कथा, इतिहास, यज्ञ, स्वास्थ्य, मोक्षजस्ता विविध विषयलाई महत्त्वपूर्ण स्थान दिई चर्चा गरिएको छ । अपार धनजनको नाश गर्ने युद्धबाट सदासर्वदा कसैको पनि उन्नति हुँदैन । साथै, शारीरिक सुख र मानसिक शान्ति दुवै हुँदैन । अर्थवल, शारीरिक वल, सैनिक बल र पदीय बल प्रयोग गरेर न्यायिक तथा सत्मार्गी, सत्कर्मी व्यक्तिसँग गरिएको युद्धमा विजय प्राप्त गर्न नसकिने वास्तविकतालाई प्रस्तुत गरिएको छ । न्यायपूर्वक सम्पन्न गरिएका कार्यबाट मात्र मानिसको चातुर्दिक उन्नति हुन्छ, मानसिक तथा शारीरिक सुखशान्ति प्राप्त हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । शोधकार्यबाट उपाधि प्राप्त गरेको दिन म निकै नै खुसी थिएँ । अहिले आएर अनुसन्धान कार्यबाट ममा सन्तोष प्राप्त भए पनि मैले जति गर्नु पर्थ्यो त्यति गर्न नसकेको अनुभूति भइरहेको छ ।

**७. यो उही ग्रन्थ हो तर उही ग्रन्थ होइनः** प्रस्तुत कृति नेपाल संस्कृत विश्वविद्यालयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने उद्देश्यले रचना गरिएको ग्रन्थ हो । यही ग्रन्थका आधारमा मलाई उपाधि प्रदान गरिएको छ । अतः यो ग्रन्थ उही हो तर यो ग्रन्थ उही हो भन्न मेरो मनले अलि मान्दैन । यस प्रबन्धमा समावेश नगरिएका विषयवस्तु जस्तैः नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वमा शब्दकोशीय अर्थप्रकाश, व्याकरणिक पक्षका दृष्टिले महाभारत अठारपर्वको मूल्याङ्कन, व्यासप्रणीत महाभारत अठारपर्वसँग नरेन्द्रनाथ रिमालप्रणित महाभारत अठारपर्वको सङ्क्षिप्त तुलना, नरेन्द्रनाथ रिमालको स्थाननिर्धारणजस्ता महत्त्वपूर्ण पक्षहरू यस कृतिमा थप गरिएका कारण यो कृति उही होइन ।

**८. कृतज्ञताज्ञापन :** मलाई मानवका रूपमा यस धरतीमा पदार्पण गराई शारीरिक, मानसिक, बौद्धिक, शैक्षिक आदि विविध क्षेत्रमा उन्नति/प्रगति गराउँदै शिक्षाआर्जनमा सदा उत्प्रेरित गराउने मेरा पूजनीय पिता

बुद्धिराज लामिछाने र माता सुमित्रादेवी लामिछानेप्रति म सदा अनुगृहित छु । विधावारिधि उपाधि प्राप्त गराउने कार्यमा आरम्भदेखि अन्त्यसम्म महाभारत अठारपर्वजस्तो विपुल ग्रन्थको अध्ययन, लेखनप्रति शोधनिर्देशकका रूपमा रहेर उत्प्रेरित गर्दै समय-समयमा मार्गनिर्देशन गर्ने मेरा पूजनीय गुरू डा. भूपहरि पौडेलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत कृति तयार गर्ने क्रममा नेपाली तथा संस्कृत भाषा साहित्यका मर्मज्ञ प्रा.डा. विष्णुप्रसाद देवकोटा, प्रा.डा. कुलप्रसाद कोइराला विषयविशेषज्ञका रूपमा रहेर मलाई अमूल्य रायसुझाव दिई अविस्मरणीय सहयोग गर्नु भएको हुनाले उहाँहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

महाभारत अठारपर्व अध्ययन गर्नु निकै कठिन कार्य हो भन्दै मेरो अध्ययनलाई सहजीकरण गराई पूर्णतातर्फ उत्प्रेरित गर्ने नेपाल संस्कृत विश्वविद्यालयका तात्कालिक कार्यकारी निर्देशक प्रा.डा. वेणीमाधव ढकाल तथा अर्का कार्यकारी निर्देशक प्रा.डा. लीलानाथ पौडेलप्रति असीम श्रद्धाभाव व्यक्त गर्दछु । त्यसैगरी प्रा. नारायणप्रसाद आचार्य, प्रा. दिनेशराज पन्तप्रति पनि आभार व्यक्त गर्दछु । आर्थिक, भौतिक, शैक्षिक सामग्री सङ्कलनको कार्य तथा समय अभावका कारण म अध्ययनबाट विचलित भइरहेको बेला हरेक पक्षबाट हार्दिकतापूर्वक सहयोग गर्ने संस्कृत विश्वविद्यालयका सहप्रशासक हरिप्रसाद पाण्डेय तथा नगेन्द्रराज रेग्मीको सद्भाव सहयोग मेरा लागि अविस्मरणीय बनेको छ । अतः उहाँहरू र नारदमणि पौडेललगायत संस्कृत विश्वविद्यालयमा कार्यरत अन्य कर्मचारीहरूप्रति म हृदयतः आभार व्यक्त गर्दछु । अध्ययनको महत्त्वबारे चर्चा गरी मलाई अध्ययनशील बनाउनमा सहयोग गर्ने उपसचिव शम्भु दाहालप्रति आभार व्यक्त गर्दछु । मलाई रोल्पा जिल्लाबाट शिक्षक पदमा काठमाडौंको मुटुमा अवस्थित रत्नराज्य उच्च माध्यमिक विद्यालयमा सरूवा गराइदिएर अध्ययनतर्फ उत्प्रेरित गर्ने आदरणीय मामादाजु पूर्व जिल्लाशिक्षा अधिकारी विष्णुकुमार देवकोटाप्रति आभार व्यक्त गर्दछु ।

अध्ययनसामग्री सङ्कलनका क्रममा वनारस पुगेका समयमा आजामगढ महाविद्यालयमा अध्यापनरत मेरा काका प्रा. कृष्णप्रसाद लामिछानेले गरेको सहयोगका लागि, प्रस्तुत कृतिनिर्माणमा सामग्री सङ्कलनदेखि व्यवस्थापनसम्मको सहयोग गर्नु हुने भिनाजु योगीश खरेल तथा केशवराज खरेलप्रति आभार प्रकट गर्दछु । मलाई प्रस्तुत कृतिलेखनका लागि समयको व्यवस्थापन गरिदिने रत्नराज्य उच्च माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक गोपालप्रसाद बास्कोटा र आर्थिक, शैक्षिक भौतिक व्यवस्थापनमा मन, वचन र कर्मले अविस्मरणीय सहयोग गर्नुहुने आदरणीय दिदी प्राचार्य डा. गीता सिवाकोटी (खरेल) को चिरऋणी छु । मेरो अध्ययनप्रति चासो राखी सधैं उत्प्रेरित गर्ने दिदी गायत्री खरेल, 'पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारत अठारपर्वको विश्लेषणात्मक अध्ययन' शीर्षक शोधप्रबन्धक निर्देशक र विशेषज्ञको राय/सल्लाहअनुसार परिष्कार गरेपछि अन्तिम साफीप्रति 'रातको नीद र दिनको भोक' माया मारेर शुद्ध र आकर्षक रूपमा कम्प्यूटर टङ्कणकार्य गरी सहयोग पुर्‍याएकोमा भतिज अभिजित पौडेललाई ह्दयः धन्यवाद दिन्छु । त्यस्तै, यस टङ्कण कार्यमा भतिजी ऋचा पौडेल (तिमल्सिना) को सहयोग पनि अविस्मरणीय रहेको छ । प्रस्तुत शोधप्रबन्ध यथाशीघ्र प्रस्तुत गरेर विद्यावारिधि उपाधि प्राप्त गरेको समाचार सुन्न र बधाई प्रकट गर्न हतारिने आदरणीय भाउज्यू श्रीमती माण्डवी पौडेल र स्नुषा रञ्जिता रिजाल (पौडेल) प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्छु । आफ्नो अमूल्य समयको प्रर्वाह नगरी सेटिङ् गरिदिने गीता मालीलाई धन्यवाद नदिए ठूलो अन्याय हुन्छ । त्यस्तै, घरासयी तथा व्यावहारिक कार्यबोझबाट मुक्त गराई मेरो लेखनकार्यमा सहयोग गर्ने मेरी अर्धाङ्गिनी शारदाकुमारी रेग्मीलाई हृदयतः धन्यवाद दिन्छु । त्यस्तै दाजु वासुदेव, भाइ विष्णु तथा नारायण बहिनीहरू कमला, धनदेवी, गीता, देवा र ज्वाइँहरू क्रमशः चेतकान्त गौतम, शुकदेव गौतम, गुरूप्रसाद गौतम, वसन्त गौतम, छोरा सन्देश र ऋषिकेश प्यारो गुरूबुबा अभिषेक नानु ऋचालाई धन्यवाद दिन्छु । त्यसैगरी, शोधसामग्रीहरूको संकलनका क्रममा मदन पुरस्कार पुस्तकालयमा सङ्कलित दुर्लभ सामग्रीहरू अध्ययन गर्ने सुविधा दिएर यो शोधार्थीलाई प्रेरणा र हौसला प्रदान गर्नुभएकोमा नेपाली साहित्यका अन्वेषक तथा निबन्धकार कमलमणि दीक्षितप्रति मनसा, वचसा, कर्मसा आभार व्यक्त गर्दछु । केन्द्रीय पुस्तकालय, कीर्तिपुर, केशर पुस्तकालय, पद्मकन्या बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्छु ।

अन्त्यमा, शोधनायक नरेन्द्रनाथ रिमालका जेष्ठपुत्र प्रा. शिवरत्न उपाध्यायको सहयोग मेरा लागि अमूल्य रहेको छ । उहाँको परलोकबासी आत्माले सदा सुख पाओस् भन्ने कामना गर्दछु । नम्रता, भद्रता, शिष्टता, पितृभक्तिभावका पुञ्ज, समाजसेवी डा. रामरत्न उपाध्यायले "तपाईको शोधग्रन्थ हामी छापिदिन्छौं भनेको सुनेपछि म निकै उत्साहित भएको थिएँ । अतः मेरो प्रस्तुत शोधप्रबन्ध प्रकाशनमा तत्परता देखाई समयमै ग्रन्थप्रकाशन गरेर मेरो रचनात्मक जीवनमा उत्साहमाथि उत्साह थपिदिनु भएकोमा डाक्टरसाहेबप्रति ह्दयतः आभार प्रकट गर्छु । गाईका कल्चौडाभरी दूध भए पनि सो दूध दुहुने मानिसको अभावमा अमृतरूपी दूध पिउन नपाएझैं प्रस्तुत कृति प्रकाशन नगरिदिएको भए मेरो लेखनसमेत व्यर्थ हुने भएको हुनाले प्रथमतः यो कृति प्रकाशनको आर्थिक भार ग्रहण गर्नुहुने नरेन्द्र वाङ्मय निधिका अध्यक्ष डा. रामरत्न उपाध्यायप्रति हार्दिक श्रद्धाभाव व्यक्त गर्दछु ।

मेरो शोधकार्य पूरा हुनुमा उहाँको अहं भूमिका रहेकाले मेरो लागि डा. रामरत्न उपाध्याय अविस्मरणीय व्यक्तित्वका रूपमा रहनुभएको छ । प्रकाशन गरिदिने नुवाकोट साहित्य प्रतिष्ठानलाई पनि धन्यवाद व्यक्त गर्दछु । साथै, श्री प्रेसका व्यवस्थापक रूक्मनाथ पौडेलप्रति हार्दिक धन्यवाद प्रकट गर्छु ।

**९. निष्कर्ष :** मानिस जिज्ञासु, बौद्धिक र चिन्तनशील प्राणी हो । धर्तीका अरबौं मानिसमध्ये म पनि एउटा मानिस हुँ । मानिसको मस्तिष्क अनुसन्धेय छ । मानिसमा रहेको ऊर्जाले हरेक कर्मप्रति उत्प्रेरित गराउने कार्य गर्छ । मलाई ममा रहेको इच्छा शक्तिले महाभारत अठारपर्वको अध्ययनतर्फ अग्रसर गरायो । आइ.ए. देखि एम.ए. सम्मका कक्षाहरूको अध्ययन मैले आफ्नै प्रयत्नबाट पूरा गरेको हुँ । पढाइतर्फको क्रियाशीलता र विद्याको रस मैले अनुसन्धानकार्य गर्न थालेपछि मात्र प्राप्त गरेको हुँ । महाभारत अठारपर्वको विश्लेषणात्मक अध्ययन शीर्षकमा शोध ग्रन्थ तयार गरी मैले विद्यावारिधि उपाधि प्राप्त गरे पनि मलाई महाभारत अठारपर्वको गहिराइसम्म अझै पुग्न नसकेको अनुभुति भएको छ । पानीको एक बूँदलाई सागर र सागरलाई बूँद बनाउनसक्ने क्षमताको आवश्यकता पर्दो रहेछ । संस्कृत भाषा साहित्यको ज्ञानको अभावका कारण मलाई आफू अलि पछाडि परेको जस्तो अनुभूति भएको छ । जे होस् नेपाली भाषा साहित्यमा महाभारत अठारपर्वसम्बन्धी शोधपरक ग्रन्थ प्रकाशनमा आएको छ । यसमा अझैं कैयौं त्रुटिहरू होलान् । विद्वान् पाठकवर्गले मलाई अमूल्य सुझाव दिनुहुने नै छ भन्ने अपेक्षा गर्दै मेरो अल्पज्ञानको भाषाले गरेका ठूला गल्तीहरूका लागि क्षमाप्रार्थी छु । धन्यवाद अग्निचक्र मासिक ।

# दुई कम्पनी बीच हकप्रद शेयर निष्कासनको सम्झौता



आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको गत असोजमा सम्पन्न भएको २०औं वार्षिक साधारण सभाको निर्णयानुसार १०:८ अनुपात (१०शेयर बराबर ८) शेयरका दरले हकप्रद शेयर जारी गर्नको लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेडसंग हकप्रद शेयर निष्काशनको संझौता पत्रमा हालै हस्ताक्षर सम्पन्न भयो । उक्त सम्झौतापत्रमा कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र ग्लोबल आइएमई क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पारसमणि ढकालले हस्ताक्षर गर्नुभयो । कम्पनीको चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले जानकारी दिंदै आज सम्झौता भएको ८० प्रतशित हकपद शेयरको निष्काशन पश्चात आइएमई जनरल इन्स्योरेन्स लिमिटेडको चुक्ता पुँजी रू. ९७ करोड २० लाख पुग्नेछ र तत् पश्चात बोनस शेयर दिई कम्पनीले आफ्नो चुक्ता पुँजी रू.१ अरब २ करोड ६ लाख पुऱ्याउने गरी पुँजी वृद्धि योजना बीमा समितिमा पेश गरिएको पनि जानकारी गराउनुभयो ।

कम्पनीले गुणस्तरीय सेवामा वृद्धि गर्दै ग्राहक महानुभावरूलाई चुस्त सेवा प्रदान गर्नको लागि ७ वटै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै आएको छ । हाल कम्पनीको प्रधान कार्यालय सहित २६ वटा शाखा तथा सम्पर्क कार्यालयहरू साथै १० वटा सेवा काउण्टरहरू गरी ३६ वटा स्थानहरूबाट सेवा प्रदान गर्दै आएकोमा निकट भविष्यमा कम्पनीले थप १६ शाखा तथा सम्पर्क कार्यालयहरू खोलेर आफ्नो शाखा सञ्जाललाई देशका विभिन्न भागमा विस्तार गर्दै चुस्त सेवा प्रदान गर्ने जानकारी गराउनु भयो । कार्यक्रममा सहायक महाप्रबन्धक **शरण रेग्मी** पनि सहभागी हुनुहुन्थ्यो ।

# गुरू

गुरू तिमी हौ ज्ञानका खानी
गुरू तिमी हौ धीरका धनी ।
गुरू नभर्की कति ज्ञान दिन्छौ
त्यसको बदलामा सन्तुष्टि लिन्छौ ॥

गुरू भनेका देवता हुन् सब
जो गर्छ गुरूलाई मान अब ।
जो गुरूले हिँडेका बाटोमा हिड्छ
जो गुरूले दिएका उपदेश सिक्छ ॥

गुरू हुन् अँध्यारो सबै हटाउने
गुरू हुन् धरतीलाई चिनाउने ।
गुरू हुन् अनजानलाई ज्ञान दिने
गुरू हुन् धरतीलाई सजाउने ॥


गुरूको प्रयास रहन्छ निरन्तर
गुरूको सद्भाव रहन्छ बारबार ।
गुरूले हाँसेमा धरती उज्यालो
गुरूको अरतीले बल्छ दियालो ॥



**दुर्गा देवी नेपाल**
*सिक्तेल कोट-५, भोजपुर*



# नेपालमा फैलिँदो




इन्जिनबिनाको तर, तार (फलामको लट्ठा) मा कुद्ने कारलाई केबलकार भनिन्छ । ठूलो फलामको चक्कालाई शक्तिशाली इलेक्ट्रिक मेसिनले घुमाउँदा फलामकै टावरमा टागिएका तार पनि सँगसँगै घुम्छन् र तारमा तुर्लुङ्ग झुण्डिएका कार आफ्नो गन्तव्यमा सुरक्षित अवतरण हुन्छन् । केबलकार यात्राको अनुभव नगर्नुभएकाहरुका लागि यतिमै बीट मार्दा केबलकारको सामान्य परिचय सकिन्छ । तर, अनुभव गर्नुभएका र नगर्नुभएका दुवैका लागि यसका बहुआयामिक पक्ष यतिमै सिमित छैनन् ।

**१) ऐतिहासिक पृष्ठभूमिः** सन् १९७० को प्राविधिक क्रान्तिपछि विज्ञान र प्रविधिको क्षेत्रमा अभूतपूर्व परिवर्तन भए । यसको अर्थ यो होइन कि, केबलकार त्यसपछि मात्र विश्वमा देखापर्न थालेका हुन् । अन्द्रेव एस हल्लिदीले सन् १८७३ मा अमेरिकाको सान फ्रान्सकोस्थित क्ले स्ट्रिटमा केबलकारको अभ्यास गरेको अध्यनबाट देखिन्छ । हरेक आविष्कारका पछाडी एउटा न एउटा प्रेरक तत्व गाँसिएको हुन्छ । अन्द्रेव एक भयानक हर्सकार दुर्घटनाको साक्षी बन्न पुगे । त्यो दुर्घटनाले उनलाई प्रेरणा प्रदान गऱ्यो । सन् १८७३ को अगष्टमामा नोव हिलबाट पहिलोपटक केबलकारको परिक्षण यात्रा प्रारम्भ गरे । जुन सार्वजनिक सेवाका लागि समेत खुल्ला गरियो । नोव हिल अहिले सुविधा सम्पन्न होटल र रिसोर्टहरुले झकिझकाउ हुन्छ । हाल विश्वमा चल्तीमा रहेका केबलकार सेवा र सन् १८७३ को केबलकार सेवामा विभिन्नता धेरै छन् । अतः जे भएपनि अन्द्रेव नै केबलकारका जननी वा पिता हुन् ।

आजकल नेपालमै पनि केबलकारको चर्चा परिचर्चा खुबै हुन थालेको छ । नेपालको भू-बनावट र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका दृष्टिले समेत केबलकार उपर्युक्त माध्यम हो भन्ने सबैलाई लाग्न थालेको छ । प्रायः शक्तिपीठ र देवदेवीका मन्दिर पहाडको चुचुरो वा अप्ठ्यारो खोचमा हुने भएकाले पनि धार्मिक पर्यटनको प्रवर्द्धनमा केबलकार भरपर्दो र सजिलो यातायातको माध्यम मानिन थालेको हो । सम्वत् २०५५/५६ मा निर्माण कार्य पूरा भइ संचालनमा आएको मनकामना केबलकारलाई नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा एक महत्वपूर्ण आयामको रुपमा स्वीकार गरिएको छ । मनकामना माई मन्दिरका दर्शनार्थीहरुलाई मनकामना केबलकारले सेवा दिन सुरु गरेको झन्डै दुई दशकमा एकीकृत पर्यटकीय पूर्वाधार सहित काठमाडौंको दक्षिण पश्चिममा अवस्थित चन्द्रागिरि पर्वतमा अर्को बृहत् केबलकार परियोजना संचालनमा आएको छ । पश्चिम नेपालको पोखरा र मध्य नेपालको काभ्रे लगायतका स्थानमा केबलकार परियोजना निर्माणको अन्तिम चरणमा छन् भने अन्य कतिपय स्थानमा पाइपलाइन नै छन् । आन्तरिक श्रोत साधनको परिचालन गरि दीर्घकालीन आर्थिक अभ्यासलाई बढाउन, स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न, स्थानीय स्तरको व्यापार-व्यवसायलाई प्रवर्द्धन गर्न र मुलुकको आर्थिक विकासका लागि अपरिहार्य मानिएको पर्यटन क्षेत्रको विकासमा केबलकारको आवश्यकता बढ्ता महसुस गर्न थालिएको छ । यद्यपि, केबलकार वा त्यस्तै प्रकृतिको सेवा नेपाल र नेपालीको हकमा पनि त्यति नयाँ भने होइन ।

१९२२ मा तत्कालिन श्री ३ महाराज चन्द्र शमशेरले ढोरसिङ्ग-चिसापानी-चन्द्रागिरि हुँदै काठमाडौं उपत्यका जोड्ने २२ किलोमिटर लामो रोपवे सेवाको निर्माण शुरु गरेको पुरानो इतिहास हामीसँग सुरक्षित छ । त्यहि परियोजनालाई यूएसएडको वित्तीय सहयोगमा सन् १९६४ मा ४२ किलोमिटर लामो रोपवे दुरी सहित हेटौडासम्म पुग्ने गरि विस्तार गरियो । त्यो जीर्ण संरचना अझै पनि देख्न पाइन्छ । योजनावद्ध विकासको पाँचौं पञ्चवर्षीय योजनाले भौतिक पूर्वाधारको निर्माणमा सडक संजाललाई बढ्ता प्राथमिकतामा राख्ने राष्ट्रिय नीति तय गरेपछि रोपवे सेवाको बाँकी सरकारी विस्तार पूर्णतः अवरुद्ध बन्यो । त्यसको झन्डै तीन दशकपछि सन् १९९८ मा निर्माण भएको मनकामना केबलकारले रोपवे सेवालाई नयाँ रुपमा परिवर्तन मात्र गरिदिएन नेपालको भू-बनावट सुहाउँदो सुरक्षित र आधुनिक यातायातको माध्यमलाई समेत पुनस्थापित गरिदियो ।

नेपाल बुझेका विदेशी अध्येता, शुभचिन्तक एवम् तत्कालिन दातृ निकाय रोपवेको विकल्पमा सडक संजाललाई उच्च प्राथमिकतामा राख्ने राष्ट्रिय नीतिले नेपालको विद्यमान हरियाली सौन्दर्य छिट्टै नष्ट हुनेमा चिन्तित थिए । अहिले भएको पनि ठयाक्कै त्यस्तै छ । नेपालका सुन्दर हरियाली पहाडहरुमा धमाधम सडक विस्तार भएका छन् । ती सडकको निर्माण, स्तरोउन्नती र मर्मतमा ठूलो सरकारी धनराशी खर्च भएको छ । एउटा पातलो वस्तीबाट अर्को पातलो वस्तीमा पुग्न कोशौं हिड्नुपर्ने भौगोलिक वनावट भएको मुलुकमा घरघरमा सडक संजाल पुऱ्याउने होडबाजी चलेको छ । नेपालको पहाडमा आधारित प्राकृतिक सौन्दर्य दिनप्रतिदिन नष्ट हुँदै छ । त्यसको विकल्पमा प्रस्तुत भएको रोपवे सेवालाई प्रभावकारी ढंगले त्यहीबेलादेखि कार्यान्वयनमा ल्याउन सकेको भए सम्भवत अहिलेसम्म नेपालमा धेरै केबलकार सेवाहरु संचालनमा आईसकेका हुनेथिए । सुरक्षित यात्रा मानिने केबलकार सेवा धुलो उडाउँदै कुद्ने गाडीभन्दा हाम्रा लागि बढ्ता हितकर हुनेथिए ।

# केबलकार

**२) सम्भावनाको खोजिः** गोरखास्थित भट्टेडाँडा, बारपाक र मनकामनामा तत्कालिन समयमै भएको स्थलगत अध्यनले नेपालको विकट पहाडी स्थानहरुमा यात्रु बोक्ने रोपवे बढ्ता प्रभावकारी हुने निष्कर्ष प्रस्तुत गरिएको थियो । उदारीकरण र खुल्ला बजार अर्थनीति अन्तर्गत नवौं पञ्चवर्षीय योजना रोपवे सेवामा नीजि क्षेत्रका लागि उदार भइदियो । नीजि क्षेत्रले यो शिर्षकमा लगानी गर्न पाउने भए । लगानी कर्ताको हिम्मत, अठोट र प्रेरणा आफैमा महत्वपूर्ण भएपनि मनकामना केबलकारको स्थापना यहि पृष्ठभूमिले सम्भव भएको हो । तसर्थ, नीतिगत स्पष्टता यो निर्वाध पूँजीवादी यूगमा राज्यको पहिलो काम हो । नीजि क्षेत्रको काममा अभिभावकत्व ग्रहण गर्नु यो यूगको चारित्रिक विशेषता हो । पश्चिम नेपालस्थित पर्वत जिल्लाको टापुयुक्त खोंचमा अवस्थित सदरमुकाम कुश्मा बजार अहिले यान्त्रिक सहित अन्य पुलले चारैतिरबाट जोडिएको छ । पर्वत उद्योग वाणिज्य संघले यान्त्रिक पुलमा गरेको संस्थागत लगानी प्रतिफलमा रुपान्तरित भएको मात्रै छैन घन्टौं लाग्ने खोंच बेशीको पट्यार लाग्दो लामो पैदल यात्रालाई छोट्याइदिएको छ ।

चन्द्र शमशेरले परिकल्पना गरेको झन्डै ९ दशकपछि संयोगले त्यहि चन्द्रागिरि पर्वतमा अहिले नेपालको नीजि क्षेत्रले झन्डै ४ अर्ब लगानीमा केबलकार सहितको एकीकृत पर्यटकीय पूर्वाधार निर्माण सम्पन्न गरि संचालनमा ल्याएको छ । चन्द्रागिरि हिल्स लिमिटेडले प्रवर्द्धन गरेको उक्त परियोजना अहिले नेपाल घुम्न आउने विदेशी पर्यटक र आफ्नै मातृभूमिको सौन्दर्य अवलोकन गर्न चहाने रैथाने नेपाली सबैका लागि मुख्य आकर्षणको केन्द्र बनेको छ । विदेशी पर्यटकको नेपाल बसाई कम्तिमा एक दिन लम्ब्याउने उद्देश्य राखेको चन्द्रागिरि परियोजनाबाट अन्ततः लाभान्वित हुने हामी नै हौं । आजको झन्डै एकाध वर्ष पहिला त्यहि चन्द्रागिरि पर्वत सिमिति पैदलप्रेमी आन्तरिक पर्यटन र स्थानीय वासिन्दाको लागि मात्र जानपहिचानको स्थल थियो । अहिले दिनमै हजारौं आन्तरिक र विदेशी पर्यटकहरुले भालेश्वर महादेवको दर्शन गर्दै त्यहाँबाट देखिने सुन्दर प्राकृतिक सौन्दर्यको आनन्द लिइरहेका छन् । चन्द्रागिरि र त्यस आसपासका क्षेत्रमा कुटिर व्यवसाय संचालन गर्ने स्थानीय वासिन्दाको व्यस्त दैनिकी अहिले हेर्न लायक छ । नीजि क्षेत्रको सक्रियतामा संचालनमा आएको परियोजनामा लगानी मात्र होइन, व्यवस्थापन पनि पूर्णतः नेपाली नागरिकले गरेका छन् । सरकारी राजश्वमा चन्द्रागिरि हिल्स लिमिटेडको योगदान दिनप्रतिदिन बढ्दै गएको छ । नेपाल घुम्न आउने विदेशी पर्यटकहरु केबलकार सहित चन्द्रागिरिमा निर्माण भएका पर्यटकीय पुर्वाधारहरुबाट मोहित हुन्छन् । नेपालमा अर्को एउटा नयाँ पर्यटकीय गन्तब्य थपिएको छ । विदेशी पर्यटकहरुको एक दिन बसाईं लम्ब्याउने कम्पनीको उद्देश्य पुरा हुने क्रममा छ । दृढ इच्छाशक्ति भएमा जस्तोपनि काम सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको चन्द्रागिरिले नेपालको पर्यटन व्यवसायलाई समेत विविधता थपेको छ ।

आजभन्दा झन्डै दुई दशक अगाडी घन्टौंको लामो उकालो पार गरेर मनकामना माईको काखमा पुग्ने हजारौं दर्शनार्थी अहिले १४/१५ मिनेटको छोटो समयमै त्यहाँ पुगेर माई समक्ष आफ्नो याचना पुकार गर्न सक्ने भएका छन् । दुरी र समय दुवै छोटिएको छ, दर्शनार्थीहरुको सङ्ख्या बढेको छ । सरकारी राजश्व असुलीमा गुणात्मक र मात्रात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने जनाउ दिएको छ । स्थानीय स्तरमा रोजगारीका अवसरहरु पनि थपिएका छन् । स्थानीय सामाजिक आर्थिक संरचनामा रुपान्तरण देखा परेको छ ।

स्थानीय वासिन्दाको दैनिकी फेरिएको छ । सामाजीकरणको प्रकृया पनि फराकिलो भएको छ । मनकामना माईको ख्याती र प्रसिद्धि अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको छ । केबलकार संजालको विकासले त्यो क्षेत्रमा थपिएको आर्थिक गतिविधिलाई अहिले सबैले नजिकबाट नियालिरहेका छन् । यो एउटा प्रतिनिधि उदाहरण मात्र हो, यस्ता सम्भावना नेपाली भूगोलसँग अरु पनि धेरै छन् । सुदुरपुर्वस्थित ताप्लेजुङमा अवस्थित पाथिभारा होस् वा मध्यपश्चिममा अवस्थित प्युठानको स्वर्गद्वारी या सुदुरपश्चिमको खप्तड क्षेत्र केबलकार संजालको व्यग्र प्रतिक्षामा छन् ।

**३) आवश्यकताः** पर्यटन र जलविद्युत नेपालको घरयासी अर्थतन्त्रलाई चलायमान गराउने दुई दीर्घकालीन स्थायी श्रोत हुन् । अहिले कूल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान मुस्किलले ३ (तीन) प्रतिशत मात्र छ । जुन अत्यन्तै कम वा नगन्य योगदान हो । नेपालका हरेक पर्वत, खोंच र चुचुरामा पर्यटनको उत्तिकै सम्भावना छ । त्यसलाई जीवन्तता प्रदान गर्न श्रोत र साधनको परिचालन गरि संरचनागत विकास अनिवार्य शर्त मानिन्छ । मठ, मन्दिर, देवालय, शक्तिपीठप्रतिको आस्था उस्तै छ । धार्मिक पर्यटनको उच्च सम्भावना यो भूगोलको अर्को विशेषता हो । हाम्रो निकटका छिमेकी मित्र राष्ट्रहरुमा धर्मका लागि ठुलो रकम खर्च हुन्छ । त्यो भूगोलमा बसोबास गर्ने ठुलो जनसंख्याको धार्मिक पैसा नेपालले खिच्ने त्यो हाम्रा लागि उपयुक्त अवसर हो । धेरैजसो तीर्थाटनका लागि नेपाल पवित्र भूमि हो । त्यस्ता दार्शनार्थीहरुको सुविधाका लागि केबलकार संजाल सहितको विविधतायुक्त पर्यटकीय पूर्वाधारहरुको तीब्रत्तर विकास गरिनुपर्दछ । राजनैतिक स्थायित्व, कानुनी राज्य र नीजि क्षेत्रको प्रोत्साहनले मात्र यस्ता क्षेत्रको प्रवर्द्धन गर्न सकिन्छ ।

रोपवे भन्नुस् वा परिष्कृत भाषामा केबलकार ग्रामीण अर्थतन्त्रलाई शहरसँग जोड्ने सेतु बन्नुपर्छ । शोख वा शौखिन साधनको रुपमा मात्र केबलकारलाई परिभाषित गर्नु नेपालको हकमा सुहाउँदैन । यो नेपालको आवश्यकता हो । उदाहरणार्थ सुदूरपश्चिमका थोरै भू-भागमा सडक संजाल पुगेको होला, अधिकांश भू-भाग बाँकी नै छन् । त्यहाँ उत्पादन हुने वनस्पति वा फलफूलले उचित बजारको अपेक्षा आजदेखि होइन धेरै पहिलेदेखि नै गर्दै आएका हुन् । केबलकार संजालको विकास र प्रवर्द्धन नेपालको भूबनावट सुहाउँदो विकल्प पक्कै हो ।

मान्छेको सामाजिक जीवन वा सामजिकीकरणको प्रक्रियालाई पनि यस्ता संरचनाले जोड्ने काम गर्दछन् ।

**४) अन्त्यमाः** अन्द्रेवले त्यो समयमा नेपालको भूबनावट परिकल्पना गरे वा गरेनन् यसै भन्न सकिँदैन । अन्द्रेवले एउटा घटनाको प्रेरणाबाट केबलकारको परिक्षण सफल बनाए । त्यस्तै प्रकृतिका प्रेरणाबाट नेपालको नीजि क्षेत्र अहिले केबलकार सहितका पर्यटकीय पूर्वाधारहरुमा लगानी गर्न उत्साहित बनेका छ । केबलकारको मज्जा लिन अहिले स्वीजरल्याण्ड जस्ता विकसित सहरमा पुग्नु पर्दैन । तपाईं हाम्रै पर्वतमा त्यस्ता संरचना निर्माण भएका छन्, हुने क्रममा पनि छन् । समयको परिवर्तन सँगसँगै तपाईं हाम्रै आवश्यकताका लागि थपिएका यस्ता नयाँ क्षेत्रले अझै परिष्कृत हुने मौका पाउन् । ◆◆

*(साभार : गोरखापत्र)*



अर्जुन न्यौपाने



# सूर्य महिमाको महिना पौष

वर्षभरि घुम्ने बाह्र महिनाहरूका आआफ्नै महत्व, महिमा र विशेषता छन् । ती महिनामध्येको नवौं महिना पौष हो । पौष महिनामा सूर्यको पूजा व्रत आदिको ठूलो महत्व रहेको छ । धर्मशास्त्रमा उल्लेख भए अनुसार सूर्यदेवको पूजा आराधनामा व्रतको शुभारम्भ गर्ने महिना पनि पौष हो । पौष पक्षको पहिलो आदित्यबार (आइतबार) निकै महत्वपूर्ण मानिन्छ ।

नवग्रहहरूमध्ये सबैभन्दा ठूलो र शक्तिशाली ग्रहकारूपमा सूर्यनारायण चिनिन्छन् । पृथ्वीभन्दा करोडौं गुणा ठूलो आकार भएता पनि मानव चक्षुबाट यस्तो देखिदैन, त्यस्तै यिनको महत्वका बारेमा ज्ञान अपार छ । सूर्यनारायणको पूजा, अर्चना, उपासना, व्रत गर्नाले रोगबाट मुक्ति, दरिद्रता नाश भई सुख, शान्ति, समृद्धि प्राप्त हुन्छ । पुत्रको चाहना भएकाहरूलाई पुत्रप्राप्ति र भइसकेका सन्तानहरू तेज, बुद्धिमान्, निरोगी, कुलका ज्योति हुन्छन् भन्ने शास्त्रीय प्रमाण पाईन्छ ।

सूर्य नारायणका उपासकहरूले विशेष त व्रतको दिनमा सूर्यदेवको पूजा, अर्चना, जलार्पण, नमस्कार गरेरमात्र प्रसाद ग्रहण गर्नू भन्ने मान्यता छ । पूजा गरी राता फूल, टीका, अक्षता, फल, नैवेद्य, वस्त्र अर्पण गर्नु पर्दछ । करवीरको फूल नभए पातमा पनि सूर्यदेवको प्रिय छ भने आँकको फूल चढाउदा सुनको असर्फी सरह फल पाइन्छ । त्यस्तै कनेर, बेलपत्र, पद्म, कुश, नीलकमल पनि उत्तम मानिन्छन् । धतुरो, काँची अपराजिताका फूल चढाउनु हुदैन ।

सूर्यदेवका बाह्र महिना पिच्छे बाह्रवटा अलग अलग नाम छन्, त्यसैले द्वादशादित्य भनेर पनि भनिन्छ । त्यसैले पूजा गर्दा बाह्र सुते बत्ती बाह्र जोर, बाह्र थरी फलका नैवेद्य, बाह्र थरीका राता फूल, फल, अर्पण गर्दा उत्तम भनिएको छ । व्रत उपासना पनि बाह्र दिन, बाह्र महिना वा बाह्र वर्ष संकल्प गर्नु उत्तम हो । महिना अनुसार नाम र सोही अनुसार बस्ने राशि र व्रतालुले खानुपर्ने कुरालाई ध्यानपूर्वक गर्दा व्रतको प्रभाव छिटो पर्दछ भन्ने मान्यता छ ।

| **महिना** | **सूर्यका नाम** | **बस्ने राशि** | **खानुपर्ने कुरा** |
|---|---|---|---|
| माघ | अरूण | मकर | तिल (३) |
| फागुन | सूर्य | कुम्भ | दूध (३) |
| चैत | वेदाङ्ग | मीन | दही (३) |
| बैशाख | भानु | मेष | गाइको गोवर (३) |
| जेठ | इन्द्र | वृष | पानी (३) |
| असार | रवि | मिथुन | मरिच (३) |
| साउन | गभस्ती | कर्कट | चाकु (३) |
| भाद्र | यम | सिंह | गहुँत (३) |
| असोज | सुवर्ण | कन्या | केरा (३) |
| कार्तिक | दिवाकर | तुला | केही पनि नखानु |
| मङ्सिर | मित्र | वृश्चिक | फलाहार |
| पुस | विष्णु | धनु | घिउ (३ ≠ मुठी) |

नवग्रहहरूमध्ये सबैभन्दा ठूलो र शक्तिशाली ग्रहकारूपमा सूर्यनारायण चिनिन्छन् । पृथ्वीभन्दा करोडौं गुणा ठूलो आकार भए तापनि मानव चक्षुबाट यस्तो देखिदैन, त्यस्तै यिनको महत्वका बारेमा ज्ञान अपार छ ।



श्रीसूर्यनारायण कश्यप गोत्र, रक्त वर्ण र सिंह स्वामी भएका देव हुन् । पौष रवि सप्तमी वा अन्य रविसप्तमी व्रतालु एवं उपासकको लागि उत्तम तिथि हो भने ब्रह्मचर्य नियम पनि आवश्यक हुन्छ । विस्तृत पूजा अर्चनाको लागि पण्डित नभएमा पुस्तक वा अन्य पूजा पद्धतीका सामाग्रीहरूको अध्ययन गर्दा सहज हुनेछ । श्री सूर्यनारायणका अन्य नामहरू पनि बाह्रवटै मुख्य छन् । उपासकहरूले प्रत्येक नामको उच्चारणसँगै राता फूल, फल, अक्षता, अर्घ्य, जल.. आदि सामाग्रीहरू अर्पण गरी प्रणाम गर्नु पर्दछ । जस्तै-

ॐ मित्राय नमः ॐ रवये नमः ॐ सूर्याय नमः
ॐ भानवे नमः ॐ खगाय नमः ॐ पुष्णे नमः
ॐ हिरण्यगर्भाय नमः ॐ मरीचये नमः ॐ आदित्याय नमः
ॐ सवित्रे नमः ॐ अर्काय नमः ॐ भास्कराय नमः


पूजा गरिसकेपछि सूर्यदेवका सम्पूर्ण पत्नीहरू, वाहन र सबै परिवारलाई पनि सम्फना गर्दै सबै सामग्री अर्पण गर्नुपर्दछ ।

उपासकहरूको लागि अर्को महत्वपूर्ण पक्ष भनेको सूर्यदेवका बारेमा व्याख्या गरिएका धार्मिक पुस्तकहरूको अध्ययन, श्रवण, पाठ र मन्त्र जप हुन्छन् । ती मध्ये सूर्यस्त्रोत्र पाठ सके संस्कृतमा नै नसके नेपालीमा पाठ गर्नु अथवा सुन्नु उत्तम हुन्छ । सम्भव भएमा प्रत्येक रविबार, नभए १२ रविबार गर्नु र यथा सक्य नित्य गायत्री पश्चात सूर्य गायत्री जप गर्नु लाभकारी मानिन्छ ।

**सूर्यस्तोत्रम्**

श्री गणेशाय नमः । साम्ब उवाच
आदिदेव नमस्तुम्यं प्रसीद मम भास्कर ।
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तु ते ।१।
सप्ताश्वरथमारूढं प्रचण्डं कश्यपात्मजम् ।
श्वेतपद्मधरं देवं तं सूर्यं प्रणमाम्यहम् ।२।
लोहितं रथमारूढं सर्वलोकपितामहम् ।
महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम् ।३।
त्रैगुण्यं च महाशूरं ब्रह्माविष्णुमहेश्वरम् ।
महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम् ।४।
बृहितं तेजःपुम्जञ्च वायुराकाशमेव च ।
प्रभुस्त्वं सर्वलोकानां तं सूर्यं प्रणमाम्यहम् ।५।
बन्धुकपुष्पसंकाशं हारकुण्डलभूषितम् ।
एकचक्रधरं देवं तं सूर्यं प्रणमाम्यहम् ।६।
तं सूर्यं विश्वकर्तारं महातेजःप्रदीपनम् ।
महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम् ।७।
तं सूर्यं जगतां नाथं ज्ञानविज्ञानमोक्षदम् ।
महापापहरं देवं तं सूर्यं प्रणमाम्यहम् ।८।
सूर्याष्टकं पठेन्नित्यं ग्रहपीडाप्रणाशनम् ।
अपुत्रो लभते पुत्रम् दरिद्रो धनवान्मवेत् ।९।
आमिषं मधुपानं च य करोति रवर्दिने ।
सप्तजन्म भवेद्रोगी जन्मजन्मदरिद्रता ।१०।
स्त्रीतैलमधुमांसानि यस्त्यजेत्तु रवर्दिने ।
न व्याधिशोकदारिद्रयं सूर्यलोकं स गच्छति ।११।
इति शिवप्रोक्तं सूर्याष्टकं समाप्तम् ।

(अर्थः शिवजीले भन्नुभयो – हे आदिदेव ! हजुरलाई नमस्कार छ । हे भास्कर म देखि प्रसन्न हुनुहोस् । हे दिवाकर, हे प्रभाकर हजुरलाई नमस्कार छ ।१। सातघोडे रथमा चढेका कश्यपका पुत्र सेतो कमल लिने प्रचण्डस्वरूप हे सूर्यनारायण म हजुरलाई साष्टाङ्ग प्रणाम गर्दछु ।२। रक्तवर्ण रथमा चढेका सबैका पितामह महापापहारी सूर्यनारायणलाई म प्रणाम गर्दछु ।३। सत्व, रज, तम, त्रिगुणमुक्त महावीर ब्रह्मा, विष्णु, महेश्वरस्वरूप महापापसमेत नाश गर्ने हजुरलाई नमस्कार गर्दछु ।४। विशालरूप तेजपुञ्ज तथा वायु र आकाश स्वरूप भएका सर्वलोकका स्वामी हजुरलाई नमस्कार गर्दछु ।५। दोपहरिया फूलजस्तो स्वरूप भएका हार कुण्डलले सुशोभित एक चक्रधारी हजुरलाई प्रणाम गर्दछु ।६। संसार सृष्टिकारक महातेजका उद्दीपक महापापहारी सूर्यनारायणलाई नमस्कार गर्दछु ।७। जगतका मालिक ज्ञान, विज्ञान र मोक्ष समेत दिने ठूला ठूला पापलाई नाश गर्ने हजुरलाई प्रणाम छ ।८। ग्रह पीडा नाश गर्ने यो सूर्याष्टकलाई सधैँ पाठ गऱ्यो भने अपुत्रले पुत्र र दरिद्रले धन पाउँदछ ।९। आदित्यवारमा आमिष खाने, मद्यपान गर्ने मानिस सात जन्मसम्म रोगी र धेरैजन्मसम्म दरिद्र हुन्छ ।१०। आदित्यावारमा स्त्री, तेल, मद्य, मांसलाई जसले त्याग्दछ, त्यो रोगी, दरिद्री र शोकयुक्त नभइ अन्त्यमा सूर्यलोक पुग्दछ ।)



# To a Beginner - Seeker



**Dr. YB Shrestha Malla**

You are just starting your journey to the other world. So you will be coming across all sorts of things in your way, viz. your enemies, friends, flashes of light fears, temptations and so on. Don't care about them because you have rejected life.

Also beware of your tendency to see oneness in everything or everywhere. It has no meaning, till you are not free from possible doubts & fears.

You cannot hurry as well: The sage Markandeya took six Yugas for God-Realization, it is said.

Don't make suggestions; make determination!

*****

You are interested in writing books, aren't you? First publish some of your writings and compare it with your previous ones; find out whether or not you are improving--intellectually, mentally or spiritually and also pecuniary.

By the way, you should know that Brahma has 4 heads viz. *Dharma, Artha, Kaama and Moksya* (Righteousness, Worldly prosperity, Desires and Liberation from life) they are His Creative Powers.

*Humility* is also one of the 26 virtues. In addition to this, you must practice Sacrifices (*Yagya*), Charities (*Daana*) and Austerities (*Tapah*).

When you become' perfect in Karma, Yoga or Samadhi, you will come to **RL.**

**RL** should be divided into 4 groups--1. Knowledge, 2.Morality, (Discrimination), 3. Action and 4. Devotion.

**Q: Please tell me more about Discrimination again. I do not seem to understand this well.**

A: It is mainly KMA Complex, viz. **Knowledge, Morality** and **Action** combined. It is as much important for worldly people as for spiritual ones.

In fact this is the **highest** form of penance: **Charity,** in the form of money etc., is the **lowest** form of penance. After Discrimination it gives knowledge of worldly things. Don't despair with your slow progress; you have committed many sins in your past lives. So God has sent you into this jail / prison of life. If you behave here well, He will be pleased with you and will release you soon.

**Therefore** persevere in your quest of God, despite all pains and pleasures. In another sense: know that Life is a Sanctity: As an officer, you must know 3 things -- 1. Your Office, 2. Your Official Duties and 3. Obedience to your Office. In fact everybody must know what his Office, his Duties is and how he must attend to them. Although **a king** is the master of his kingdom and has several officers and allots different kinds of work to different officers; he too is only an Officer of God. He must know his *Office*, his *Duties* and how to perform them. Remember **God is the Ruler of this Universe**.

**We should know the bottom picture of life first.**

**Q: Can a Brahmin kill in self-defence?**

A: Yes. Even Vashistha cursed the murderer.

But those who are weak and can dedicate everything to God like *Praihad*, they are looked after by Him when necessary.

Harming others wilfully -- except in self-defence -- is Violence. You must also know that committing acts of *Omission & Commission* is Violence.

Also don't forget that a householder who does not maintain his family incurs sin.

But if he wants God and nothing else, not even life itself, he can realize Him and pay his debts later.

Giving up egoism is giving up life.

**Q: While living RL, I find that I make many many mistakes; so I lose courage. What to do?**

A: Don't worry! But don't **leave RL.** As you go on living **RL,** you will be able to live better.

**Q: Please tell me about the obstructions which I may face in RL.**

**A: Because you do not** possess the Divine Virtues, you will face obstructions. For example, the **Shaucham or Cleanliness**; it is one of the greatest virtues; it not only cleans your Body but also your Intelligence & Mind! It makes you more conscious as well.

**Q: What are other obstructions which one comes across, while trying to live RL? I would say that one's home and its environment etc. itself is also an obstruction.**

A: In a way yes. *Gaddi, Siddi and Samadhi* are also

obstructions:
**Gaddi,** by giving you Material Prosperity.
**Siddhi,** by giving you occult powers, by fulfilling your base desires.
**Samadhi,** by giving you happiness. Even spiritual enthusiastic do not know this. For example NS: it obstructs them by giving great happiness but no God.

**Q: What is the most important thing?**

**A: Right Life:** Continue to live it in-spite of your failures and successes.

It is the most important thing in life. It gives man a definite direction in his life, tells us our *real Duties* and also how to stick to them.

To get the final solution in life, there is no other way except **RL. Know** that this is *your first step* only. Next step is to *stick* to it. Have unwavering *Faith* in it and be prepared to wait even if God-Realization does not come to you for millions of years! Why worry? God has given *Eternity* to practice! *Have patience*.

**Q: May I ask: how much time one takes to live RL correctly?**

A: It depends on the seeker:
1. One year for making a **perfect timetable.**
2. 36 years for the most backward student.

Buddha, who was so earnest for Truth, took nearly 7 years to realise it. He was a whole-timer, you know. You are only a part-timer! Generally an ordinary man may need more time, even many life-times!

**Q: Clearly I am too impatient! Please tell me how to succeed quickly.**

A: **All attention** should be paid to **RL -- Lower Duties** which consist of our duties towards our Body-Intellect-Mind-Soul Complex, family and society; **Higher Duties** which consist of Meditation, Self-study and other things pertaining to God-worship.

We should not have love, neither for life nor for death; we should have love only for **RL.**

Remember: every created thing, except man, has got one particular nature. Man too should have a particular nature. i.e. **RL.** He should stick to it whole-heartedly and do nothing else.

Unless our Mind, Intelligence and Senses (*Indriyas*) are liberated, we cannot get the real liberation.

We cannot be free from troubles, unless we know what is *beyond*. For this, we must do everything slowly, consciously, concentratedly like an elephant's walking: Our *Mind* should be focused 100% in the work, we are doing at the particular moment.

*Our Body* is the source of troubles: so take care of the means which makes it trouble-free, (Remember that everybody who is born must die! So, why worry over the death of people or other created things?). *Be reasonable*--this increases our *Endurance:* if your Mind is reasonable, Endurance increases more and more!

Also remember -- so long your Intelligence & Mind are not all right, you can never have established Meditation. Always remember that we are unhappy because of our mind wavers from one object to another; or when it becomes emotional/ sentimental. What is the secret then? The secret is not to make your **mind** idle, even for a single moment; make it free from sentimentalism of all kinds, and also free from speculations, fancies and imagination. **Make it realistic and reasonable all the time.**

What about **Intelligence**?

**Keep it engaged in Duties** and free from acts of commission & omission all your time! If you can do this, Meditate, you will become successful. You will find that you are now able to pay off your liabilities -- present or past -- and of your mind & Intelligence.

**Q: Tell me about the Realizations.**

A: There are **3 kinds of Realizations :**

**1. Life/World Realization** -- those people who have *realized this, live good life*. They do no harmful work, but do not also strive for God-Realization.

**2. Self Realization** -- *such people who have Realization live* **RL;** their ego is totally destroyed. They do not want name, fame and wealth but they strive for God -Realization. But beware that their ego can show itself in various disguises!

**3. God-Realization** -- those who have realized God are *masters of* **RL;** they become Omnipresent, Omnipotent and Omniscient. But they are not free to do anything and everything. They are bound to do their allotted Duties by God before they become perfectly ONE with Him. They are the only people who are fit to be Real Teachers. For example, if you want to know the details of Medicine, you must go to a good doctor, not to a Compounder.

*Believe that God is in everything. So you can meditate on everything*, and lastly inquire viz. *Who are you? What is this?* and so on. You must wait, wait and wait! Till you get the answer: remember that this answer must remove all your doubts.

There are **3 kinds of people:**

**1. Spiritual people:** from whom we can get supreme wisdom.

**2. Cultural people:** where shall our children develop their intelligence without them?

**3. Poor people:** where shall we practice Charity for which we earn *merits in this life and beyond. Nothing we do is lost you know!*

The society will go to rack & ruin, if we do not do charity.

In the same way there are **4 kinds of Workers:**

**1. Selfless worker:** one who works selflessly without accepting any reward except other people's welfare.

**2. Responsible worker:** one who works sincerely hoping some reward.

**3. Useless worker:** one who works without any success.

**4. Harmful worker:** one who does no good to anybody and may even Harm his master. ◆◆

| | |
|---|---|
| SB = Shivapuri Baba | RL = Right Life |





# आध्यात्मिक ज्ञानविना कुनै पनि कर्म अधुरो नै हुने रहेछ


## यो पुस्तक समाजका सबै वर्ग, जात र समुदायलाई अत्यन्त लाभदायक हुनेछ ।

२०४६ को जनआन्दोलनको क्रममा फिदिम जेलमा लगभग ३ महिना बस्नुपर्‍यो । यो जेलजीवन मेरा लागि आध्यात्मिकता नै सर्वोत्कृष्ट मार्ग हो भन्ने निर्णयमा पुग्ने साधन बन्यो । यो ३ महिनामा खासगरी खप्तड बाबाले लेख्नुभएका विचार-विज्ञानदेखि धर्मविज्ञानसम्मका ग्रन्थहरूको अध्ययन नै मेरो प्रेरणाको मुख्य स्रोत बने । यसअघि गीताको अध्ययनमा केही समय खर्चिएको थिएँ । यसबाट आध्यात्मिक मार्गको पहिचान भयो तर यात्रा बाँकी नै थियो । २०४६ पछि विशेष सक्रिय राजनीतिक जीवन बित्यो । सांसद, मन्त्री भइयो । यात्रा सुस्त-सुस्त बढ्दै थियो, संयोगवश सन् १९९७ मा महर्षि महेश योगीको सान्निध्य प्राप्त भयो । हल्याण्ड, जसलाई उहाँले विश्वशान्ति राष्ट्र (Global Country of World Peace) को राजधानीका रूपमा परिकल्पना गर्नुभएको थियो, त्यहाँ दर्शन भेट गर्ने अवसर मिल्यो । हाम्रो हरेक वर्ष भेट हुन थाल्यो, अन्ततोगत्वा उहाँको विश्वव्यापी वैदिक पुनरूत्थान अभियानको संवाहकका रूपमा नेपालको जिम्मा मलाई प्राप्त भयो ।

अध्ययन र अभ्यास दुवै सँगसँगै जाने क्रममा मलाई यस्तो अनुभव भयो, आध्यात्मिक ज्ञानविना कुनै पनि कर्म अधुरो नै हुने रहेछ । त्यसकारण पूर्वीय आध्यात्मिक ज्ञान र चेतनाको आधारमा आफ्नो राजनीतिक, सामाजिक र व्यावसायिक जीवनलाई कसरी व्यवस्थित गर्ने भन्ने तृष्णा जाग्यो । आध्यात्मिक कर्म, साधना र उपासना सँगसँगै गर्दै गर्दा संयोगवश यो पुस्तकको हिन्दी र अंग्रेजीमा प्रकाशित कृति प्राप्त भयो ।

आखिर को हुन् त शंकराचार्य ? सोचेँ, हिन्दू वैदिक सनातनीहरूका एकमात्र आधिकारिक व्यक्तित्व, जसलाई भगवान् आद्य शंकराचार्य परम्पराका उत्तराधिकारीका रूपमा मानिँदो रहेछ, जसका १०८ ओटा उपदेश वचनहरू यसमा संकलित रहेछन् । यी उपदेशहरू पढ्दै जाँदा मूलबाट निस्केको पानी जस्तो निर्मल, स्वच्छ र पवित्र लाग्यो । वेद, संस्कृत पढ्न नजान्ने म जस्ता पाठकका लागि अत्यन्तै सहजरूपमा, राजहाँसले पानीबाट दूध छुट्याएजस्तै वैदिक ज्ञान हासिल गर्न सकिने देखियो । पढ्दै गएँ, गृहस्थी होस्, सन्त होस्, नेता होस्, प्रशासक होस्, दुःखी होस्, सुखी होस्, धनी वा गरिब होस्, समाजका सबै वर्ग, जात र समुदायलाई अत्यन्त लाभदायक हुने देखेर यसलाई नेपालीमा अनुवाद गरी सम्बन्धित सबैलाई उपलब्ध किन नगराउने भन्ने अर्को जिज्ञासा अन्तरमनमा जागृत भयो । फलतः यो श्री शङ्कराचार्य उपदेशामृत ग्रन्थ प्रकाशन गराइएको छ ।

आध्यात्मिक ज्ञानविना वा चेतनाविना कुनै पनि कर्म पूरा हुँदैन त भनेँ, तर त्यस्तो ज्ञान कसरी प्राप्त गर्ने ? यो अर्को चुनौती हो । अहिलेको भौतिक अर्थात् वैज्ञानिक युगमा पूर्ण आध्यात्मिक ज्ञान प्राप्त गर्ने विश्वविद्यालय वा कलेजहरू कति छन्, कहाँ छन् ? छन् त त्यस्तो ज्ञान विश्वविद्यालयबाट होइन, साधना र उपासनाबाट मात्र पाइन्छ भन्ने भनाइहरू पनि छन् । यस्तै चिन्तनका बीचमा लाग्यो, आद्य शंकराचार्यका उत्तराधिकारी जगद्गुरू शंकराचार्य स्वामी ब्रह्मानन्द सरस्वती, जसले महर्षि महेश योगीलाई दीक्षा दिनुभयो । उहाँभन्दा अर्को को पाउन सकिएला, जसले वैदिक ज्ञान र प्रविधिको जानकारी गराओस् । उहाँ महर्षि महेश योगीको मात्र होइन, धर्मसम्राट करपात्री महाराज, अखण्डानन्द सरस्वती महाराज (भागवत् प्रचारक) र कृष्णानन्द परमहंस सरस्वती महाराजहरू पनि शंकराचार्य ब्रह्मानन्द सरस्वती गुरूदेवजीका शिष्य हुनुहुन्छ । यस्तो महान् जगद्गुरूबाट निसृत् विचार र उपदेशलाई निःसंकोच ग्रहण गर्नुको विकल्प नदेखिएको हुँदा यस पुस्तकको व्यापक प्रचार हुन आवश्यक सम्झेको छु ।




उपदेशको सन्दर्भमा जगद्गुरू शंकराचार्यज्यूले भन्नुभएको छ 'मेरो कुरा नसुन्नू, वेद र वैदिक शास्त्रको कुरा मात्र सुन्नू । म जस्तो अर्को शंकराचार्य आउनुहुन्छ र आफ्नो कुरा भन्नुहोला । कसको कुरा सुन्ने द्विविधा हुन्छ, त्यसैले वेदशास्त्रको कुरा मात्र सुन्नू ।' यसबाट के प्रष्ट हुन्छ भने यस ग्रन्थमा प्रकाशित १०८ ओटा उपदेशहरू पूर्णतया वेद र उपनिषद्हरूमा आधारित छन् । गुरूको सीधा उपदेशबाट प्राप्त हुने यी ज्ञान वैदिक ज्ञानका पिपासुहरूलाई अत्यन्त सान्दर्भिक हुने विश्वास लिएको छु ।

यस उपदेशको सँगालोमा के छ भन्दा पनि के छैन भनेर हेर्नु पर्दछ । यसमा गुरूदेवज्यूले मानव जीवन आफैमा के हो ? हिजो के थियो र भोलि के हुने हो ? मानवको जन्म चाहे जुन वर्ग वा जातमा होस्, कर्तव्य के हो र के गरे के हुन्छ ? अर्थात् संसार के हो ? संसारलाई कसरी हेर्ने र मानवोचित व्यवहार कसरी गर्ने ? सुख र शान्ति कहाँ छ ? कसरी प्राप्त गर्ने ? देवी-देवता र भगवान्मा के फरक छ ? कसरी भगवद् प्राप्त गर्ने ? प्राप्त जीवन त्याग्नु त छँदै छ, पुनः गर्भवास जाने कि मोक्ष प्राप्त गर्ने ? तन, मन र धनलाई कसरी प्रयोग गर्ने ? भन्नेजस्ता जीवन जिउने कलाका बारेमा वेदशास्त्रसम्मत १०८ उपदेशमार्फत पूर्ण ज्ञानको व्यावहारिक विश्लेषण गरी समग्र मानव समाजलाई निर्देश गर्नुभएको छ । महर्षि महेश योगीले लिनुभएको सङ्कल्प "पृथ्वीमा स्वर्गको अवतरण" (To bring heaven on Earth) को महान् आदर्शलाई प्राप्त गर्न यी उपदेशहरूलाई हरेक मानवले अवलम्बन गरेमा पृथ्वीमा स्वर्ग वा रामराज्य प्राप्त गर्न सकिने विश्वास जागेकोले नै यो अनुवाद गरिएको छ । यो पुस्तक यदि राजनेता, कार्यकर्ता, प्रशासक, उद्योगी, व्यापारी, न्यायाधीश लगायत राज्य व्यवस्थाका निकायमा रहने मुख्य-मुख्य पदाधिकारीहरूले पढेर उपदेशको पालना गरेमा भ्रष्टाचारको अन्त्यमात्र होइन, पृथ्वीलाई साँच्चिकै स्वर्गमा बदल्न सकिनेछ । त्यसैले होला, विदेशी विज्ञहरूले यी उपदेशलाई हिन्दी, अंग्रेजी भाषामा अनुवाद गरी अध्ययन गराएको पाइएको छ ।

# ज्ञान, शक्ति र आनन्दको सागरको रूपमा यी अमृत कण बगिरहनेछन्

*संसद्ले बनाएको कानूनले मात्र समाज परिवर्तन हुन सक्दैन ।*

संयोगै संयोगबाट म आध्यात्मिक क्षेत्रमा प्रवेश गरिसकेको छु । यो पनि संयोगको परिणाम हो- अनन्त श्री विभूषित जगद्गुरू भगवान् श्री शङ्कराचार्य श्री मज्ज्योतिर्मठ पीठाधीश्वर स्वामी श्री ब्रह्मानन्द सरस्वतीजी महाराजका अमृत वचन (उपदेश) हरूको सङ्कलन बाल ब्रह्मचारी श्री महेशजी जो आज महर्षि महेश योगीको नामबाट विश्वव्यापी प्रख्यात हुनुभएको छ, ले वि.सं. २००९ मा हिन्दीमा प्रकाशित 'अमृत कण' मलाई प्राप्त भयो । छ महिना अगाडि उनै गुरूदेव स्वामी श्री ब्रह्मानन्द सरस्वती भगवान् श्री शङ्कराचार्य श्री मज्जोतिष्मठपीठाधीश्वरका १०८ उपदेशहरूको अंग्रेजी र हिन्दीमा एउटै पुस्तकमा सङ्कलन गरी प्रकाशित गरेको रहेछ जसको नेपाली अनुवाद सक्न लागेको थिएँ, यो 'अमृत कण' पुनः प्राप्त भयो । यी दुवै पुस्तक ब्रह्मचारी रोवर्ट वालेश जो रामप्रसाद नामले नेपालमा परिचित हुनुहुन्छ, बाट प्राप्त भयो । यी दुवै पुस्तकको नेपाली अनुवाद गरी नेपाली समाजमा पुऱ्याउन समय सापेक्ष सम्झी वैदिक तथा आध्यात्मिक अभियानका सहयात्री 'महर्षि सन्देश' का प्रधान सम्पादक, युवा कवि, प्रखर वक्ता, हिन्दू राष्ट्र अभियानका संगठक पछिल्ला दिनमा ज्योतिष विद्यामा गहिरो रूचिका साथ लाग्नुभएका भरतराज पौडेल जो साहित्यिक क्षेत्रमा 'धर्मानन्द भारवि' बाट परिचित हुनुहुन्छ, लाई 'अमृत कण' को अनुवाद गर्न जिम्मा दिएँ । मलाई त झण्डै ५/६ महिना लाग्यो, उहाँले ५/६ हप्तामै यस पुस्तकको अनुवाद सक्नुभयो । यी दुवै पुस्तकहरू एकैचोटि लोकार्पण गरी पाठकसमक्ष पुऱ्याउने जमर्को अब पूरा हुने भएको छ ।

स्वयं ब्रह्मस्वरूप जगद्गुरू ब्रह्मानन्द सरस्वती भगवान् श्री शङ्कराचार्यजी महाराजका वाणी र उपदेशहरू वेद र वैदिक शास्त्रमा आधारित ब्रह्मवाक्यहरू गंगोत्रीको जलसमान पवित्र मात्र हैन, मानव समाजमा विभिन्न पेशा, व्यवसाय र सेवामा रहेका तमाम जनसमुदायलाई सत्मार्ग निर्देशनका लागि वा अज्ञानतावश एवं अहंकारवश समाजमा गुज्रिरहेका हरेक व्यक्तिलाई उनीहरूको वर्तमान र भविष्य दुवैको परम हितका लागि मार्ग प्रशस्त गर्न सक्ने हुँदा ती उपदेश र वाणीलाई सरल नेपाली भाषामा जस्ताको त्यस्तै अनुवाद गरी जनसमक्ष पुऱ्याउन आवश्यक सम्झेर यो प्रकाशन गरिएको छ । श्री शङ्कराचार्यजी महाराजले आफ्नो उपदेशको क्रममा भन्नुभएको छ, "मेरो कुरा नसुन्नू, म जस्तो शङ्कराचार्य भोलि अर्को आउनुहुन्छ, म के भनौंला, उहाँले के भन्नुहोला- श्रोता र पाठकलाई भ्रम हुन सक्छ । त्यसकारण वेद र वैदिक शास्त्रको कुरामात्र सुन्नू, कोही भ्रमित हुन पर्दैन ।" यो भनाइबाट के प्रष्ट हुन्छ भने गुरूदेवले दिनुभएका उपदेश र वाणीहरू जो तत्कालीन ब्रह्मचारी श्री महेशजीले सङ्कलन गर्नुभएको छ- यी सबै ब्रह्म वाक्य हुन् अर्थात वैदिक मुहानबाट थपिएका अमृत वाणीहरू हुन् । हामी वैदिक सनातनीहरूलाई मात्रै हैन, समग्र मानवजातिको सुशासनका लागि सर्वमान्य संविधान नै हो । यो संविधानका आधारमा चलेको व्यक्ति, परिवार, समाज र राष्ट्रलाई स्वतः राम-राज्य प्राप्त हुनेछ जसलाई पृथ्वीमा स्वर्ग भनिनेछ । ज्ञान, शक्ति र आनन्दको सागरको रूपमा यी अमृत कण बगिरहनेछन् । रसस्वादन वा अध्ययन-अभ्यास गर्ने जो कोहीलाई स्वतन्त्रता छ । प्रारब्ध नभएको कुराचाहिँ खोजेर पाइन्न भनिएको छ तर प्रारब्धमा हुनेहरूले पनि नखोजी पाउन गाह्रो छ । त्यसकारण यो अमृत रूपी 'ज्ञान-वाणी' को अध्ययन, अभ्यास र साधनाबाट सहजै प्राप्त गर्न सकिन्छ । आफूले हरेक क्षेत्रमा गरिने कर्मको शुद्धि धर्मपरायणता र साधना सिद्धिका लागि गुरुमन्त्र साबित हुनेछन् भन्ने हाम्रो अपेक्षा छ ।

यो सानो पुस्तकमा के ज्ञान छ भन्नुभन्दा पनि के छैन भनेर बुझ्े हुन्छ । यसको अध्ययनबाट परमात्मालाई पहिचान गरी अत्यन्त सरल र सहजसँग उपासनाको माध्यमबाट मोक्ष प्राप्त गर्न सकिने विधिहरू छन् भने यो लोक तथा परलोक दुवै कसरी सुधार्न सकिन्छ भन्ने उपायहरू बताइएको छ । हरेक व्यक्तिको

यो प्रकाशित १०८ उपदेशले आध्यात्मिक क्षेत्रमा विद्यमान महत्वपूर्ण मुद्दाहरू (जो वैदिक विज्ञ र सन्तमहन्तहरूका बीच बहसको विषय बनिरहेको छ) लाई फैसला गरिदिनुभएको छ । जस्तै- साकार र निराकार भगवान्को विषयमा आ-आफ्ना मतहरू विद्यमान छन् । उहाँले यसको सहज निर्णय गरिदिनुभएको छ । मानिसहरू आफूलाई चाहिएको कुरा माग्दा रहेछन् तर के माग्ने, कति माग्ने र कोसँग माग्ने र कसरी माग्ने, थाहै रहेनछ । जो आफै कंगाल छ, उसँग सम्पत्ति मागेर के पाउनु ? यस्ता विषयमा गुरूज्यूले सहज निदान अर्थात् मार्गनिर्देश गर्नुभएको छ । सबै विषय यो सानो मन्तव्यमा उल्लेख गर्न सकिन्न । त्यसैले यो विषय पाठकसमक्ष प्रस्तुत गरिएको छ ।


शंकराचार्यजी महाराज भारतीय सन्त हुनुभएकाले उपदेशको क्रममा कतै कतै भारतीयहरूलाई सम्बोधन गरेजस्तो पनि देखिएको छ । यद्यपि यसलाई आपत्ति मान्नुपर्ने देखिन्न ।

यी उपदेशबाट आफूलाई रूपान्तरित गरी सत्मार्गमा लाग्न सकियो भने समाज र राष्ट्र पुनः सत्ययुग, वैदिक युगतर्फ उन्मुख हुने मैले विश्वास लिएको छु । पालो पनि कलियुगपछि सत्ययुगको नै हो । संसद्ले बनाएको कानूनले मात्र समाज परिवर्तन हुन सक्दैन । कानूनले निषेध गरेका काम कुरा गरेकै कारण हजारौं मानिस जेलमा छँदै छन् । एउटै व्यक्ति पटकपटक एउटै अपराधमा जेल बसेका छन् । दण्डजरिवाना तिरेका छन् । कानून जान्ने र मान्नेलाई केही हदसम्म यो बाटोबाट रोक्न सक्छ तर कानूनी बाटो हरेक प्रकारले खोजेर पनि मानिसले गैरकानूनी कार्यहरू गरिरहेका छन् । यी सबै कुरालाई वैदिक ज्ञानको अभ्यासद्वारा निराकरण गर्न सकिन्छ । यसैबाट सभ्य, समुन्नत र शान्त समाजको परिकल्पना गर्न सकिन्छ । 'संसारको परिवर्तन आफैंबाट प्रारम्भ गर्नुपर्छ । महर्षि महेश योगीजीले पनि यही सङ्केत गर्नुभएको छ, हरेक व्यक्ति-व्यक्तिको परिवर्तनद्वारा समाज र राष्ट्रको परिवर्तन सम्भव छ ।' त्यसकारण यो पुस्तक पढेर आध्यात्मिक पुररूत्थानमा सकृय हुने हरेक पाठकप्रति म आभारी रहनेछु । जय गुरूदेव !! ◆◆

मन यस्तो चञ्चल छ जो कसैको वशमा छैन, राम्रो- नराम्रो, हुने- नहुने नछुट्याई जहाँसुकै प्रवेश गर्न खोज्छ । त्यसकारण त्यस्तो मन भगवान्लाई अर्पण गर्नोस्- तन र धनबाट आफ्ना कर्महरू गर्नोस् । चाहे त्यो व्यापारी होस्, उद्योगपति होस्, गृहस्थी होस् वा राजनेता होस् । तन र धनबाट गरिएका व्यवहार वासनामुक्त होऊन्, धर्मसम्मत होऊन् जसले असल बीज उर्वरभूमिमा रोपण गरेजस्तो होस्- लटरम्म फल फलोस् र सबैले खान पाऊन् । यस्ता सयौं अमृत वाणीहरू छन् जस्को हरेक वाणीको व्याख्या गरे एक-एक पुस्तक बन्न सक्दछ । त्यसकारण सबै विद्वत् पाठकवर्गमा अनुरोध गर्न चाहन्छु- यो सानो पुस्तक पटक-पटक अध्ययन गरी आफूमा भएका त्रुटी-कमजोरीहरू सच्याऔं, नबुझेर-नजानेर गर्दैआएका दुष्कर्महरू परित्याग गरौं, जान्दै नजानेका कुराहरू ज्ञानको रूपमा ग्रहण गरौं र आफूलाई यो लोक तथा परलोक सुधार्न सक्ने अभियन्ता भएर समाजमा प्रस्तुत होऔं । यसले समाज-रूपान्तरणको अभियान प्रारम्भ गर्नेछ । बेरोजगारलाई भत्ता वा रोजगारी हैन, जीवन जीउने पूर्ण ज्ञान दियौं भने पूर्णता हासिल गर्न सक्छ । त्यसैले नेपाल ज्ञानभूमि हो, वेदभूमि हो- नेपालले विश्वलाई यै ज्ञानद्वारा नेतृत्व दिन सक्छ भनेर वि.सं. २०३२ सालमा काठमाडौंको खुल्लामञ्चमा महर्षि महेश योगीले उद्घोष गर्नुभएको रहेछ - **Nepal to lead the world.** यो वाक्य आज विश्वका निकै ठूला विश्व वैज्ञानिकहरूको लागि खोजको विषय बन्न पुगेको छ ।

महर्षि महेश योगीको विश्वव्यापी वैदिक अभ्यासद्वारा दीगो विश्वशान्ति कायम गर्ने र वर्तमान विश्वलाई वैदिक विश्वमा बदल्ने अर्थात् पृथ्वीमा स्वर्गको अवतरण गराउने सङ्कल्पको पूर्णताका लागि नेपालमा पनि नेपाल महर्षि वैदिक फाउण्डेशन र नेपाल महर्षि फाउण्डेशन फर वैदिक कल्चरले काम गरिरहेका छन् । विशेष जानकारीको लागि संस्थाको नियमित प्रकाशन 'महर्षि सन्देश' बाट पनि लिन सक्नुहुनेछ ।

महर्षि महेश योगीका परम पूज्य गुरू उनै श्री शङ्कराचार्य ब्रह्मानन्द सरस्वतीजी जो आदि शङ्कराचार्य परम्पराका ५१ औं उत्तराधिकारी हुनुहुन्छ, ले प्रकट गर्नुभएका अमृत वाणीहरूको सङ्कलन 'अमृत कण' यो पुस्तक र उहाँले दिनुभएका १०८ वटा अमृतमय उपदेशहरूको सङ्कलन 'श्री शङ्कराचार्य उपदेशामृत' नामक पुस्तक उक्त संस्थाबाट प्रकाशित गरी विद्वान् पाठकवर्गमा अर्पण गरिएको छ र गुरूदेव शङ्कराचार्य स्वामी ब्रह्मानन्द सरस्वतीजीको जीवनी र जीवनीमा आधारित रोचक एवं ज्ञानवर्द्धक पुस्तक आगामी जनवरी १२, २०१८ मा पाठकसमक्ष आउने अग्रिम जानकारी गराउन चाहन्छु । यी तीन पुस्तकबाट लोपोन्मुख हुन लागेको वैदिक वाङ्मयको पुनर्उत्थान अभियानमा के कस्तो कार्य र अभियान भारतवर्षमा भएका रहेछन् भन्ने विशेष जानकारीसमेत मिल्ने नै छ । पुस्तकमा उल्लिखित समग्र ज्ञानको चर्चा यो सानो भूमिकामा सम्भव नभएकोले किताबको पूर्ण अध्ययनका लागि यो दीपक बाँस्कोटाको विशेष अनुरोध छ । जय गुरूदेव ! ◆◆




# भक्तले भगवान्लाई सधैं वशमा पार्छन्

**- भरतराज पौडेल (धर्मानन्द भारवि)**

नयाँ वर्ष २०७४ सालको प्रारम्भिक महिनाहरूमा नेपाल महर्षि वैदिक फाउण्डेशनका संस्थापक अध्यक्ष तथा आदरणीय दाजु दीपकप्रकाश बाँस्कोटाज्यूले महर्षि अभियानका सन्दर्भमा स्नेहपूर्ण विचारहरू मसँग राख्ने क्रममा नै परम श्रद्धेय सन्त अनन्त श्री विभूषित जगद्गुरू शङ्कराचार्य ब्रह्मानन्द सरस्वतीजी महाराजका सादरपूर्ण अमृत-कणहरूको नेपालीमा अनुवाद गर्न हिन्दीमा संकलित "अमृत-कण" नामक सद्कृति केही महिनापूर्व मलाई जिम्मा दिनुभएकोले यो कार्य मैले शिरोधार्य गरेको हुँ ।

खास गरी यस सद्कृतिको सङ्कलन तत्कालीन अवस्थामा ब्रह्मचारी महेशज्यूबाट भएको सन्दर्भ रहेको छ जो कालान्तरमा महर्षि महेश योगीका रूपमा विश्वविख्यात हुनुभयो । यस्तो अभूतपूर्व रोमाञ्चककारी पृष्ठभूमिको विषयले पनि ममा यो कृति अनुवाद गर्नमा श्रद्धापूर्ण उत्सुकता र जागरूकता पैदा गराएको विषय मेरा हृदयमा सधैँभरि ताजा रहिरहने सुनिश्चित नै छ ।

विगत दुई दशकदेखि भारतवर्षका सन्तहरूको जीवनी र सन्त साहित्यको स्वाध्यायनमा म निरन्तरजसो संलग्न छु । यसै बीचमा भावातीत ध्यान तथा भावातीत ध्यान सिद्धि कार्यक्रममा सहभागी भई विगत दुई वर्षदेखि म स्वयं पनि महर्षि अभियानमा दत्तचित्तले समर्पित रहिआएको छु । तसर्थ यस सत्कार्यलाई हृदयतः अङ्गिकार गर्नु मेरो परम कर्तव्य नै हो ।


वास्तवमा यस सद्कृतिको "प्राक्कथन" का २३ पृष्ठमा "ज" देखि "श" सम्ममा) श्रद्धेय महर्षि महेश योगी गुरूदेवले जुन आध्यात्मिक अनुभूति पस्कनुभएको छ, भक्तले भगवान्लाई सधैं वशमा पार्छन् भन्ने लोकोक्ति यहाँ पूर्णतः सिद्ध भएको म ठान्दछु । भगवान् जगद्गुरू शङ्कराचार्य ब्रह्मानन्द सरस्वतीज्यूप्रति गुरूदेव महर्षि महेश योगीज्यूको दिव्य अनुभूतिले हरेक पाठकको हृदय गद्गद् गराइरहन्छ ।

यस अर्थमा यस कृतिको 'प्राक्कथन' र "अमृत-कण" दुवै खण्ड आ-आफैमा परिपूर्ण रहेका छन् । एकातिर भक्तको श्रद्धापूर्वक अमृत विचारको खानी छ भने अर्कोतिर पृथ्वीवासी सारा लोकजनहरूप्रति गुरूदेव भगवान् शङ्कराचार्यज्यूबाट व्यक्त कृपापूर्ण अमृतवचनको अक्षय भण्डार । अनुवादमा यही मूल्यबोध गरी कहीँ कतै अन्यथा नहोस् भन्ने अटूट चेष्टा राखेर यो कार्य पूर्ण भएको छ ।

यस क्रममा मैले नेपाल प्रज्ञा प्रतिष्ठानको 'नेपाली बृहद्-शब्दकोश' र वामन शिवराम आप्टेको "संस्कृत-हिन्दी कोश" बाट पनि यथेष्ट मद्दत लिएको छु । बाँकी यस विषयमा थप भन्नुपर्ने केही छैन । म अनुवादकको निवेदन यति नै । धन्यवाद । ◆◆

# सम्पूर्ण मानवका निम्ति कल्याण चाहने
# डा. न्यौपानेका तीन कृति एकैसाथ विमोचन








सम्पूर्ण मानव कल्याणको निमित्त प्रारम्भ गरिएको महाअभियान 'कल्याण महोत्सव' बाट आफ्नो परिचयलाई सर्वत्र परिचित गराउन सफल डा. प्रेमराज न्यौपानेका तीन कृतिहरू हालै राजधानीमा आयोजित एक कार्यक्रममा विमोचन गरिए । आफ्नो–अरूको र सम्पूर्ण पृथ्वीवासीको हित हुनु, जित हुनु र अभ्युदय हुनु नै कल्याण हो भन्नुहुने डा. न्यौपानेको विचारमा सम्पूर्ण कार्यहरूको कारण नै मन रहेछ । सके अरूको भलो गरौं, नसके अरूको बिगार नगरौं, बदला नलिऊँ, प्राकृत नियम पालना गरौं भन्नुहुने न्यौपानेलाई राष्ट्रकै एक अमूल्य निधि भन्न थालिएको धेरै समय भएछ ।

मनोवृत्तिको दार्शनिक र वैज्ञानिक विश्लेषण– अनुसन्धान ग्रन्थको लेखन तथा प्रकाशन गरी डाक्टर उपाधि प्राप्त गर्ने न्यौपानेले 'बिहानी' कविता संग्रह, प्राकृत लीला महाकाव्य, वस्तु विधान, शिव महिम्नः स्तोत्रम्, गृहस्थको आदर्श जीवन र अविरल प्रयास गरी लगातार छ पुस्तक लेखी यो समाजलाई र पूरै विश्वलाई ठूलो गुन लगाउनु भएको कुरा विमोचन कार्यक्रममा विद्वान्हरूले बोल्नुभएको थियो ।

प्रमुख अतिथि प्रा.डा. दिनेशराज पन्त रहनुभएको कार्यक्रममा डा. काशीनाथ न्यौपाने, होमनाथ पोखेल, रविन्द्र ढकाल, दिनेशचन्द्र देवकोटा, जगत्प्रसाद उपाध्याय, मुक्तिनाथ शर्मा न्यौपाने, वामनप्रसाद न्यौपाने, मुकुन्द पथिकलगायतका विद्वान्हरूले डा. प्रेमराज न्यौपानेका कृतिहरूले नेपाली समाजलाई दिनसक्ने योगदानबारे चर्चा गर्दै डा. न्यौपानेको महान् दानी स्वभावको प्रशंसा पनि गर्नुभएको थियो ।

वास्तुशिरोमणि अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त डा. न्यौपाने डिल्ली प्रविधि विकास प्रतिष्ठानका अध्यक्ष समेत हुनुहुन्छ । लामो सरकारी सेवापश्चात पनि समाजसेवामा उत्तिकै क्रियाशील डा. न्यौपाने आत्मज्ञानी– वरिष्ठ समाजसेवीको रूपमा सर्वत्र चिर्निंदै आउनुभएको छ । न्यौपानेको विश्वकल्याण महाअभियानले सफलता चुमिरहोस्– अग्निचक्रको हार्दिक शुभकामना ! ◆◆





समालोचना - **सीता सुवेदी पन्थी**

# छायादत्त न्यौपानेका बाल कविताहरूको नीतिपरक अध्ययन

**(गताङ्कबाट क्रमशः)**

**१०.११. नेपाली**

**लय** : नेपाली यस सङ्ग्रहको एघारौँ कविता हो । अठार हरफमा संरचित यो कविता झ्याउरे लयमा छ ।

**विषयवस्तु** : यो कविता नेपाली भूगोल, प्रकृति, संस्कृतिसँगै वीर पुर्खाहरूको पौरख वर्णनमा केन्द्रित छ । प्राकृतिक विशेषता, सांस्कृतिक महत्त्व साँचेका नेपालीहरूको वर्णन गरिएको यो कविता राष्ट्रप्रेमी भावले भरिएको छ । अनुपम प्रकृति, वन्यजन्तु, संस्कृति, वीर पुर्खाको योगदान, कर्मशील, स्वाभिमानी, धर्तीका पुजारी नेपालीहरू नेपालको सान बढाउन तत्पर रहेको कुरा कवितामा अभिव्यक्त भएको छ ।

**नीति चेतना** : नेपाली गौरव विश्वमै पुऱ्याउन सफल वीर पुर्खाहरूको महिमा गायन गरिएको यस कवितामा शान्तिप्रिय नेपालीको चर्चा छ । कर्मशील बन्दै कलासंस्कृतिको जगेर्ना गर्न सङ्केत गरिएको छ । कवितामा राष्ट्र, राष्ट्रियता, कला, संस्कृतिमोह देखाई पुर्खाको योगदानको कदरप्रस्तुत छ । नेपाली इज्जत, प्रतिष्ठा, सानलाई कायम राख्न नेपालीहरूले नै पूरा गर्नुपर्ने कर्तव्यबोध अप्रत्यक्ष रूपमा गराइएकाले यो कविता नीति सचेत छ भन्न सकिन्छ ।

**१०.१२. सुनामी**

**लय** : सुनामी यस सङ्ग्रहको बाह्रौँ कविता हो । जम्मा छ श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : प्रस्तुत कविता एउटै उद्देश्यका साथ एकताको भावना लिई अगाडि बढ्न आग्रह गरिएको कविता हो । यस कवितामा सुनामीरूपी अन्धविश्वास तथा जीवनका अँध्यारा पक्षहरूलाई हटाउनका लागि ज्ञान बिउँझाउन, शिक्षाको ज्योति छर्न, बाधा बन्धन फुकाउन, प्रकृतिलाई जोगाउन, ममता साँच्न, कलमको खेती गर्न, सीपको सिंचाइ गर्न, मन सफा पार्न, प्रगतिपथमा लम्कन, झगडा मेटी पवित्र मनले अघि बढ्न आग्रह गरिएको छ ।

**नीति चेतना** : यस कवितामा अन्धविश्वासी गलत संस्कारको अन्त्य गरी परिश्रम र एकतायुक्त सचेत नागरिक बन्दै लक्ष्य प्राप्तिमा जुट्न र संसार सजाउन आह्वान गरिएको छ । संस्कारको परिमार्जन, सत्व्यवहार र सत्कर्ममा लाग्न प्रेरित गरिएको यो कविता नीति चेतनाका दृष्टिले उत्कृष्ट छ ।

**१०.१३. समय**

**लय** : समय यस सङ्ग्रहको तह्रौँ कविता हो । लोकलयमा रचित यस कवितामा दस हरफ छन् ।

**विषयवस्तु** : कामको महत्त्व तथा समयको सदुपयोग गरी अगाडि बढ्न प्रेरित गरिएको यस कविताले व्यावहारिक सन्देशहरू प्रस्तुत गरेको छ । रूख रोप्न, सुकिलो लुगा लगाउन, ठिक समयमा ठिक काम गर्न आग्रह गरिएको छ । दैनिक व्यवहारलाई राम्रो बनाउँदै अघि बढ्ने सङ्केत कविताले गरेको छ ।

**नीति चेतना** : परिश्रममा विश्वास गर्दै कर्मको फल मीठो हुने सन्दर्भ जोड्नाले कविता नीति सचेत छ ।

**१०.१४. भृकुटी**

**लय** : भृकुटी यस सङ्ग्रहको चौधौँ कविता हो । जम्मा तीन श्लोकी बाह्र हरफे यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा भृकुटीजस्ती चेली र बुद्धजस्ता ज्ञानी जन्मेको देश नेपालको प्रकृति निकै सुन्दर र हराभरा छ भनिएको छ । यस्तो देशका नागरिक हामी मिलीजुली कर्ममा जुटेर समयको मर्म बुझी चेतनाको ज्योति बाल्दै भोक रोग हटाउन अघि बढ्नुपर्ने सन्देश प्रवाह भएको छ ।

**नीति चेतना** : समाजमा देखा पर्ने अप्ठ्यारा तथा समस्याहरूलाई हटाउन मिलीजुली चेतनाको बत्ती बाल्दै अघि बढ्न उत्प्रेरित गरिएको यो कविता कर्मशीलतातर्फ उन्मुख बनाउन सफल भएको छ । सुन्दर संसार निर्माणको अभीष्ट रहेको यो कविता नीति सचेत छ ।

**१०.१५. अठोट**

**लय** :अठोट यस सङ्ग्रहको पन्ध्रौँ कविता हो । जम्मा चार श्लोकमा संरचित यो कविता लोकलयमा । पहिलो श्लोकमा पाँच, दोस्रोमा आठ, तेस्रोमा सात तथा चौथो श्लोकमा चार गरी यस कवितामा चौबीस हरफ छन् ।

**विषयवस्तु** : यस कवितामा जीवनलाई सार्थक बनाउनका लागि लिनुपर्ने अठोटको वर्णन गरिएको छ । यस क्रममा नथाक्न, नझुक्न, नआत्तिन, नमात्तिन, पौरखले हँसाउन, अग्लाहोचा पर्खाल हटाई मैदानमा रमाउन, पछि नफर्कन, साहसले चुचुरा चुम्न, मानवता जोगाउन, अज्ञानता हटाउन, विवेकी बन्न, विसङ्गति जलाउन, मितेरी हात उठाउन, अँध्यारो मेटाउन, उज्यालोमा रमाउन आग्रह गरिएको छ ।

**नीति चेतना** : मानव जीवनलाई आदर्श र अनुकरणीय बनाउन आवश्यक व्यावहारिक सन्देशपूर्ण यो कविता नीति चेतनाका दृष्टिले उत्कृष्ट रहेको छ ।

**१०.१६. पाहुना**

**लय** :पाहुना यस सङ्ग्रहको सोह्रौँ कविता हो । झ्याउरे लयमा रचित यस कवितामा चार श्लोक र सोह्र हरफ छन् ।

**विषयवस्तु** : यो कवितामा नेपालको सुन्दर नगरी पोखराको सुन्दरताको वर्णनमा केन्द्रित छ । अनुपम प्राकृतिक छटायुक्त पोखरामाउद्यमशीलता, सत्कारले अतिथिहरूलाई मन्त्रमुग्ध बनाएको प्रसङ्ग उल्लेख छ । पौरखी बनी कर्मको फूल फुलाउनसके नेपालै रमाउने गरिएको छ ।

**नीति चेतना** : नेपाली पहिचानयोग्य संस्कार 'अतिथि देवो भव' भन्ने भाव पोखरा नगरीमा पाइएको चर्चा रहेको यो कविता नीति चेतनाका दृष्टिले पनि उल्लेख्य मान्न सकिन्छ ।

**१०.१७. प्रकृति**

**लय** : प्रकृति यस सङ्ग्रहको सत्रौँ कविता हो । चार श्लोकमा संरचित यो कविता लोकलयछ । यस कवितामा पनि पहिलो पहिलोमा जस्तै अन्त्यमा 'मुस्कुराउँछ' क्रियापद पुनरावृत्ति भएको पाइन्छ ।

**विषयस्तु** : प्रकृतिको विशेषता वर्णन गरिएको यस कविताले कृतिको शीर्षक 'धर्ती मुस्कुराउँछ' को समग्र भाव समेटेको देखिन्छ । प्रकृतिमा पाइने हावा, वनस्पति, जीवजन्तुकै कारण धरती मुस्कुराउने प्रसङ्ग उल्लेख गरिएको छ । रुख नकाट्न, सँगै खेल्न, छलछाम नगर्न, वन्यजन्तुको संरक्षण गर्न तथा सम्पूर्ण प्राणीहरूलाई सङ्कटमुक्त बनाउन आग्रह गरिनुका साथै संसारकै सुन्दरताको स्रोत प्रकृति नै भएको कुरा बताइएको छ । यो कविता सन्देशमूलक छ ।

**नीति चेतना** : प्रकृतिको संरक्षण गर्नुपर्ने सन्देशका साथ छलकपट मुक्त समाज निर्माण तथा प्राणी जगत्को हितको वकालत गर्न सफल यो कविता नीति सचेत छ भन्न सकिन्छ ।

**१०.१८. वाङ्मय**

**लय** : वाङ्मय यस सङ्ग्रहको अठारौँ कविता हो । लोकलयमा रचित यस कवितामा पाँच श्लोक छन् ।

**विषयवस्तु** :यस कवितामा विचार विनिमयको माध्यम रहेको भाषालाई कला, संस्कृति, विज्ञान, राजनीतिको संवाहकका रूपमा लिइएको छ । जातीय संस्कृति र सभ्यताको संरक्षणमा लाग्नुपर्ने विचार व्यक्त भएको छ । ज्ञान, सीप, चेतनाको ज्योति प्रचलित भाषाहरू नै भएको र भाषाले नै मानवीय गीत रच्ने, देशलाई चिनाउने हुँदा तिनको संरक्षणमा जुट्न आह्वान गरिएको छ । भाषाले वाङ्मयको संरक्षण हुने कुरा गरिएको छ ।

**नीति चेतना** : राष्ट्रलाई पहिचान दिने हाम्रा जातीय संस्कार, संस्कृति, भाषा तथा वाङ्मयको महत्त्व बुझी तिनको संरक्षणमा जुट्नुपर्ने सन्देश प्रवाह गर्ने यो कविता नीति चेतनाका दृष्टिले उत्कृष्ट रहेको छ ।

**१०.१९. विचार**

**लय** : विचार यस सङ्ग्रहको उन्नाइसौँ कविता हो । जम्मा चार श्लोक रहेको यो कविता लोकलयमा रचित छ ।

**विषयवस्तु** : यस कवितामा राम्रो काम गर्ने सकारात्मक विचारले नै मान्छे असल बन्न सकिने कुरा वर्णन गरिएको छ । राम्रो काम गर्ने, पसिनाको फल खाने, सरल र साझा जीवन बाँच्ने, शुद्ध विचार भएको, समयको गति चिन्ने, विभेद नराख्ने, हामी भन्ने विचारले उन्नति प्रगतिमा लाग्न सकिने भाव व्यक्त गरिएको छ ।

**नीति चेतना** : राम्रो कसरी बन्न सकिन्छ भन्ने भावले मानव चरित्र निर्माणलाई जोड दिएको छ । असल विचारले नै असल नागरिक बनाउँछ भन्ने मूलभाव रहेको यो कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको पाइन्छ ।

**१०.२०. पछुतो**

**लय** : पछुतो यस सङ्ग्रहको बीसौँ कविता हो । पाँच श्लोकी यो कविता लोकलयमा रचित छ ।'गुराँस झुल्दै छ' मा सङ्कलित यो कविता पुनरावृत्ति भएको देखिन्छ ।

**१०.२१. डोजर**

**लय** :डोजर यस सङ्ग्रहको एक्काइसौँ कविता हो । यसमा चार श्लोक चौध हरफ छन् । यो झ्याउरे लयमा रचित छ ।

**विषयवस्तु** : यस कवितामा समाजमा भएका विकृतिजन्य कुरीति, भ्रष्टाचार निमूल पार्न डोजर चलाई गाउँलाई स्वच्छ, स्वस्थ, हराभरा पार्दै विकासबाटोमा अघि बढाउनुपर्ने भाव व्यक्त छ । विभेदको अन्त्य गरी विधिको शासन ल्याई देशलाई सुन्दर पार्ने कुरा गरिएको छ ।

**नीति चेतना** : सभ्य संस्कारयुक्त संस्कृतिलाई समयसापेक्ष परिमार्जनको चाहना व्यक्त भएको यो कविता नीति चेतनाको दृष्टिले सबल रहेको छ । आदर्श समाज निर्माणको लागि गर्नुपर्ने कुरा यसमा देखाइएको छ ।

**१०.२२. सरल**

**लय** : सरल यस सङ्ग्रहको बाइसौँ कविता हो । जम्मा छ श्लोकमा संरचित यो कविता लोकलयमा छ ।

**विषयवस्तु** : यस कवितामा मानव जीवनलाई असल बनाउन आवश्यक दैनिक व्यवहारमा अपनाउनुपर्ने आनीबानी प्रस्तुत छ । राम्रा किताब पढ्ने, जथाभावी नडुल्ने, अनावश्यक नबोल्ने, समयको गतिशीलतालाई बुझेर अघि बढ्ने, गल्ती सच्चाउने, राम्रो काम गर्नेको प्रशंसा गर्ने,जालझेल नगरी नियमानुसार चल्ने, स्वच्छ सफा रहने, जिज्ञासु भई, कर्तव्यपथमा अग्रसर हुनेजस्ता आनीबानीले असल बन्न सघाउने हुँदा सृष्टि नै राम्रो हुने कुरा बताइएको छ ।

**नीति चेतना** : असल कर्मले मानव जीवन सार्थक बन्ने र संसार सुन्दर हुने भाव व्यक्त यस कविताले आदर्श नागरिक बन्न चाहिने व्यावहारिक गुण चिनाएको यो कविता रमाइलो तरिकाले नीति सन्देशहरू प्रस्तुत गर्न सफल देखिन्छ ।

**१०.२३. मुनाल**

**लय** : मुनाल यस सङ्ग्रहको तेइसौँ कविता हो । सात श्लोकी यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा वातावरणको संरक्षण गरी प्राणीजगत्लाई स्वस्थ र पृथ्वीलाई हराभरा बनाउन आग्रह गरिएको छ । वनजङ्गल जोगाएमा सबैका लागि राम्रो हुने, घाँस दाउरा पर्याप्त पाइने, विभिन्न वन्यजन्तुको वासस्थान सुरक्षित रहने, स्वच्छ पानी पाइने, जीवन स्वस्थ्य हुने, बाढी पहिरो रोकिने, संसार सुन्दर हुने हुँदा विवेकी मानिसले यसतर्फ ध्यान दिनुपर्ने कुरा गरिएको छ ।

**नीति चेतना** : प्राणी जगतलाई स्वस्थ, स्वच्छ, हराभरा बनाई गोलाबारुद रोक्न अनुरोध गरिएको यस कविताले हिंसा अशान्तिको अन्त्य गरी विवेकशील बनेर अघि बढी वातावरण तथा प्रकृतिको संरक्षण गर्दै संसारलाई सुन्दर पार्ने आग्रह गरेकाले नीति सचेत छ । कविताका विचारहरू स्वच्छ, शान्त तथा आदर्श जीवन शैलीको पक्षमा छन् ।

**१०.२४. बालक**

**लय** : बालक यस सङ्ग्रहको चौबीसौँ कविता हो । चार श्लोकमा संरचित यो कविता लोकलयमा रहेको छ ।

**विषयवस्तु** :यस कविताको विषयवस्तु बालकहरूमा केन्द्रित छ । सडक बालकमाथि राखिने गलत दृष्टिकोण, त्यसलाई विषय बनाएर तारे होटलमा गरिने छलफल आदिले वास्तवमा सडक बालकका समस्या समाधान हुन नसकेको कुरा व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । सडक बालकका दुःख ज्युँका त्युँ रहेको तर धनीमानी र बुद्धिजीवी भनाउँदाहरूले मस्ती गरिरहेको यथार्थ कवितामा चित्रित छ ।

**नीति चेतना** :धनी र गरिबबिचको विभेद रहेसम्म समाजले अग्रगति लिन नसक्ने, विकृति र बेथितिको अन्त्य नभएसम्म सभ्य समाज बन्न नसक्ने यथार्थको उद्घाटन भएको यो कविता नीति सचेत कविता हो । कविताको अन्तर्वस्तु समानताले युक्त सभ्य समाज निर्माणमा केन्द्रित रहेको पाइन्छ ।

**१०.२५. जीवन**

**लय** : जीवन यस सङ्ग्रहको पच्चीसौँ कविता हो । आठ श्लोकमा संरचित यो कविता लोकलयमा छ । पहिलो र सत्रौँ कवितामा जस्तै यसमा पनि अन्त्यमा 'मुस्कुराउँछ' क्रियापदको पुरावृत्तिले कवितालाई अनुप्रासयुक्त गेय बनाएको छ ।

**विषयवस्तु** : यस कविताको मुख्य विषयवस्तु जीवन मुस्कुराउने आधारहरू प्रस्तुत गर्नुमा केन्द्रित छ । यसमा कलम, किताब, छिमेक, याम, आमा, बुबा, साथी, गुरु, पहाड, माछा, किसान, जनता, मौरी, स्वास्थ्य, भोक, सत्य, समाज, देश, जन, धर्ती, सान, युवा, घर, यात्रा, बाली, फल, हावा, कर्म, दिन, न्याय, मान्छे तथा जीवन मुस्कुराउने कारणहरू प्रस्तुत भएका छन् । जीवन मुस्कुराउनका लागि आनीबानी राम्रो हुनुपर्ने, कर्मवादी बनेर पाइला चाल्नुपर्ने, स्वार्थ मोहको त्याग गरी श्रममा रमाउँदै अभावको पीडा हटाउनुपर्ने, स्वस्थ जीवनशैली अपनाउनुपर्ने, खराब बानी त्याग्नु पर्ने, भद्र, कुशल बनी सत्मार्गमा लाग्नुपर्ने, मीठो बोल्नुपर्ने, विकास निर्माणमा लाग्नुपर्ने, समयसापेक्ष पौरखी बनी अघि बढ्नुपर्ने, दुःख समस्याबाट मुक्त बन्नका लागि न्याय, सत्य र समानताको पक्षमा लाग्नुपर्ने कुरा कवितामा प्रस्तुत गरिएको छ ।

**नीति चेतना** : न्याय, समानता, श्रम, सत्यप्रति निष्ठावान् बन्न सके जीवन मुस्कुराउने मुख्य भाव रहेको यस कवितामा आदर्श समाज र आदर्श जीवनको चाहना व्यक्त भएको पाइन्छ । अतः यो कविता नीति चेतनाका दृष्टिले अब्बल रहेको छ ।

**१०.२६. हजुर**

**लय** : हजुर यस सङ्ग्रहको छब्बीसौँ कविता हो । चार श्लोक रहेको यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा 'खाते'भनी अपहेलना गरिएका सडक बालकको दिनचर्या तथा पीडालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । अपहेलना, तिरस्कारले पीडित सडक बालकको मर्म प्रस्तुतिका क्रममा तीव्र व्यङ्ग्य समेत प्रस्तुत गरिएको पाइन्छ ।

**नीति चेतना** : सडक बालकका पीडा प्रस्तुतिका क्रममा मानवीय संवेदना धरापमा परेको अन्तर्भाव कविताले झल्काएको पाइन्छ । अतः मानवीय भावना जागृत गराई जीवनलाई दुःखबाट मुक्त बनाउनुपर्ने अप्रत्यक्ष भाव झल्काउन सफल यो कविता नीति सचेत छ भन्न सकिन्छ ।

**१०.२७. दोहोरी**

**लय** : दोहोरी यस सङ्ग्रहको सत्ताइसौँ कविता हो जुन अठार चरणमा प्रस्तुत छ । ग्रामीण लोकभाका टपक्क टिपिएको यो गीत दोहोरीको शैलीमा संरचित छ । यसमा 'तराई झुलेर, नेपाल चिनाउँछ डाँफे नाचेर' भन्ने रहनी रहेको छ ।

**विषयवस्तु** : यस कवितामा गणतन्त्रको प्रारम्भ भएको राष्ट्र नेपालमा गणतन्त्र लागु गर्नका लागि जिम्मेबार बनेर अगाडि बढ्नुपर्ने कुरा बडो मार्मिक ढङ्गले प्रस्तुत भएको छ । ऐन नियमहरू जनमुखी बनाई लोभ, मोह, स्वार्थ, छलकपट, अविश्वास, अलमल हटाउँदै जनइच्छालाई शिरोपर गरी एकताबद्ध भएर अगाडि बढेमा सफलता प्राप्त गर्न र नेपाली पहिचान जोगाउन सकिने कुरा प्रस्तुत गरिएको छ । राष्ट्रमा देखिएका राजनैतिक विकृतिप्रति व्यङ्ग्यभाव पनि देखिन्छ ।

**नीति चेतना** : आदर्श, सभ्य समाज, जनचाह अनुसारको समुन्नत राष्ट्रनिर्माणका लागि नागरिकको कर्तव्यबोध गराउने अभीष्ट नै कविताको मूलभाव रहेकाले कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको मान्न सकिन्छ ।

**१०.२८. मुहान**

**लय** : मुहान यस सङ्ग्रहको अठ्ठाइसौँ कविता हो । चार श्लोकी चौध हरफे यो कविता झ्याउरे लयमा संरचित छ ।

**विषयवस्तु** : नेपाली प्रकृति, संस्कृतिको सुन्दर चित्र प्रस्तुत यस कविताले पुर्खाको वीरता तथा योगदानको स्मरण गरेको छ । जनकले ज्ञान छरेको, बुद्धले शान्तिको बिगुल फुकेको नेपाल एक उर्वर भूमि तथा सभ्यताको केन्द्र रहेको, सपूतहरूको वीरता हुर्केको र मैत्रीभावयुक्त एकताले अघि बढाएको चर्चा गरिएको छ । यहाँको भौगोलिक, प्राकृतिक,सांस्कृतिक सम्पदाले नेपाललाई सिँगारेको कुरालाई पुर्खाले आर्जेको गौरवका रुपमा चर्चा गरिएको छ ।

**नीति चेतना :** पहिचान योग्य सभ्यता, संस्कृतिको जगेर्ना गरी राष्ट्रनिर्माण गर्ने पुर्खाको सम्मान गर्नुपर्ने मूलभाव रहेको कवितामा एकता र शान्तिको चाहना व्यक्त भएको छ । अतः नीति चेतनाका दृष्टिले यो कविता सबल छ ।

**१०.२९. लहर**

**लय** : लहर यस सङ्ग्रहको उनन्तीसौँ कविता हो । तीन श्लोकी दस हरफे यो कविता झ्याउरे लयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा राजनैतिक नेतृत्वमा रहेका व्यक्तिहरूलाई जनताको आवाज सुन्न आग्रह गरिएको छ । जालझेल र बार हटाई सिर्जना लहर चलाउन देऊ भन्ने अनुरोध छ । जनताको आवाज नसुने धपिनुपर्ने हुँदा घामलाई नछेक्न र काँडाको खेती नगर्न भनी व्यङ्ग्य प्रहार गरिएको छ ।

**नीति चेतना** : सत्कर्मप्रतिको निष्ठाभाव कवितामा देख्न सकिने हुँदा नीति चेतनाका दृष्टिले पनि कविता अब्बल छ भन्न सकिन्छ । जनताको चेतनाको लहर रोकेर रोक्न नसकिने भाव व्यक्त गर्दै सचेत नागरिक निर्माणको अभीष्ट समेत कवितामा रहेको छ ।

**१०.३०. तिहार**

**लय** : तिहार यस सङ्ग्रहको तीसौँ कविता हो । जम्मा चार श्लोकी यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा हिन्दुहरूको महान् चाड तिहारको वर्णन गरिएको छ। तिहारलाई उज्यालो छर्ने, उमङ्ग तथा मुस्कानको साझा पर्वको रूपमा लिइएको छ। मेलमिलापको भावनाले समृद्धिको उज्यालो छर्दै शान्ति फैलाउने यस पर्वलाई गाउँबेँसी सिँगार्ने तथा भाग्ने भगाउने रोगलाई छोडेर बस्ती हँसाउन आग्रह गरिएको छ। तिहारको अवसरले एकताभाव, सौहार्दता बढाई आलोक छर्ने विश्वास समेत गरिएको छ।

**नीति चेतना** : हिन्दु संस्कृतिभित्र पर्ने चाड तिहारलाई मैत्री तथा सद्भावको पर्वको रूपमा लिइएको छ। मैत्रीभावयुक्त यस कविताले सुन्दर समाज निर्माण गरी आत्मीयता बढाउने हुँदा यो कविता नीति सचेत छ भन्न सकिन्छ।

**१०.३१ वसन्त**

**लय** :वसन्त यस सङ्ग्रहको एकतीसौँ कविता हो। चार श्लोकमा संरचित यो कविता लोकलयमा छ।

**विषयवस्तु** :यस कवितामा वसन्तरूपी परिवर्तनको चाहना गरिएको छ। राष्ट्रको सकारात्मक परिवर्तन तथा राष्ट्रनिर्माणको चाहना व्यक्त भएको छ। समयको परिवर्तनसँग गाउँ गाउँमा विकासका लहर चल्नुपर्ने, अन्याय, अभाव, छुवाछुत हटाई समभाव राख्दै उद्यममा लाग्नुपर्ने, विज्ञान प्रविधिको प्रयोग गरी प्रकृतिका पाइला चाल्नुपर्ने, नीति नियममा चल्नुपर्ने कुरा गरिएको छ। यसका साथै अलमल हटाएर नेपाली कला, संस्कृति, भाषाभेष, भूगोलको चर्चा गरी एकताभाव व्यक्त गरिएको छ।

**नीति चेतना** : कला, संस्कृति, भाषाभेषको संरक्षण गर्दै न्याय तथा सदाचारले राष्ट्र निर्माण गर्न सकिने कुराको अभिव्यक्ति दिइएको यो कविता नीति चेतनाका दृष्टिले पनि सबल रहेको पुष्टि हुन्छ।

**१०.३२. गन्तव्य**

**लय** : गन्तव्य यस सङ्ग्रहको बत्तीसौँ कविता हो। जम्मा तीन श्लोकी दस हरफे यो कविता लोकलयमा संरचित छ।

**विषयवस्तु** : यस कविताले जीवन र जगत कसरी राम्रो बनाउन सकिन्छ भन्ने कुराको वकालत गरेको छ। हिमाल, पहाड, तराईको मेलले देश राम्रो हुन्छ भने मीठो बोल्ने, नयाँ कुरा सिक्ने, मन सफा राख्ने, राम्रा पुस्तक पढ्ने, काम गरी गन्तव्यमा पुग्ने तथा सादा जीवन उच्च विचारको भावना लिने गरेमा जीवन राम्रो हुन्छ भनिएको छ।

**नीति चेतना** : समयसापेक्ष कर्मशील जीवन शैलीकोउच्च विचारले सही गन्तव्यमा पुऱ्याउने भाव व्यक्त भएकाले कविता नीति सचेत रहेको छ।

**१०.३३. सफल**

**लय** : सफल यस सङ्ग्रहको तेत्तीसौँ कविता हो। जम्मा दस हरफे यो कविता लोकलयमा संरचित छ।

**विषयवस्तु** : यस कवितामा काम नै सबैभन्दा महत्वपूर्ण भएकाले राम्रो काम गर्नेको कदर हुने कुरा गरिएको छ। काम गर्ने गोरु, दूध दिने गाईलाई राम्रो व्यवहार गरी मीठो मीठो खान दिए जस्तै काम गर्ने मानिस असल तथा सफल बन्ने प्रसङ्ग उल्लेख छ। स्वस्थ बन्ने, मन लगाई पढ्ने शील स्वभाव भएको मानिसको सकारात्मक चिन्तनले नै राष्ट्र सिँगार्न सक्ने चर्चा गरिएको छ।

**नीति चेतना**: मानिसका असल बानी व्यवहारबाट सफल बन्न सकिने भावले कविता नीति चेतनाका दृष्टिले उल्लेख्य रहेको छ।

**१०.३४. आँगन**

**लय** : आँगन यस सङ्ग्रहको चौँतीसौँ कविता हो। पाँच श्लोकमा संरचित यो काविता लोकलयमा छ।

**विषयवस्तु** : यस कवितामा नेपाल आमाको काखमा जन्मेको बालकले आफ्नो भविष्यको सुन्दर कल्पनालाई आकांक्षा र अठोटका रूपमा व्यक्त गरेको प्रसङ्ग उल्लेख छ। पढीलेखी कर्मयोगी बन्ने, नौला सीप सिक्ने, भाषाभेषको संरक्षण गर्ने, पिरतीको फूल फुलाई आँगन सजाउने, जीवनका मर्म पहिल्याएर बाँच्ने, बाँडीचुँडी खाने, खुट्टा घोच्ने काँढा पर मिल्काउने, आमाको आज्ञा र आशीर्वाद शिरोपर गरी उच्च विचारका साथ सिर्जनकर्ममा अघि बढी सानले बाँच्ने अभिलाषा व्यक्त गरिएको छ।

**नीति चेतना** : ज्ञान सीपयुक्त सिर्जनशील, सकारात्मक जीवन शैलीद्वारा राष्ट्र सेवक बन्ने बालक अठोटपूर्ण अभिव्यक्तिले कविता नीति सचेत बनेको छ। सुसंस्कृत समाज र समुन्नत राष्ट्र निर्माणको कल्पना कवितामा पाइन्छ।

**१०.३५. हिम्मत**

**लय** : हिम्मत यस सङ्ग्रहको पैतीसौँ कविता हो। दस हरफे यो कविता लोकलयमा संरचित छ।

**विषयवस्तु** : यो कविता नेपाली जातिका विशेषताको वर्णनमा केन्द्रित छ। नेपालीहरू स्वाभिमानी भएकाले छलछाम, जालझेल नगर्ने, अन्यायमा नझुक्ने, कर्ममा तल्लीन हुने, आफ्नै पौरख खाने, अल्छी नगर्ने, चेतनाको ज्योति छर्ने, सधैँ अघि बढ्न खोज्ने, डाँडापाखा सजाउने, ज्ञानसीप जुटाई खाने, हिम्मत नहार्ने, न्याय गर्ने कुरा अभिव्यक्त गरिएको छ।

**नीति चेतना** : नेपालीजनको स्वाभिमानी चरित्रको उद्घाटन गर्न सफल यो कविता सभ्य, शिष्ट, परिश्रमी, आदर्श नागरिक बन्नका लागि चाहिने गुण तथा व्यवहारको वर्णन गर्न सफल हुनाले नीति चेतनायुक्त रहेको छ।

**१०.३६. चेतना**

**लय** : चेतना यस सङ्ग्रहको छत्तीसौँ कविता हो। चौध हरफमा संरचित यो कविता लोकलयमा छ।

**विषयवस्तु** : यस कवितामा नेपाली प्रकृति, संस्कृति, पौरख, एकता र नेपाली विशेषताको वर्णन पाइन्छ। अरनिको, बुद्ध जस्ता ज्ञानी जन्मेको देश स्वर्गजस्तै सुन्दर तथा उर्वर छ, जडीबुटीको खानी रहेको कुरा प्रस्तुत हुनुका साथै हिमाल, पहाड, तराई बीचको एकताले पौरखी नेपालीहरूको कीर्ति फैलिँनदै गएको कुरा बताइएको छ। नेपालीहरूको मेलमिलाप, कर्मशीलता न्याय गर्ने बानीले भोकरोग हटाई चेतनाको ज्योति बाल्दै देश उजेलिने सङ्केत गरिएको छ।

**नीति चेतना**: पौरखी बन्दै मेलमिलाप, एकताले न्यायको पक्षमा कीर्ति फैलाउन आग्रह गरिएको यस कवितामा अनुकरणीय नागरिक बनी राष्ट्रमा चेतनाको ज्योति छर्नसकिने सन्देशले गर्दा नीति चेतनाका दृष्टिले सशक्त छ।

**१०.३७. पत्रिका**

**लय** :पत्रिका यस सङ्ग्रको सैँतीसौँ कविता हो। जम्मा पाँच श्लोकी अठार हरफे यो कविता लोकलयमा संरचित छ।

**विषयवस्तु** : यो कविता पत्रपत्रिकाको विशेषता तथा महत्वको वर्णनमा केन्द्रित छ। रङ्गीचङ्गी चित्रयुक्त सामग्री  हेरुँहेरुँ लाग्ने, ज्ञानपूर्ण, समय समयमा निस्कने पत्रिकाले विज्ञान,संस्कृति, धर्मकर्म, मनोरञ्जन, खेलकुद, पर्यटन, राजनीतिक व्यवस्थासम्बन्धी सूचना, किसान, उद्योगीका कुरा गर्ने, शिक्षक, विद्यार्थीलाई सीप सिकाइदिने, विश्वभरकै घटनाको जानकारी दिने कुरा बताइएको छ। यस्ता पत्रिका पढ्ने बानीले सभ्यता र चलनमा दक्ष भइने, विभिन्न क्षेत्रको ज्ञान बढ्ने, विकास निर्माणका सूचना प्रवाह गरेर मानिसलाई योग्य बनाउने उपयोगी साथी भएकोलेपत्रिका पढ्ने बानी विकास गर्न उत्प्रेरित गरिएको छ।

**नीति चेतना** : विज्ञान, प्रविधि, संस्कृति, उन्नति, प्रगतिबारे पर्याप्त ज्ञान दिने पत्रिकाले मानिसलाई योग्य, सुसंस्कृत बनाउने चर्चा रहेको कविता नीति चेतनाका दृष्टिले सशक्त रहेको पाइन्छ।

**१०.३८. कोपिला**

**लय** : कोपिला यस सङ्ग्रहको अठतीसौँ कविता हो। जम्मा दस हरफे यो कविता लोकलयमा रचिएको छ।

**विषयवस्तु** :यस कवितामा कोपिलारूपी बालकको भविष्यप्रतिको आकाङ्क्षा अभिव्यक्त भएको छ। यसै क्रममा आजका कोपिला भोलिका फूल बन्ने, शिक्षा ज्योतिले गाउँमा रश्मि भर्ने, परिश्रमी बन्ने, सृष्टिको मुहान खोल्ने, शान्तिको विगुल फुकी सगरमाथा चुम्दै उन्नतिपथमा लागेर पौरख बचाइराख्ने, न्यायिक बत्तीले देशको छवि उज्यालो पार्ने सुन्दर इच्छाभाव व्यक्त गरिएको छ।

**नीति चेतना** : सचेत, सक्षम बनेर न्याय तथा पौरखको माध्यमबाट सिर्जनाले धर्ती सजाउने उत्कृष्ट बालेच्छाभाव व्यक्त प्रकट गरेकोले  कविता नीति सचेत छ।

**१०.३९. जाँगर**

**लय** : जाँगर यस सङ्ग्रहको उनान्चालीसौँ कविता हो। जम्मा चार श्लोकी यो कविता लोकलयमा संरचित छ।

**विषयवस्तु** : यस कवितामा किसानका जाँगरिला कृषिकर्मसँग सम्बन्धित विभिन्न पक्षहरूको वर्णन गरिएको छ। यसै सन्दर्भमा मिर्मिरेमा उठी न्यानो पाहार ताप्ने, गाउँ घुमी बीउ बिजन रोज्ने, ज्ञानसीप बटुल्ने, खेतबारी खन्ने, धर्तीसित खेल्दै पौरखी बन्ने, वर्षाभेल खेततिर डोऱ्याउने, अर्मपर्म गरी उब्जा बढाउने, परिश्रमले स्वाभिमानी बन्ने कुरा गरिएको छ। धानका पाँजा सुकाउने, दाइँ गरेर भकारी सजाउने, ढिकी चलाई नाङ्लाभरि चामल केलाउने, मनको पीर बिर्सेर वनभोजमा रमाउने, फूलको थुङ्गा टिपी कानमा सिउरिदिने, सारङ्गीको धुनसँगै मिठो गीतसँग पिरती माला गाँस्दै मयुरझैं नाच्ने इच्छाभाव प्रकट गरिएको छ। कृषिकर्मको सापेक्षतामा जीवनका सुन्दर पक्षहरूको बिम्बमय प्रस्तुति अत्यन्त आकर्षक रहेको पाइन्छ।

**नीति चेतना** : परिश्रममा रमाएका जाँगरिला किसानका व्यावहारिक इच्छाभाव

तथा दैनिकीसँग गाँसिएको यस कविताले पौरखी बनेर सार्थक जीवन जिउन उत्प्रेरित गरेको हुँदा नीति चेतनाका दृष्टिले पनि सशक्त लाग्छ ।

**१०.४०. साइत**

**लय** : साइत यस सङ्ग्रहको चालीसौँ कविता हो । जम्मा दस हरफे यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : यस कवितामा सत्यतामा टेकी पुर्खाको कुरा सुनाउने तथा एउटै जात नेपाली भएकोले भेदभाव मेटाएर अघि बढ्ने कुरा गरिएको छ । यसका लागि मनमा माया र तनमा जोस भरिदिन, कर्मको बाटो देखाई फुर्तीले गोडा चालिदिन, हावाको गति बढाइदिन, वन्यजन्तुको रक्षार्थ वनजङ्गल जोगाउन, गाँउबेँसीमा मोटर गुडाइदिन, धनको मोह छोड्दै जनभावना अनुरूप कर्मको साइत जुराइदिन र नौला सिर्जनाद्वारा आमाको मुहार हँसाउन आग्रह गरिएको छ ।

**नीति चेतना** :सत्मार्ग देखाई विकासलाई पछ्याउँदै समुन्नत राष्ट्रनिर्माणको भाव रहेको कविता नीति सचेत छ ।

**१०.४१. स्वागत**

**लय** :स्वागत यस सङ्ग्रहको एकचालीसौँ कविता हो । चार श्लोकमा संरचित यो कविता लोकलयमा संरचित छ ।

**विषयवस्तु** : नेपालको प्रकृति, कला, संस्कार-संस्कृति र नेपाली विशेषता उजागर गर्ने यो कविताले नेपाललाई विविधतामा एकता भएको सुन्दर, शान्त देशको रूपमा चिनाएको छ । डाँफे, मयुर नाच्ने सुन्दर देश नेपाल हरियालीयुक्त रहेको बताइएको छ । यहाँ अनेक थरी बाजा बज्ने, धेरै नदी भएको, थरीथरी अन्नपात उब्जा हुने, फूल फुल्ने, कृषिउद्योग, कलाकृतिले भरिएका विभिन्न मठमन्दिर, भाषाभेष भएको, हिमाल, पहाड, तराई मिलेको ठूला राष्ट्रको रूपमा नेपालको वर्णन गरिएको छ । यी सबै कुरामा विविधता हुँदाहुँदै पनि नेपालीपन, पौरखी प्रवृत्ति, राष्ट्रियताको भावनाले एक रहेको कुरा कवितामा प्रस्तुत भएको छ ।

**नीति चेतना** : राष्ट्रका अमूल्य कला, संस्कृति, संस्कार तथा सम्पदा र नेपालीपनमा केन्द्रित कविताले हाम्रा अनुपम मौलिक कला, संस्कृति जोगाइराख्न उत्प्रेरित गरेको देखिन्छ । अतः यो कविता नीति सचेत छ ।

**१०.४२. नेपाल**

**लय** :नेपाल यस सङ्ग्रहको बयालीसौँ कविता हो । जम्मा चौध हरफ रहेको यो कविता लोकलयमा रचिएको छ ।

**विषयवस्तु** : यस कवितामा नेपालका प्राकृतिक सम्पदा र तिनको महिमा गायन गरिएको छ । कोइलीको भाकामा नेपालगीत बनेको, डाँफे नाच्ने हिमाल सान बनेको, अन्नबाली झुल्ने तराई वास बनेको, कोसी टपुमा घुम्दा खुसी लाग्ने, मेचीकाली सुसाइदिँदा मादलताल दिने, उपत्यका पुग्दा झन् रमाइलो हुने कुरा उल्लेख छ । मृग खेल्ने, मयुर नाच्ने, गौँथलीले मीठो गीत गाउने सुन्दर फूलबारीका सन्तति नेपालीहरू लेकबेँसी अर्मपर्म गरी बस्ने हुँदा सुन्दरता झनै बढेको अभिव्यक्ति कवितामा रहेको छ ।

**नीति चेतना** : नेपाल तथा नेपालीपनको चित्रणमा केन्द्रित यस कविताले सहज सरल व्यावहारिक जीवनका विविध पक्ष समेटेको छ । एकता र सहयोगले जीवन सुन्दर हुने सङ्केत गरेको हुँदा यो कविता नीति सचेत छ भन्न सकिन्छ ।

**१०.४३. घाइते**

**लय** : 'घाइते' यस सङ्ग्रहको त्रिचालीसौँ अथवा अन्तिम कविता हो । यो छब्बिस हरफमा रचित छ । यस कवितामा मुक्त तथा लोकलय गरी मिश्रित किसिमको लय रहेको छ ।

**विषयवस्तु** : यस कवितामा विचार पक्ष प्रबल रहेकाले अलि जटिल बनेको पाइन्छ । मन सबै किसिमका व्यवहारको कारक रहेकोले मनकै कारण मान्छे सुखी, दुःखी बन्न सक्ने कुरा कवितामा रहेको छ । मन सानो, ठुलो, बन्द हुने, मन असल भए व्यवहार सप्रिने कुरा गरिएको छ । सानो मन हुँदा दुःख हुने हुँदा परिवर्तन हुनुपर्ने सङ्केत पनि छ । सानो विचारले आवेश छाउने तथा मन बरालिन सक्ने, आमाबुबा पनि शत्रुझैँ लाग्न थाल्ने हुँदा जीवन दुर्घटित भई घाइते बन्न सकिने प्रसङ्ग पनि कवितामा उल्लेख गरिएको छ । सधैँ हितभाव सोच्ने गुरु, बुबाआमाको विश्वास गर्नु पर्ने र दुःख दिन नहुने कुरा बतइएको छ । अभिभावकको विश्वास नगरी बरालिँदा जीवन फोहोरी हुने, विकृत बन्ने बिथोलिने हुँदा समयमै मनलाई बरालिन नदिई नियन्त्रण गर्नुपर्ने सन्देश कविताले प्रवाह गरेको छ । सुझबुझका साथ अघि बढ्न सकेमात्र जीवनले गति लिने र जीवन मगमगाउने अभिव्यक्ति निकै मार्मिक लाग्दछन् ।

**नीति चेतना** : सार्थक, सफल तथा असल आदर्श नागरिक बन्नका लागि आवश्यक सामाजिक व्यवहार तथा जीवन दर्शन प्रस्तुत भएको यो कविता नीति चेतनाका दृष्टिले उत्कृष्ट रहेको छ । यसले मानव जीवनलाई सार्थक र सफल बनाउन पर्याप्त मार्गदर्शन गरेको छ ।

**११. गुराँस झुल्दै छ बालगीत सङ्ग्रहको अध्ययन**

**परिचय** :गुराँस झुल्दै छ बाल साहित्यकार छायादत्त न्यौपानेको सचित्र बाल दोहोरी गीत सङ्ग्रह हो । विसं.२०६४मा प्रकाशित यस सङ्ग्रहमा फरक भाकाकमा जम्मा नौवटा बालगीतहरूसमेटिएका छन् । तीमध्ये सातवटा गीतहरू संवाद वा दोहोरीको शैलीमा संरचित छन् र अन्य दुई गीत भने संवादको शैलीमा छैनन् । यस कृतिमा रहेका विभिन्न शीर्षकका बाल गीतहरूलाई छुट्टाछुट्टै अध्ययन गर्ने प्रयास गरिएको छ ।

**११.१. गुराँसझुल्दै छः**

**लय** : 'गुराँस झुल्दै छ' कृतिभित्रको पहिलो बालगीत हो । कृतिको शीर्षक यसै गीतको शीर्षकबाट राखिएको छ । लोक भाकामा रचिएको गीत 'गुराँस झुल्दै छ, आऊ साथी लाऊ अघि मेसो मिल्दै छ' भन्ने रहनीलाई पुनरावृत्ति गर्दै बाह्र चरणमा प्रस्तुत छ ।

**विषयवस्तु** :यस गीतमा विविध विषयक भाव प्रस्तुत गरिएको छ । यसमा लोकप्रचलित विभिन्न उखानहरू प्रयोग गरिएको छ जुन बालकको व्यावहारिक जीवनका लागि अति उपयोगी छन् । जस्तै : खाने मुखलाई जुँगाले छेक्दैन, हत्केलाले घाम पनि रोक्दैन, सोझो औँला घिउ झिक्दै झिक्दैन, नबोल्नेको चामल नि बिक्दैन, जाने गाउँको बाटो सोध, मनको ढोका खोलेर बोल, मुसो भाग्छ भ्यागुतो मार खान्छ, बढी सोझो मौकामा ठगिन्छ, वनको बाघले हतपति खाँदैन, मनको बाघ पल्केसि छाड्दैन, नुनको सोझो धेरैले गर्दैनन् र जसले गर्छन् पछाडि पर्दैनन्, मूलको पानी खाएर सुक्दैन, बैगुनीलाई गुनले पुग्दैन, धानको बाला नझुकी पाक्दैन, असल मान्छे नचाहिँदो गर्दैन, महको रस हतपति सुक्दैन, सज्जनलाई लालचले छुँदैन आदि । यी विभिन्न उखानका माध्यमबाट बालकहरूलाई विभिन्न दृष्टान्त दिएर महत्त्वपूर्ण शिक्षा प्रदान गर्ने उद्देश्य राखेको पाइन्छ ।कुहिरो हटाई न्यानो घाम भेट्नुपर्ने, फटाहालाई लौराले खेद्नुपर्ने, फूलबारीमा पसिना पोखी बिरुवा रोपेर मीठो फल खानुपर्ने, सादा जीवन बाँचेर मनमा असल विचार साँच्दै जीवनोपयोगी सन्देशहरू प्रस्तुत गरिएको छ ।

यसै गरी सम्भावनाहरूलाई सानातिना कुराले छेक्न नसक्ने र अवसर मिलेको बेलामा त्यसलाई नगुमाई अघि बढ्नको लागि उत्प्रेरित गरिएको छ । मन नै दुःख र चिन्ताको कारक भएको कुरा सङ्केत गरिएको छ । आफ्नो जिम्मेवारी पूरा गर्न, असल कर्म गरी सफल हुन प्रेरित गरिएको छ । लोभ, लालच, स्वार्थजस्ता नीच भावनाले असल व्यक्तिलाई छुन नसक्ने हुँदा निस्वार्थ सेवाभावले युक्त चरित्रवान् बन्न अभिप्रेरित गरिएको छ । समाजबाटै दुर्गुण तथा नकारात्मक प्रवृत्ति हटाउनुपर्ने कुरा उल्लेख गरिएको छ । सादा जीवन उच्च विचार बाँचेर स्वावलम्बी बन्नआग्रह गरिएको यो गीत गहन भावयुक्त छ ।

**नीति चेतना** :बालकलाईविभिन्न उखानहरुको दृष्टान्त दिएर नैतिक आचरण सिकाउँदै कर्मशील बनाउने अभीष्ट रहेको यो बालगीत नीति चेतनाका दृष्टिले सशक्त छ । लोकलयले दिने सरलभावको जगेर्नामा प्रस्तुत गीतको विशेष महत्त्व रहेको पाइन्छ ।

**११.२. घर त बन्दीपुर**

**लय** :घर त बन्दीपुरयस सङ्ग्रहभित्रको दोस्रो गीत हो । घर त बन्दीपुर बोलको यो गीत आमा र छोराछोरी बिचको संवाद शैलीको लोकलयमा रचिएको छ । यस गीतमा आमा र छोराछोरीका छ–छ चरण गरी जम्मा बाह्र चरण छन् ।आमाको भाकामा 'घर त बन्दीपुर, नयाँ किताब खोजेर पढ भन्ने सुर' तथा छोराछोरीको भाकामा 'घर त बन्दीपुर, पढ्ने काम सकेर खेल्छौँ भन्ने सुर' लाई रहनीको रूपमा प्रस्तुत गरिएको छ ।

**विषयवस्तु** :यस गीतमा आमाका माध्यमबाट छोराछोरीलाई नयाँ किताब खोजी खाजी पढ्न, अबेर नगरी विद्यालय जान, स्वास्थ्यप्रति सचेत रहन, लोकसंस्कृतिको सम्मान गर्न, हरेक काममा सचेतता अपनाउन, समयको सदुपयोग गर्न, परिश्रमी बन्न, असल नागरिक बनी गाउँबेँसी सजाउन आह्वान गरिएको छ । पठन संस्कृतिको विकासका लागि समेत यस गीतले महत्त्व दिएको छ । छोराछोरीको माध्यमबाट पढाइलाई प्राथमिकतामा राखी खेललाई पनि महत्त्व दिने, समयमा स्कुल जाने, सफासुग्घर हुनेजस्ता असल बानी विकास गर्ने, घुम्ने, खेल्ने, पौडिने जस्ता सीप विकासमा अग्रसर हुने, असल मार्गलाई पछ्याउने, आपसी विश्वासका साथ ठुला ठुला काम गर्न सकिने, अभिभावकको इच्छालाई सम्मान गर्ने, सीपयुक्त सक्षम नागरिक बनी देशको सेवा गर्ने, फूलबारी जस्तो राष्ट्रलाई सबै मिली सजाउने कुरा अभिव्यक्त गरिएको छ । प्रतीकात्मक रूपमा यस गीतले विविधतामा एकता

भएको हाम्रो देश नेपाललाई रङ्गीचङ्गी फूलकोसुन्दर मालाजस्तै बनाउने कर्तव्य बालकको काँधमा छ भन्ने गहन भाव प्रस्तुत गरेको पाइन्छ ।

**नीति चेतना** :यस गीतमा छोराछोरीहरू अध्ययनशील, सीपयुक्त, देशप्रेमी, आत्मविश्वासी भई असल कर्मतर्फ अभिप्रेरित गरिएको छ । अभिभावकको भावना बुझेर आदर्श नागरिकबनून् बालकहरु भन्ने भावले गर्दा यो बाल गीत नीति सचेत बन्न पुगेको छ ।

**११.३. ढुङ्गेबगर :**

**लय** :ढुङ्गेबगर बालगीत सङ्ग्रहभित्रको तेस्रो गीत हो । लोकलयमा रचित यस गीतमा हिमाल र मैनाको दोहोरीलाई आठ चरणमा प्रस्तुत गरिएको छ । यसको रहनी 'ढुङ्गेबगर, सफा पानी खानु पर्छ फोहोर नगर' रहेको छ ।

**विषयवस्तु** :यस गीतमा प्राकृतिक वातावरण संरक्षणमा जुटे समस्त सबैलाई फाइदाहुने तकै राख्दै प्राकृतिक सम्पदाको महत्त्व प्रस्तुत गरिएको छ । परिश्रमी एकताभावद्वारा चालिने पौरखी पाइलाले देश सिँगार्छन् भनिएको छ । धरती सबैको साझा घर भएकाले यसको संरक्षणमा मिलेर जुट्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । हिमाल र मैनाजस्ता पात्रहरूको संवादात्मक अभिव्यक्तिले पर्याप्त मनोरञ्जन दिँदै देशप्रमी भाव व्यक्त गरी नागरिक दायित्व निर्वाह गर्न सबैसँग आग्रह गरिएको छ ।

**नीति चेतना** :यस बालगीतमा राष्ट्रलाई सिँगार्ने पौरखी देशप्रेमी नागरिक उत्पादन अभीष्ट राखिएको छ । यस दृष्टिले हेर्दा यस गीतले महत्त्वपूर्ण नीति सन्देश सम्प्रेषण गर्न सफल रहेको छ ।

**११.४. हिमाल चौँरीगाई :**

**लय** :गुराँस झुल्दै छ बालगीत सङ्ग्रहभित्रको चौथो गीत हिमाल चौँरीगाई हो । यसमा आमा र छोराको संवादात्मक शैलीमा चिठ्ठी र त्यसको प्रतिउत्तर प्रस्तुत गरिएको छ । दस चरणमा संरचित यस गीतमा आमाको भाकामा 'हिमाल चौँरीगाई, चिठ्ठीपत्र पठाउन नबिर्सनू है' र छोराको भाकामा 'हिमाल चौँरीगाई, चिठ्ठीपत्र पठाउन नबिर्सनुस् है' रहनी प्रयोग गरिएको छ । लोकलयमा रचित यो गीत दोहोरी भाकामा प्रस्तुत छ ।

**विषयवस्तु** :यस गीतमा पढ्नका लागि घर छोडी टाढा गएका छोरा र आमाबिच चिठ्ठीका माध्यमबाट खबर आदान प्रदान गरिएको मार्मिक प्रसङ्ग प्रस्तुत गरिएको छ । आमाको तर्फबाट हालखबर कस्तो छ भन्ने जिज्ञासासहित सन्तान टाढा हुँदाको पीडा अभिव्यक्त गरिएको छ । अर्कोतर्फ बिछोडको पीडा सहेर पनि राम्रो कामका लागि टाढा पठाउन विवश आमाको बेथा र धेरै पढेर गन्तव्य पहिल्याई गाउँ फर्केर माटाको आसिक लिनुपर्ने सन्देश प्रस्तुत छ ।

छोराको तर्फबाट हालखबर ठिक भएको, पढाइ राम्ररी चलिरहेकाले आमाले पीर नमान्नु भन्दै आफूले धेरै कुरा सिक्दै गरेको, गाउँघरको माया नमारेको, उचाइ ताकेर हिँडेको, आमाको आज्ञा शिरोपर गरेको कुरा व्यक्त गरिएको छ ।आमाछोराको संवादले परिवारका सदस्यबिचको सौहार्दता कायम राखी सम्मानभाव जनाएको पाइन्छ । गीत सहज नेपाली परिवेश अनुकूल अत्यन्त मार्मिक भाव सम्प्रेषण गर्न सफल छ ।

**नीति चेतना** : यस गीतमा वर्णित विषयवस्तुले आफ्ना छोराछोरीलाई असल, आदर्श र सफल नागरिक बनाउनका लागि चिन्तनशील अभिभावकको चासो र चिन्ता प्रस्तुत गरेको छ । सक्षम तथा आदर्श नागरिक बन्नका लागि प्रयासरत सन्तानको अवस्थालाई पनि बडो मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । यसरी गीतले बालकहरूलाई लगनशील र आदर्श नागरिक बन्न अभिप्रेरित गरेको हुँदा नीति सचेत रहेको देखिन्छ ।

**११.५.हिमाल चुचुरा :**

**लय** :गुराँस झुल्दै छ बालगीत सङ्ग्रहभित्रको पाँचौं गीत हो हिमाल चुचुरा । आठ चरणमा रचित यस गीतमा विद्या र सिर्जनाबिचको दोहोरी लयमा प्रस्तुत छ । गीतको रहनी 'हिमाल चुचुरा, खैंजडी मृदङ्गा बजाऊँ मुजुरा' रहेको छ ।

**विषयवस्तु** : दोहोरी गाएर रमाइलो गरेको, खेल्ने,घुम्ने कुरा सबैले गर्ने तर पढ्ने, लेख्ने कुरा कसैले नभन्ने, अरूको ख्याल कसैले नगर्ने, आफ्नो काममा भने कोही पछाडि नपर्ने, पढ्नेले राम्रो काम गर्ने, राम्रो बानी सिकेर असल मानिस बन्नुपर्ने, फूल फुलाएर अघि बढ्नुपर्ने, उन्नति गरेर हिमाल तराई सबैतिर पुग्नुपर्ने, बत्ती बालेर अँध्यारो हटाई सिर्जनाको नौलो फूल फुलाउनुपर्ने जस्ता महत्त्वपूर्ण भावले यो गीत सुशोभित छ ।

**नीति चेतना** : यस गीतमा विभिन्न विषयमार्फत् लोककला, लोकबाजाको संरक्षण गर्दै अघि बढ्ने कुरा पनि गरिएको छ । पढी लेखी राम्रो बानी सिक्न सकिने र असल मानव बनेर सिर्जनाका नौला फूल फुलाई समाजमा रहेका अन्धविश्वास, विकृति हटाउन सकिने महत्त्वपूर्ण सन्देश यस गीतमार्फत् प्रवाहित भएको छ । अतः लोकसंस्कृतिको संरक्षणतर्फ उन्मुख यो गीत नीति चेतनाका दृष्टिले सफल देखिन्छ ।

**११.६. वसन्तमा फूल :**

**लय** : गुराँस झुल्दै छ बालगीत सङ्ग्रहभित्रको छैटौं गीत वसन्तमा फूल हो । यस गीतमा दाइ र बहिनीबिचको संवाद दोहोरी लोकलयका दस चरण छन् ।यसमा दाइको भाकामा 'वसन्तमा फूल, मूलको पानी खाँदै जाऊ नगर है भुल' र बहिनीको भाकामा 'वसन्तमा फूल, स्वस्थ जीवन जिउनु छ छाड्दिनँ है मूल' रहनी रहेको छ ।

**विषयवस्तु** :दाइले बहिनीलाई असल बन्नका लागि मार्ग निर्देश गर्दै रमाएर बस्न, धुलोमैलो नखेल्न, ज्ञानसीप सिकेर असल बाटोतर्फ लाग्न, स्वस्थ जीवनयापनमा ध्यान दिन, गाउँबेसी घुम्न, आफ्नो काम आफैं गर्न, खाडलखुडल समतल पार्न, राम्रो बानी र असल विचार लिन र बेइमानीलाई लौराले लघार्न प्रेरित गरेका छन् । फूलबारीमा पुतली रमाए झैं विचार बुझे हृदय रसाउने कुरा गरिएको छ । यी विषयको प्रस्तुतिमा आफ्नो गाउँ, समाज मिलेर अघि बढ्न उत्साहित गर्ने किसिमको भाव व्यक्त गरिएको छ ।

**नीति चेतना** : यस गीतमा ढाँटछल गर्ने, ईर्ष्या गर्ने जस्तो नकारात्मक सोच हटाई स्वाभिमानी, स्वावलम्बी बन्ने विश्वास बहिनीले दिलाएकी छन् । यस गीतमा दाइ र बहिनीबिचको दोहोरीका माध्यमबाट गीतकारले स्वाभिमानी, आदर्श, स्वस्थ जीवननयापनका लागि आवश्यक महत्त्वपूर्ण नीति सन्देश प्रस्तुत गरेका छन् । दाइले बहिनीलाई उत्प्रेरित गरेका छन् भने बहिनीले पनि असल कर्ममा लाग्ने प्रतिबद्धता जाहेर गरेकी छन् । यसले गर्दा गीत बालकको व्यक्तित्व विकाससँगै असल चरित्र निर्माण गर्ने ध्येयले समेत कविता नीति चेतनामूलक बन्न पुगेको छ ।

**११.७. स्याबास छोरी :**

**लय** :गुराँस झुल्दै छ बालगीत सङ्ग्रहभित्रको सातौं गीत स्याबास छोरी हो । आमा र छोरीबिचको संवादको शैलीमा प्रस्तुत यो गीत सवाइ लयमा छ । आमाले छ चरण, छोरीले पाँच चरण र दुवैले संयुक्त रूपमा एक चरण गरी जम्मा बाह्र चरणको यस गीतमा आमा र छोरीबिच रहनी बिना नै सोझो संवाद प्रस्तुत गरिएको छ ।

**विषयवस्तु** :यस गीतमा आमाले छोरीको वर्णन गर्दै फुर्के जामा लाएर गौँथलीको भाकामा मीठो गीत गाउने सृष्टिको फूलजस्तै आदर्श हुन् छोरी भनेकी छन् भने छोरीको तर्फबाट आकाशजस्तै विशाल मनकी पौरखी आमा भनीउल्लेख गरिएको छ । यसैगरी छोरीलाई अत्यन्तै गम्भीर ढङ्गले सल्लाह दिँदै निर्मल मन र दूर दृष्टि राख्न, संस्कृति र संस्कारलाई विज्ञानसँग दाँज्न, लक्ष्यमा पुग्नका लागि हात चलाउन तथा पाइला उठाउन भनिएको छ । छोरी असल, कुरा बुझ्ने र कर्मशील भएकोमा गर्व पनि गरिएको छ । अँध्यारोमा बत्ती बनेर प्रकाश छर्न सक्ने छोरीले आमाको मन राखिदिएर साझा फूलबारीमा मीठा फल फलाई सेवन गर्ने कुरा व्यक्त गरेकी छन् । छोरीहरूप्रति सम्मान भाव प्रकट गर्नुका साथै पौरखी बन्न उत्प्रेरित गरिएको छ । यस गीतमा सृष्टिको सुन्दर फूल, विशाल हृदयकी धनी, आदर्श, कर्मशील नागरिकको प्रतीक छोरीलाई मानिएको छ ।

**नीति चेतना** :यस गीतमा निश्छल, निष्कपट भावनाले युक्त आजका सन्तानले हाम्रा राम्रा सभ्यता र संस्कारहरू पछ्याउँदै आवश्यक परिमार्जन समेत गर्नुपर्ने कुरा आमाछोरीको संवादमार्फत् प्रस्तुत गरिएको छ । आजका सन्ततिले हाम्रा परम्परा, संस्कृति र सभ्यतालाई विज्ञानसँग दाँजेर हेरी राम्रा संस्कारको अवलम्बन गर्नुपर्ने भाव व्यक्त गरिएको छ । हाम्रा असल परम्परालाई जोगाउँदै सृष्टिको सारलाई डोर्‍याउने छोरीको महिमालाई उच्च राख्नुपर्ने सङ्केत गरिएको हुँदा नैतिक मूल्य र मान्यताका दृष्टिले पनि यो गीत महत्त्वपूर्ण साबित भएको छ ।

**११.८. न्याउरी मारी पछुतो :**

**लय** : गुराँस झुल्दै छ बालगीत सङ्ग्रहभित्र न्याउरी मारी पछुतो शीर्षकको गीत आठौं गीत हो । पाँच श्लोकी यो गीत संवादात्मक नभई सोझो तरिकाले लोकलयमा प्रस्तुत गरिएको छ ।

**विषयवस्तु** : यो प्रकृतिको विनाशबाट हुने हानिर प्रकृतिबाट मिल्ने फाइदाको वर्णन गर्दै प्राकृतिक सम्पदा सबै मिलेर जोगाउनुपर्ने मूलभाव समेटिएको गीत हो । प्रकृतिप्रेम र राष्ट्रप्रेमको भाव जागृत गराउन पनि सफल छ । यसमा सबै उमेर समूहका मानिस मिलेर देशलाई भलो हुने काममा जुट्न आह्वान गरिएको छ ।

**नीति चेतना** :मानिस नियमानुसार चल्नुपर्ने, प्रकृतिको सदुपयोगमा सचेतता अपनाउन सकेमा न्याउरी मारी पछुतो भन्ने उखान चरितार्थ नहुने अभिव्यक्ति गीतमार्फत प्रस्तुत भएको छ । यसका अतिरिक्त छोराछोरी दुवै शिक्षित बन्नु पर्ने,

वातावरण बिग्रन दिन नहुने, व्यक्ति स्वार्थ त्यागी सबै जुटेर देश निर्माणमा लाग्नुपर्ने गहन सन्देश प्रवाह गरिएको छ । असल नागरिकका हैसियतले वातावरण जोगाउने कर्तव्य र जिम्मेवारी निभाउन आग्रह गरिएको यो गीत नीति सन्देश दिन सफल रहेको छ ।

**११.९. हिमाल चौँरीगाई :**

**लय :**गुराँस फुल्दै छ बालगीत सङ्ग्रहभित्रको हिमाल चौँरीगाई अन्तिम गीत हो । लोकलय र संवादात्मक शैलीमा रचित यस गीतमा दिदी र भाइबिचको दोहोरी लोकलयका बाह्र चरणमा प्रस्तुत छ । यस गीतको रहनी 'हिमाल चौँरीगाई, मनमा माया बसाऊ, कलम समाऊ है' रहेको छ ।

**विषयवस्तु :**दिदीले गाउँ छोडी लामो समयसम्म टाढा बसेको भाइको खबर बुझ्न खोजेको र भाइ पढाइमा लागिरहेको कुरा यस गीतमा व्यक्त गरिएको छ । पढी लेखी गाउँमै फर्केर विकृति, विसङ्गतिको विरुद्ध आवाज उठाउनआह्वान गरिएको छ । गाउँमा पनि चेतना बढ्दै गएको, गलत आचरण गर्नेलाई नियमानुसार कारवाही हुने गरेको र सुधारका काम भइरहेको कुरा भाइको अभिव्यक्तिबाट प्रष्ट पारिएको छ । यस कवितामा नियमपूर्वक सचेत भई असल कर्म मार्फत उन्मुक्ति, श्रमको सम्मान, देशप्रति दायित्वबोध व्यक्त गरिएको छ । दिदीले भाइलाई पढ्दै छौ कि जागिरमा लाग्यौ ? भन्ने जिज्ञासा प्रकट गरेकी छन् । पढिसकेर गाउँमा फर्की फटाहालाई ठेगान लाउनुपर्ने, राम्रो काम गरेर छलछाम सखाप पार्नुपर्ने, नीति नियम र इमानको रक्षा गरी गल्ती सच्याएर कर्तव्य निर्वाह गर्नुपर्ने, श्रम गरी योजना बनाउनुपर्ने, यस्तै राम्रा आसिक लिएर देश राम्रो चलाउनुपर्ने भाव व्यक्त गरिएको छ । भाइले आफू पढ्दै गरेकोले चिन्ता नगर्न आग्रह गर्दै नीति नियम बनेर भ्रष्टाचारनिर्मूल हुने आश्वासन दिएको छ । एक दिन जनताको कदर हुने विश्वासका साथ सही बाटो पछ्याउँदै गरेको कुरा समेत व्यक्त भएको छ ।

**नीति चेतना :** यस गीतमा समाजका विकृति विसङ्गति हटाई सभ्य सुसंस्कृत समाज निर्माणको अपेक्षा राखिएको छ । यसका लागि सुशिक्षित र सचेत जनताको आवश्यकता रहेको खुलासा गरिएको छ । कानुनको पालना गर्ने आदर्श नागरिकबाट नै सभ्य समाज निर्माण गर्न सकिने सन्देशयुक्त यो गीत समयसापेक्ष, सान्दर्भिक तथा नीतिसचेत छ ।

**४. निष्कर्ष :**

नेपाली साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा छायादत्त न्यौपाने विशेष रूपमा बाल साहित्यको विकास र विस्तारमा सिर्जनात्मक तथा प्रवर्धनात्मक दुवै क्षेत्रका सशक्त प्रतिभा हुनुहुन्छ । नेपाली बाल साहित्यका आख्यान, कविता, निबन्ध, नाटक, समालोचना आदि विधामा कलम चलाउने न्यौपानेका कविता कृतिहरूमा राष्ट्रप्रेम, प्रकृतिप्रेम, समाजप्रेम, संस्कृतिप्रेम, जातिप्रेम, राष्ट्रियता तथा मानवतावादी चिन्तन प्रचूर मात्रामा पाइन्छ । बाल रुचि, आवश्यकता तथा मनोविज्ञानलाई ध्यानमा राखेर सिर्जना गरिएका उहाँका कृतिहरूमा सरल भाषाशैलीको प्रयोग भएको छ । उहाँका रचनाहरू चित्ताकर्षक, पर्याप्त मनोरञ्जन दिनसक्ने तथा बालोपयोगी छन् । भाषा र विषयमा स्थानीय रङसमेत भेटिने उहाँका कृतिमा आएका उखानटुक्काको सान्दर्भिक प्रयोगले रचनालाई प्रवाहशील बनाउनुका साथै साङ्गीतिक, गेय तथा रोचक बनाएका छन् । हरेकजसो रचनामा अनुकरणीय भई आएको मानवव्यवहारले सिर्जनालाई आकर्षण दिएको पाइन्छ । असल, सबल, गुणी, ज्ञानी, सहयोगी, मिलनसार, श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, राष्ट्रभक्त,सार्थक जीवन जिउने कलायुक्त नागरिक निर्माणको अभीष्टले प्रेरित न्यौपानेका रचनाहरू नीति चेतनाका दृष्टिले पनि सशक्त रहेको पाइन्छ । लेखन यात्राको प्रारम्भिक चरणका रचनाको तुलनामा पछिल्लो चरणमा रचित कृतिहरू बाल उमेर, रुचि, मनोविज्ञान, तथा स्तरका दृष्टिले परिष्कृत हुँदै र सशक्त बन्दै आएका छन् ।

पहिलो चरणको कृति **कति राम्रो क**वर्णज्ञान दिलाउने उद्देश्यले भर्खर अक्षर चिन्ने उमेरका बालकका लागि तयार पारिएको भए तापनि कवितामा प्रयुक्त भावका दृष्टिले भने उत्तर बाल्यावस्थाका लागि उपयुक्त हुने देखिन्छ । यसमा प्रस्तुत शैली पनि बढी आदेशात्मक तथा उपदेशात्मक छ । सबै कविताहरूको पुनरावृत्ति भएको यस कृतिमा सुरुमा थोरै थोरै गर्दै कवितांश स्मरण गर्दै गएर अन्त्यमा पूर्ण कविता वाचनको अभ्यास गराउने लक्ष्य रहेको हुन सक्नेदेखिन्छ।पछिल्लो समयका कृतिहरूमा भने भावप्रस्तुति तथा शैलीमा निकै परिष्कार देख्न सकिन्छ जसले बालसाहित्यका सैद्धान्तिक मान्यतालाई सचेततापूर्वक पालना भएको समेत अनुभूति दिन्छ । बालकसँगको सामीप्य तथा दृढ साधनाको परिणाम नै स्तरीय कृतिहरू सिर्जना भएका हुन् अनुमान गर्न सकिन्छ ।

उहाँको **गुराँस फुल्दै छ** गीत सङ्ग्रहको लेखन शैली भने बिल्कुलै नयाँ खालको देखा पर्छ । विशेष गरी पश्चिम नेपालको ग्रामीण पाखापखेराका जनमानसमा निकै लोकप्रिय रहेको लोकभाका दोहोरीलाई टिपेर बालसुलभ तथा बालमनोविज्ञान अनुकूल हुने गरी पर्याप्त मनोरञ्जन समेत प्रदान गर्दै संवादका रूपमा प्रस्तुत गरिनु यस कृतिको प्रमुख विशेषता हो । नेपाली लोकलयलाई माध्यम बनाएर प्रस्तुत भएका यस सङ्ग्रहभित्रका गीतहरू आदर्श, नैतिक, चरित्रवान्, कर्मशील, स्वाभिमानी, प्रकृतिप्रेम, राष्ट्रप्रेम, अनुशासन, लगन, परिश्रम, सीपयुक्त नागरिक तयार पार्नका लागि अत्यन्तउपयोगी तथा व्यावहारिक सन्देश प्रवाहका दृष्टिले निकै सशक्त रहेका छन् ।लोकसंस्कृतिको जगेर्नाको दृष्टिले यो अत्यन्तै महत्वपूर्ण कृति बन्न पुगेको छ । यस किसिमको कृतिलाई नेपाली बाल साहित्यिक क्षेत्रकै नौलो प्रयोग हो भन्न सकिन्छ ।

कतिपय कृतिभित्रका कवितामा देखिएको पुनरावृत्तिलाई प्राविधिक कमजोरीको रूपमा लिन सकिन्छ । **धर्ती मुस्कुराउँछ** कृतिभित्रका केही कवितामा भावको पुनरावृत्ति भएको अनुभूति हुन्छ तथापि समग्रमा भन्नुपर्दा बाल सुलभ लोकलयमा रचिएका न्यौपानेका कृतिहरूमा सरल, सहज तथा रोचक भाषाशैलीको प्रयोग पाइन्छ । साथै विषय सन्दर्भको सचित्र वर्णन गरिनुले उहाँका कृतिहरू बालोपयोगी र सबल बनेका छन् ।नैतिक आदर्श तथा मानवीय संवेदनाद्वारा वैयक्तिक र सामाजिक जीवनलाई मार्ग दर्शन गरी सभ्य, सुसंस्कृत समाज निर्माणको मुख्य अभीष्ट बोकेका भावपूर्ण कृतिहरू नीति चेतनाका दृष्टिले समेत अत्यन्त अनुकरणीय तथा उत्कृष्ट छन् । आशा गरौं न्यौपानेमा देखिएको निरन्तर साधनाले नेपाली बालसाहित्यमा खड्केको अभाव पूरा गर्नका लागि महत्वपूर्ण योगदान पुग्ने नै छ । ◆◆

**सन्दर्भ सूची :**


अर्याल, मदनप्रसाद (२०७३ जेठ), **नीति (विदुर,चाणक्य र भर्तृहरि),** श्रीमती रमादेवी अर्याल, एभरेष्ट गीता निकेतन, बालाजु, काठमाडौँ

जोशी, कुमारबहादुर (२०५४), **पाश्चात्य साहित्यका प्रमुख वाद,** साझा प्रकाशन, काठमाडौं

त्रिपाठी वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,** साझा प्रकाशन, पुल्चोक

त्रिपाठी वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,** साझा प्रकाशन, पुल्चोक

नेपाल शैलेन्द्रप्रकाश (२०७३), **छायादत्त न्यौपानेको बाल कवित्व,** जनमत, साहित्यिक मासिक (वर्ष ३३, अङ्क : ५)

न्यौपाने, छायादत्त, **बाल साहित्यकार तेजप्रकाश श्रेष्ठ र उनको उपहार के दिने ? एकाङ्की,** (अप्रकाशित)

न्यौपाने, छायादत्त, (२०६३), **कति राम्रो क,** जम्को प्रकाशन प्रा. लि अनामनगर, काठमाडौं

न्यौपाने, छायादत्त, (२०६५), **मुनी पाठी करायो,** रुम टु रिड, काठमाडौं

न्यौपाने, छायादत्त, (२०६६), **टुर्रटुर्र कराउँछ,** सत्याल पब्लिकेसन प्रा.लि .डिल्लीबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०६९), **म खेल्छु,** रुम टु रिड, काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **गुराँस फुल्दै छ,** स्वदेश प्रकाशन प्रा.लि .बागबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **पुतलीको बिहे,** स्वदेश प्रकाशन प्रा.लि .बागबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **प्याँप्याँ भ्याँभ्याँ,** स्वदेश प्रकाशन प्रा.लि .बागबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **बाफसँग पानी,** स्वदेश प्रकाशन प्रा.लि .बागबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **केरै केरा,** स्वदेश प्रकाशन प्रा.लि बागबजार काठमाडौं

न्यौपाने, छायादत्त, (२०७०), **धर्ती मुस्कुराउँछ,** स्वदेश प्रकाशन प्रा.लि .बागबजार काठमाडौं

न्यौपाने, शिवशंकर,**मैले देखेको बगर**; भानु मासिक, वर्ष ५३, अङ्क १९९, मङ्सिर २०७३,पेज २१-२४

प्रधान, प्रमोद (२०६१ प्र.सं.), **नेपाली बाल साहित्यको इतिहास, काठमाडौं :** विवेक सिर्जनशील प्रकाशन

शर्मा, गोपीकृष्ण **बाटो बताउने नाती**; अग्निचक्र राष्ट्रिय मासिक, वर्ष ८,अङ्क७, पूर्णाङ्क ७७, चैत्र २०७३,पेज २७-३०

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०६३ दो.सं.), **पूर्वीय र पाश्चात्यसाहित्य सिद्धान्त, काठमाडौं** : विद्यार्थी प्रकाशन

श्रेष्ठ, ईश्वरकुमार (२०६२), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** ललितपुर : साझा प्रकाशन

सुवेदी, सीता, **गुराँस फुल्दै छ बालगीत सङ्ग्रहको नीतिपरक अध्ययन,** शब्दाङ्कुर, साहित्यप्रधान मासिक, वर्ष १५, अङ्क १२, पूर्णाङ्क १८०,असोज २०७३, पेज २७-३६

सुवेदी, सीता,**बाल साहित्यका सैद्धान्तिक मान्यताहरू**; भानु मासिक, वर्ष ५३,अङ्क १९९, मङ्सिर २०७३,पेज ६-२०



# सह्रानीय कार्यको थालनी

– मुक्तिनाथ शर्मा

काठमाडौं नयाँ बानेश्वर स्थित पञ्चकुमारी सामुदायिक भवनको सभाकक्षमा श्रीसरस्वती राजनारायण प्रतिष्ठान ब्रह्मपुरी २ सर्लाहीले आनन्दीदेवी सम्मान तथा पुरस्कार यहि २०७४ पौष २ गते प्रदान गरेको छ । सम्मान तथा पुरस्कार पाउने भाग्यमानी संस्था हुन्- 'गण्डकी सामाजिक गुठी बानेश्वर काठमाडौं र सर्वोदय सेवा आश्रम लामजुङ' । ती पुरस्कार प्रतिष्ठानका अध्यक्ष इन्जिनियर श्रीचन्द्रेश्वर प्रसाद रौनियारको सभापतित्व र सुप्रसिद्ध विद्वान् प्रा.डा.वासुदेव त्रिपाठीको प्रमुख आतिथ्यमा प्रदान गरिएको थियो । पुरस्कारमा सम्मानपत्र, जनकपुरको प्रख्यात जानकी मन्दिरको आकृति र एकाउन्न हजार रूपैयाँ रहेको छ ।

पुरस्कार प्राप्त संस्थामध्येको गण्डकी सामाजिक गुठी बानेश्वर काठमाडौं २०४७ सालमा स्थापना भई विधिवत जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई सुचारू रूपमा सञ्चालन हुँदै आएको र सर्वोदय सेवा आश्रम लमजुङ २०५९ साल श्रावण ८ गते व्यास जयन्ती गुरू पूर्णिमामा जिल्ला प्रशासन कार्यालय लमजुङमा दर्ता भई सुचारू रूपले कार्यरत रहेको देखिन आएको छ । यी दुवै संस्थाका आ-आफ्नै कार्य लक्ष्य तथा कार्यक्रम भएको पनि देखिन आएको छ ।



गण्डकी सामाजिक गुठी बानेश्वर काठमाडौं, गण्डकी अञ्चलको पारिवारिक पृष्ठभूमि भई काठमाडौं उपत्यकामा स्थायी बसोबास भएका समाजसेवी सज्जनहरूबाट आफ्नु पूर्व थलो गण्डकी अञ्चल र हाल बसोबास गरेको काठमाडौं उपत्यकामा यथाशक्य सामाजिक कार्य गर्न आफूलाई लगाउने उद्देश्यले स्थापित भई सोही अनुसार कार्य गर्दै आएको देखिएको छ । यो संस्थाका प्रमुख कार्यहरू हेर्दा यसले गण्डकीका गौरवका रूपमा राष्ट्रियस्तरमा ख्यातिप्राप्त गण्डकीका विद्वान् विदुषीहरूको सम्मान गर्ने, पुरस्कृत गर्ने, आपसी सुखदुःखमा सहयोग तथा सद्भाव राख्ने, जिल्लाको इतिहास निर्माण गरी दुरूस्त राख्ने र गण्डकी अञ्चलका विद्यालय तथा क्याम्पसमा पुस्तकालयको विकास, संरक्षण र प्रवर्द्धनका लागि पुस्तक प्रदान गर्ने गर्दै आएको देखिन आएको छ । साथै यसले जिल्लामा कवि गोष्ठी गरी नवोदित कविहरूलाई प्रोत्साहित गर्ने गरेको पनि देखिएको छ ।

अर्को पुरस्कृत संस्था हो- "सर्वोदय सेवा आश्रम लमजुङ" जो राइनास नगरपालिका धर्मनाथ धाममा रहेको छ । यो स्थान कर्मदा नदी अर्थात् मर्स्याङ्दी नदी किनारमा अवस्थित छ । "जीव, जीवन र जगतको रक्षाका लागि प्रकृतिमा फर्कौं" भन्ने मूल लक्षबाट पैरित यो संस्थाको कार्य लक्ष्य वा उद्देश्य व्यापक रहेको देखिएको छ । खास गरी निम्न अनुसारका उद्देश्य यो संस्थाका छन् :-

- स्वदेशी श्रम-श्रोत र प्रविधिमा उभिन सक्ने विविध दिगो विकासका सृजनात्मक र रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- प्रकृति र मानव बीच भएका सनातन अन्तरसम्बन्धका बारे जनचेतना जगाउनुका साथै नेपालमा र विश्वमा हुने प्रकृति विनासका कुनै पनि कार्यलाई रोक्न विश्व जनमत एवं सरोकार अभिवृद्धि गर्न आवश्यक कार्यहरू गर्ने ।
- कृषिसम्बन्धी आयमूलक कार्यका साथै मौरी पालन, गाईपालन, फलफूल खेती, जडीबुटी खोजीजस्ता रोजगारमूलक कार्यक्रमलाई प्राथमिकता दिनुका साथै अन्य सीप विकासका तालिम सञ्चालन गर्ने-गराउने ।
- प्राकृतिक-ऐतिहासिक , धार्मिक, सांस्कृतिक स्थानहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरी पर्यटन विकाससम्बन्धी कार्यहरू गर्ने ।
- वैदिक स्वास्थ्य विज्ञान (योग-प्राकृतिक, आयुर्वेद) आदिको सनातन

महत्वबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने साथै अनुसन्धान केन्द्र अस्पताल विद्यापीठ औषधी निर्माण आदि स्थापना र सञ्चालन गर्ने एवं शैक्षिक विकासका लागि विविध कार्यहरू गर्ने ।

- ग्रामीण भेगमा संगठित भएका समूह संगठनहरूको क्षमता विकास, नेतृत्व विकास र सम्बन्ध विकास गरी समूहहरूको संस्थागत विकासमा सहयोग पुऱ्याउने ।
- बालआश्रम,वृद्धाश्रमहरूको स्थापना गर्ने-गराउने । यी आश्रमहरूलाई केवल आश्रम स्थलमात्र नबनाई आश्रमबासीहरूको श्रम, सीप र अनुभवद्वारा सिर्जनशील कार्य गर्ने स्थलका रूपमा विकास गर्ने ।
- नमुना शहर, नमुना गाउँ अभियान, जडीबुटी  बचाउने र बीउ जोगाउने अभियान सञ्चालन गर्ने ।
- वातावरणमैत्री पूर्वाधार निर्माणका कार्यहरू गर्ने ।
- उद्देश्यसँग सहमत विभिन्न निकायहरूसंग दोहोरो सम्बन्ध स्थापना र सहयोग आदान प्रदान गर्ने ।

यस्ता पवित्र एवं महत्वपूर्ण उद्देश्य लिएर कार्यरत यो आश्रमले २०० रोपनी भन्दा बढि जमीन, १३ वटा भवन सहित विभिन्न सेवाकार्यमा आफूलाई लगाइरहेको देखिँदा यो संस्था नेपाल र नेपालीका लागि महत्वपूर्ण संस्था भएर रहेको पनि देखिन आएको छ ।

यस्ता महत्वपूर्ण संस्थाहरूलाई सम्मान तथा पुरस्कार अर्पण गर्ने संस्थाका विषयमा पनि अलिकति चर्चा गर्ने बेस होला । नेपाल राष्ट्रको सामाजिक आर्थिक एवं सांस्कृतिक तवरबाट पिछडिएका वर्ग,जनजाति एवं समुदायका मानिसहरूको सर्वाङ्गीण विकास, सम्बर्द्धन एवं प्रवर्द्धन गर्नु वा गराउनु प्रमुख उद्देश्य राखी सर्लाही जिल्लाका ब्रह्मपुरी गाउँका चार जना दाजुभाइ, विन्देश्वरप्रसाद गुप्ता, चन्द्रेश्वरप्रसाद रौनियार, रामेश्वरप्रसाद रौनियार र  प्रमोदकुमार गुप्ताले आफ्नी आमा स्वर्गीय सरस्वती देवी एवं पिता स्वर्गीय राजनारायणको नामबाट २०५२ सालमा यो संस्था दर्ता गराइ निर्धारित उद्देश्य अनुसार काम गर्दै आएको देखिन आयो । नेपाली, मैथिली, भोजपुरी आदि विभिन्न भाषाका साहित्यिक विकासका लागि मान-सम्मान एवं पुरस्कार दिँदै आएको र विद्यार्थी, कलाकार, पत्रकार आदिलाई पनि सम्मान एवं पुरस्कार दिँदै आएको देखिन्छ । यसै शिलशीलामा माथि उल्लेखित संस्थाहरू पनि पुरस्कृत एवं सम्मानित हुन पाएका संस्थाहरू हुन् ।




**चन्द्रेश्वरप्रसाद रौनियार** (अध्यक्ष)

नेपालमा अहिले विभिन्न विषयमा मान-सम्मान एवं पुरस्कार दिने संस्थाहरू प्रशस्त देखिन्छन् । बेला बेलामा पुरस्कार दिएका तथा लिएका समाचार सुन्नमा आउछन् । यदाकदा पुरस्कार दिँदा लिँदा राम्रो विचार नपुऱ्याइ दिने गरियो जस्ता कुरा पनि यदाकदा आउने गर्दछन् । तर सरस्वती राजनारायण प्रतिष्ठानले यो वर्ष माथि उल्लिखित संस्थाहरूलाई प्रदान गरेका यि दुइ मानसम्मान तथा पुरस्कारका विषयमा विद्वान्हरूले नयाँ तवरले व्याख्या वर्णन गरेको पाइयो । उनिहरूका भनाइ छन्- 'यो संस्थाले यस पटक यि संस्थालाई यसरी मानसम्मान तथा पुरस्कार प्रदान गरेर नेपालमा एउटा ठूलो काम गरेको छ ।' नेपालको राजनीतिले र सार्वजनिक संघसंस्थाले समेत मधेश र पहाडको बीच नचाहिँदो घेरा निर्माण गरी विभेद अपनाउने दुष्प्रयास गरिरहेको अवस्थामा मधेशमा स्थापना भई हुर्केको यो संस्थाले पहाडका संस्थालाई मानसम्मानका साथ पुरस्कार दिनु समाजमा नयाँ सकारात्मक सन्देश पस्कनु हो । हो, वास्तवमा यो अति महत्वपूर्ण विषय पनि हो ।




नेपाली राजनीति वा समाज नीतिमा यस्ता सकारात्मक कार्य गरिनु पर्दछ । यसको खास कारण के भने यो देश भोट, मधेश, पहाड, तराई आदि विविधता बोकेको सुन्दर देश हो । यहाँ रहे बसेका अनेक जात जातिले वा यसका बासिन्दाले सबै भूगोल जातजाति, समुदाय नारी तथा पुरूष सबैमा समान दृष्टि राखेर मेल मिलापका साथ देश विकासका कदममा हातेमालो गरेर बढ्ने  कार्यमा निरन्तर लाग्नु पर्दछ । जो जहाँ बसेको वा जुन जातिको भएपनि ऊ नेपाली हो र नेपाल उसको देश हो भन्ने सोचेर काम गर्नु पर्दछ । सरस्वती राजनारायण प्रतिष्ठानले यही मूल मन्त्रलाई आत्म साथ गरेर आफू मधेशमा जन्मेर पनि पहाडका  संस्थालाई पूजा गरेको छ । अब पहाडका संस्था पनि तराइ झर्नु पर्दछ भन्नेहरू समारोह स्थलमै भेटिएकै हुन् ।

यो लेखका लेखकलाई पनि यो विषयमा रमाइलो अनुभूति भएको हुँदा यो लेख लेख्न मनलागेको हो । यसको खास कारण अर्को पनि छ, त्यो के भने अहिले प्रायः बुढाबुढी बा आमाहरूले उचित सेवा,  पालन-तालन नपाइरहेको अवस्थामा सरस्वती राजनारायण प्रतिष्ठानले माता-पिताको मान-सम्मान एवं पालन-तालन गर्ने परम्पराको विकासको सन्देश पस्केको पाइएको छ । यसैले यो लेखको नाम पनि "सह्रानीय कार्यको थालनी " रहन गएको हो । अस्तु ।◆◆



# कामराजकीलितोद्धारोपनिषत्–२७

*अथोवाच कामराजम् । तदुपासनात् कुशलं लभेत् । श्रियं लभेत् । गुर्वी वाणी लभेत् । सर्वयुवतीनां प्रियो भवेत् । प्रथमं कामस्ततः शक्तिस्तदनु तुरीयं द्वावेतौ परैतानि पञ्चाक्षराणि भवन्ति । ततः शून्यं च द्वौ दिवाकरहरौ । तदनु गोत्रभून्माया । एतानि षडक्षराणि भवन्ति । ततश्चन्द्रः प्रजापतिशक्रौ । ततो माया । एतानि चतुरक्षराणि भवन्ति । आद्यं वाग्भवं द्वितीयं कामराजं तृतीयं शक्तिबीजं शुक्लं तरुणदिवाकराभं शशिकान्तं क्रमेण स्मरेत् । कफारादित्वात्कीलिता । कोटिजपात् सिद्धिदा भवेत् । सा वीर्यवती भवेत् । त्रैलोक्यं वशमानयेत् । पूजनाद्दौर्भाग्यनाशो भवेत् । जपात् सिद्धीश्वरो भवेत् । इति शिवम् ।*

*अथाद्यं शाम्भवं द्वितीयं शाक्तं चेति गुरुमुखात् ज्ञातव्यम् । अन्यथा शापमाप्नुयात् । उपासना द्विविधा । शाम्भवं शाक्तं चेति । एवं लोपनाल्लोपा । प्रथमं शम्भुचन्द्रौ । तदनु दिवाकरेन्दौ । ततः पराबीजं वाग्भवम् । तत कामराजं शिवचन्द्रकामशम्भुहरयः । पराबीजं शक्तिः । कामपरामध्ये देवराजमेतच्छक्तिकूटम् । एतेन पञ्चदशाक्षराणि भवन्ति । शम्भुप्रधानत्वाच्छाम्भवम् । पूर्णोऽहं शिवोऽ हमद्वैतरूपोऽहं नित्यानन्दरूपोऽहं इति स्मरेत् । नापि पूजायां ब्रतनियमः । सर्वदा जपं चरेत् । विनोदतः कामिनीमध्ये कामिनीदृष्ट्वा च सदानन्दरूपो भवेत् । दिव्याङ्ग-रागैदेहं भूषयेत् सुगन्धमाल्याम्बरालङ्काराद्यैः । मासाद्यैः शुद्धैः सुमधुरैर्भोजयेत् । मपञ्चकेन पूजा कार्या । सदा कौलिको भवेत । कुलाचारात् सर्वसिद्धीश्वरो भवेत । एकाकी शक्तियुक्तो भवेत् । मादनं भुक्त्वा शक्तिभुग्भवेत् । शक्तिचक्रं पूजयेत् । भोगेन मोक्षमाप्नुयात् । शक्तिहर्षोत्पादनाच्छक्तिः प्रीता भवति । इति शिवम् ।२। अथ वकुलैरर्चयेत् । रक्तपुष्पैरर्चयेत् । तदभावे जलैस्तदभाबे मानसीं भक्तिमाचरेत् । इति शिवम् ।३।*

*

अनि कामराजलाई भने -ॐ कामोपासन गर्नाले असल हुन्छ । श्रिय (श्रेय) पाउला । गहकिलो वाणी पाउला । सबै युवतीहरूको मनपर्ने होला । पहिलो काम, दोस्रो शक्ति, तेस्रो र चौथो यी दुवै तिनै दुई (काम र शक्ति) अनि मात्र पर पाचौं अक्षर हुन् । त्यसपछि शून्य र दुई सूर्य र हर हुन्छन् । अनि गोत्र अडाउने माया हो । यी यसरी षडक्षर बन्दछन् । त्यसपछि चन्द्र अनि प्रजापति र इन्द्र । त्यसपछि माया । यति चार अक्षर हुन्छन् । पहिलो वाग्भव, दोस्रो कामराज, तेस्रो शक्तिबीज, सेतो तरुण सूर्यको तेजवाला शशिकान्तलाई क्रमैसँग संझोस् क-फ नै आदिले गर्दा कीलित दूर (विहीन) हुन्छ होला । करोड जपे पनि सिद्धि मिल्ने छैन । जब काम-कला आदिको होला अनि पो त निष्कीलित हुनेछ । त्यो सिद्धिदायिनी हुनेछ । त्यो सिद्धिदायिनी हुनेछ । त्यो वीर्यवती हुनेछ । त्रिलोकैलाई वशमा पार्नेछ । पूजा गर्नाले दुर्भाग्य जति नासिनेछ । जप्नाले सिद्धीश्वर हुने.छ । यो शुभकल्याण हो ।

अनि पहिलो शाम्भव, दोस्रो शाक्त हो भनेर गुरुको मुख (वचन) बाट जान्नु पर्छ । नत्र भने सराप पाउनेछ । उपासना दुई प्रकारको हुन्छः शाम्भव र शक्ति भनिने । यसरी छोडिने चन्द्र हुन् । त्यसपछि तेस्रो पराबीज वाग्भव हो । त्यसपछि कामराजलाई शिव-चन्द्र-काम-शम्भु-हरिहरू हुन् । पारबीज शक्ति हो । काम र पारबीजको बीच (माझ) मा देवराजलाई यही शक्तिकूट हो । यसो गर्नाले पन्ध्र अक्षर हुन्छन् । शम्भु प्रधान हुनाले यो शाम्भव भनिन्छ । म पूर्ण हुँ, शिव हुँ अद्वैत रूप हुँ, नित्यानन्दरूप हुँ भन्ने यति संझोस् ! पूजामा व्रत नियम चाहिँ केही हुन्न । जहिले पनि जपै गरोस् ! विनोदसाथ कामिनीहरूका माझमा कामिनीलाई हेरेर सदानन्दरूपको बनोस् ! असल असल अंङ्गरागहरूले खूब सिँगारोस् ! 'म' पञ्चकले अर्थात् आदिम अक्षर 'म' भएका चीजले पूजा गर्नुपर्छ । सधैं कुलअनुसार हुनुपर्छ, कौलिक बनोस् ! कुलाचार गर्नाले सर्वसिद्धीश्वर बनोस् ! शक्तिचक्रलाई पुजोस् ! भोगले मोक्ष प्राप्त गरोस् ! पाउला नै । शक्ति र हर्ष उब्जाएर शक्तिलाई प्यारो गर्ने बन्छ । कल्याण यही हो । यसर्थ बकुलपुष्पले पुजोस् । रातो फूलले जपोस् ! त्यो नपाइए पानीले र त्यही पनि नपाइएमा मानसी भक्तिमात्र गरोस् ! यही कल्याण हो । अस्तु ॐ !

***

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३




www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती